# विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पुरुष पात्रहरूको भूमिका

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**

**पूर्णप्रसाद भट्ट**

शैक्षिक सत्र २०६६-२०६८
त्रि.वि. दर्ता नं. ६-१-१९-३०३-९९

नेपाली विभाग
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन
२०७२/२०१५

पूर्णप्रसाद भट्ट
२०७२/२०१५

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन

नेपाली विभाग

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी पूर्णप्रसाद भट्टले नेपाली एम.ए. दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पुरुष पात्रहरूको भूमिका** शीर्षकको यो शोधकार्य स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

प्रा.डा. नारायणप्रसाद खनाल ________________
विभागीय प्रमुख हस्ताक्षर

प्रा.डा. कुलप्रसाद ढुङ्गाना ________________
शोधनिर्देशक हस्ताक्षर

सहप्राध्यापक गोविन्दराज विनोदी ________________
बाह्य परीक्षक हस्ताक्षर

मिति : २०७२/०१/३१
१४ मई २०१५

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र पूर्णप्रसाद भट्टले **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पुरुष पात्रहरूको भूमिका** शीर्षकको शोधकार्य मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७२/०१/०७

२० अप्रिल २०१५

प्रा.डा. कुलप्रसाद ढुङ्गाना

**नेपाली विभाग**

**वीरेन्द्र बहुमुखी क्याम्पस**

भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पुरुष पात्रहरूको भूमिका** शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी र सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको हो । प्रस्तुत विषयमा शोधकार्य गर्न प्रेरित गरी शीर्षकको छनोट र स्वीकृति प्रदान गर्ने वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागका विभागीय प्रमुख प्रा.डा. नारायणप्रसाद खनाल, शोध प्रस्ताव र विश्लेषणको ढाँचा तयार पार्न सहयोग गर्ने विभागका सम्पूर्ण आदरणीय गुरुहरूप्रति सर्वप्रथम आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु प्रा. डा. कुलप्रसाद ढुङ्गानाको कुशल निर्देशनमा तयार पारेको हुँ । शोधका क्रममा आइपरेका समस्यासँग जुध्ने प्रेरणा दिई सही पथ प्रदर्शन गराउनु भएकोमा म उहाँप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यसैगरी मेरा श्रद्धेय पिता रेवतीप्रसाद भट्ट तथा माता टोमकुमारी भट्टप्रति कृतज्ञता प्रकट गर्दछु । साथै यस शोध कार्यको क्रममा विविध रूपबाट सहयोग गर्ने मेरी धर्मपत्नी राधिका अर्यालप्रति आभार व्यक्त गर्दछु । शोध कार्यको आवश्यक परिष्कार, परिमार्जन गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने सहपाठी मित्र रामकृष्ण भण्डारीप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । शोध लेखनलाई कम्प्युटर टङ्कनमा सहयोग गर्नुहुने युनिभर्सल कम्प्युटर, कीर्तिपुरका सुभाष खत्रीलाई धन्यवाद प्रदान गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग समक्ष पेस गर्दछु ।

मिति : २०७२/०१/०७

२० अप्रिल २०१५

..............................

**पूर्णप्रसाद भट्ट**
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

# सङ्क्षेपीकृत शब्दसूची

यस अध्ययन पत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अ.प्र. | अप्रकाशित |
| एम.ए. | मास्टर अफ आर्टस् |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नं. | नम्बर |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | पृष्ठ |
| वि.सं. | विक्रम संवत् |
| सम्पा. | सम्पादक |
| सा.प्र. | साझा प्रकाशन |

# विषयसूची

**परिच्छेद : एक**

**शोध परिचय**


| | |
|---|---|
| १.१ शोध शीर्षक | १ |
| १.२ विषय परिचय | १ |
| १.३ समस्याकथन | २ |
| १.४ शोधको उद्देश्य | ३ |
| १.५ पूर्वकार्यको विवरण र समीक्षा | ४ |
| १.६ शोधको औचित्य, महत्त्व र उपयोगिता | ११ |
| १.७ शोधको क्षेत्र र सीमा | ११ |
| १.८ शोधविधि | १२ |
| १.८.१ सामग्री सङ्कलन विधि | १२ |
| १.८.२ सामग्री विश्लेषण ढाँचा वा पद्धति | १२ |
| १.९ शोधपत्रको रूपरेखा | १३ |


**परिच्छेद : दुई**

**उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको उपन्यास यात्रा**


| | |
|---|---|
| २.१ विषय प्रवेश | १५ |
| २.२ कोइरालाको उपन्यासको काल विभाजन | १६ |
| २.३ निष्कर्ष | १७ |


**परिच्छेद : तीन**

**उपन्यासको पात्रविधानगत सिद्धान्त**


| | |
|---|---|
| ३.१ विषय प्रवेश | १८ |
| ३.२ पात्र विधानगत विश्लेषण चरित्रचित्रण | १८ |
| ३.३ निष्कर्ष | २३ |

## परिच्छेद : चार

## कोइरालाका उपन्यासमा पुरुष पात्रको विश्लेषण


४.१ विषय प्रवेश २४

४.२ तीनघुम्ती उपन्यासमा पुरुष पात्रको विश्लेषण २५

४.२.१ तीनघुम्ती उपन्यासमा प्रमुख पात्र २६

४.२.२ तीनघुम्ती उपन्यासमा सहायक पुरुष पात्र खलपात्र ३१

४.२.३ तीनघुम्ती उपन्यासमा गौण पात्र ३४

४.२.४ निष्कर्ष ३७

४.३ नरेन्द्रदाइ उपन्यासमा पुरुष पात्रको विश्लेषण ३८

४.३.१ नरेन्द्रदाइ उपन्यासमा प्रमुख पात्र ३९

४.३.२ नरेन्द्रदाइ उपन्यासमा सहायक पात्र ४२

४.३.३ नरेन्द्रदाइ उपन्यासमा गौण पात्र ४५

४.३.४ निष्कर्ष ४९

४.४ सुम्निमा उपान्यासमा पुरुष पात्रको विश्लेषण ४९

४.४.१ विषय प्रवेश ४९

४.४.२ सुम्निमा उपन्यासमा प्रमुख पुरुष पात्र ५०

४.४.३ सुम्निमा उपन्यासमा सहायक पुरुष पात्र ५५

४.४.४ सुम्निमा उपन्यासमा प्रयुक्त गौण पुरुष पात्र ५८

४.४.५ निष्कर्ष ६१

४.५ मोदिआइन उपन्यासमा पुरुष पात्रको विश्लेषण ६२

४.५.१ विषय प्रवेश ६२

४.५.२ मोदिआइन उपन्यासमा प्रमुख पुरुष पात्र ६३

४.५.३ मोदिआइन उपन्यासमा सहायक पुरुष पात्र ६५

४.५.४ मोदिआइन उपन्यासमा गौण पुरुष पात्र ६८

४.५.६ निष्कर्ष ७०

४.६ हिटलर र यहुदी उपन्यासमा पुरुष पात्र ७२

४.६.१ विषय परिचय ७२

४.६.२ हिटलर र यहुदी उपन्यासमा प्रमुख पुरुष पात्र ७३

४.६.३ हिटलर र यहुदी उपन्यासमा सहायक पुरुष पात्र ७६
४.६.४ हिटलर र यहुदी उपन्यासमा गौण पुरुष पात्र ७८
४.६.५ निष्कर्ष ८०
४.७ बाबु, आमा र छोरा उपन्यासमा पुरुष पात्रको विश्लेषण ८२
४.७.१ विषय प्रवेश ८२
४.७.२ बाबु, आमा र छोरा उपन्यासमा प्रमुख पुरुष पात्र ८३
४.७.३ बाबु, आमा र छोरा उपन्यासमा सहायक पुरुष पात्र ८५
४.७.४ बाबु, आमा र छोरा उपन्यासमा गौण पुरुष पात्र ८७
४.७.५ निष्कर्ष ८९

**परिच्छेद : पाँच**

**उपसंहार तथा निष्कर्ष**

५.१ उपसंहार ९२
५.२ निष्कर्ष ९३

**सन्दर्भग्रन्थसूची** ९९

# परिच्छेद : एक
# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोध कार्यको शीर्षक **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पुरुष पात्रहरूको भूमिका** रहेको छ ।

## १.२ विषय परिचय

विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) नेपाली साहित्यका बहुआयामिक व्यक्तित्व हुन् । राष्ट्रियता, प्रजातन्त्र र समाजवादका त्रिवेणी कोइरालाका सम्बद्ध क्षेत्रहरू साहित्य, राजनीति र समाजसेवा रहेको पाइन्छ । पछिल्लो जीवनयात्रामा साहित्यको सृजनाद्वारा लोकप्रिय बन्न पुगेका कोइरालाले नेपाली साहित्यको कथा र उपन्यासमा फ्रायडीय मनोविज्ञानलाई प्रवेश गराएका छन् । उनका कथा, कविता, संस्मरण, जीवनी, उपन्यास आदि विविध विधाका कृति प्रकाशित छन् । कोइराला 'चन्द्रवदन' (१९९२) कथा छपाएर नेपाली आख्यान विधामा प्रवेश गरेका हुन् तापनि उनको साहित्यिक लेखनको परिपक्वता र लोकप्रियताको विधा भने उपन्यास नै मानिन्छ । उनका **दोषी चश्मा** (२००२) र **श्वेतभैरवी** (२०३९) गरी दुईवटा कथासङ्ग्रह प्रकाशित छन् । त्यसैगरी **तीनघुम्ती** (२०२५), **नरेन्द्रदाइ** (२०२७), **सुम्निमा** (२०२७), **मोदीआइन** (२०३६), **हिटलर र यहुदी** (२०४०), **बाबु, आमा र छोरा** (२०४५) गरी जम्मा छ ओटा उपन्यास प्रकाशित छन् । उनलाई नेपाली आख्यानमा मनोविज्ञानका सूत्रपातकर्ताका रूपमा समेत चिनिन्छ । मानवका चेतन, अर्धचेतन र अचेतन तिनवटै मानसिक पक्षको सूक्ष्म अध्ययन विश्लेषण उनका कृतिमा भएको पाइन्छ । मानिसका मनका अन्तरकुनामा निहित इच्छा, चाहना, प्रेम, मोह, रतिभाव, यौनकुण्ठा, जिजीविषा, संवेग, आवेग, घृणा, त्रास एवम् संवेदनाहरूलाई चिरफार गरी तिनको खुला प्रकाशन गर्नुमा उनका औपन्यासिक कृतिहरूको वैशिष्ट्य मानिन्छ ।

उपन्यास एउटा गतिशील विधा हो जसमा मानव जीवनका सम्पूर्ण घटना, कार्य, अनुभव, सङ्घर्ष, सुख, दुःखजस्ता पक्षहरूको क्रमिक एवम् कलात्मक चित्रण हुन्छ । मानिस

स्वेच्छिक वा परतन्त्री रूपबाट विविध समस्या, विचलन, दुर्घटनामा फस्न पुग्दछ भन्ने सत्यता उपन्यासमा पाइन्छ । कोइरालाका उपन्यास तिनै विविध परिस्थिति र सङ्घर्षमा गुज्रिएका पात्रहरूको विसङ्गतिपूर्ण जीवनदर्शनमा आधारित रहेको छ । मानव जीवन सञ्चालनको महत्त्वपूर्ण निर्णायक तत्त्व मस्तिष्क र उसका इच्छा, आवश्यकताका अपरिहार्य तत्त्व यौन रहेको हुँदा तिनकै सहज आपूर्तिमा जीवन सुखमय र सरल हुन्छ अन्यथा दुःखदायी बन्दछ भन्ने तितो यथार्थ उनका उपन्यासको सार रहेको देखिन्छ । उनका उपन्यास कृतिहरूको विविध कोण र पक्षबाट विभिन्न समीक्षक, समालोचक, विश्लेषक, लेखक, अनुसन्धाताले अध्ययन विश्लेषण गरेको पाइन्छ । कोइरालाका उपन्यासहरू मूलतः नारी चरित्रकेन्द्री रहे पनि आंशिक रूपमा पुरुष चरित्रप्रधान देखिन्छन् । मानव मनोविज्ञान र विश्लेषणका दृष्टिले उनका उपन्यास कृतिहरू नेपाली साहित्यकै महत्त्वपूर्ण सिर्जना भएको हुँदा तिनको न्यायोचित अनुसन्धान, विश्लेषण हुनु स्वाभाविक मानिन्छ । उनका उपन्यासमा हालसम्म भएका शोध अध्ययन प्रायः नारी पक्ष र कृतिकै विश्लेषणमा सीमित रहेकोले पुरुष चरित्रको बारेमा खासै शोध विश्लेषण हुन नसकेको हुँदा तिनको पुरुषकेन्द्री कोणबाट अध्ययन हुनु आवश्यक ठहर्छ ।

## १.३ समस्याकथन

उपन्यासको अध्ययन विश्लेषण एवम् शोधकार्य आफैँमा जटिल र महत्त्वपूर्ण कार्य मानिन्छ । विविध पात्रको मनोविश्लेषण गर्नु र तिनका थुप्रै कार्य, भूमिका/प्रवृत्ति आदिका आधारमा उपन्यासको औचित्य र मूल्य निरूपण गर्नु समस्यामूलक विषय मानिन्छ । तदनुरूप कोइरालाका उपन्यासको कृतिपरक, विधापरक तथा चारित्रिक कोणबाट समेत शोध अध्ययन भए तापनि यसले सबै उपन्यासका चरित्र विश्लेषण गर्न भने सकेको पाइँदैन । नारीवादी अर्थात् नारी चरित्रका दृष्टिले उनका उपन्यासको जे जति अध्ययन विश्लेषण भए, तिनले पुरुष चरित्र र भूमिकाका बारेमा भने स्पष्ट विचार व्यक्त गरेका छैनन् । अतः प्रस्तुत शोध कार्यमा कोइरालाका उपन्यासमा पुरुष पात्रको कार्य, भूमिका र तिनको मूल्य के कस्तो रहेको छ भनी निश्चित गर्नु नै मूल समस्या हो । यसै समस्याको निर्देश गर्नु र तिनको समाधान गर्नुमा नै शोध्य समस्याको ध्येय रहेको छ । ती समस्याहरू निम्न लिखित छन् :

क)  विश्वेश्वरप्रसाद कोइरालाको उपन्यास यात्रा के कस्तो रहेको छ ?

ख)  उपन्यासको पात्रविधानगत सिद्धान्त के रहेको छ ?

ग)  उपन्यासकार कोइरालाको उपन्यासमा पुरुष पात्रको विश्लेषण के कसरी गर्न सकिन्छ ?

घ)  पुरुष पात्रको भूमिकाको आधारमा कोइरालाको औपन्यासिक कृतिको औचित्य के कस्तो रहेको छ ?

यिनै समस्याहरूको समाधान यस शोधपत्रमा गरिएको छ ।

## १.४ शोधको उद्देश्य

आधुनिक नेपाली उपन्यास परम्परामा छुट्टै पहिचान बोकेर उदाएका कोइराला आख्यानका सन्दर्भमा प्रथम मनोवैज्ञानिक उपन्यासकार हुन् । दर्शनदेखि लिएर यौन, मनोविज्ञान तथा सामाजिक सापेक्षतामा उनका उपन्यासहरूले खेलेको भूमिका विर्सन सकिँदैन । कोइरालाका उपन्यासहरूमा विविध पात्रहरूको फराकिलो संसार छ । नारी केन्द्रीय परिधिमा रहेका उपन्यासमा पुरुष पात्रले खोजेको भूमिका र जीवनदर्शन प्रशंसनीय छ । उनका उपन्यास कृति नारीप्रधान हुँदा हुँदै पनि पुरुष पात्रहरूको भिन्न र मौलिक इतिहास छ । नेपाली उपन्यासको सैद्धान्तिक मान्यताभित्र कोइरालाका उपन्यासमा पुरुष पात्रहरूलाई उभ्याएर पात्र चयनको औचित्य निर्धारण तथा पुरुष पात्रहरूको भूमिकाको खोजी गर्ने मूल उद्देश्य यो शोधकार्य गरिएको छ । प्रस्तुत शोधका उद्देश्य यसप्रकार रहेका छन् :

क)  विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक यात्रा पहिचान गर्नु,

ख)  उपन्यासको पात्रविधागत सिद्धान्त पत्ता लगाउनु,

ग)  उपन्यासकार कोइरालाको उपन्यासमा पुरुष पात्रको चारित्रिक विश्लेषण गर्नु,

घ)  पुरुष पात्रको भूमिकाको आधारमा कोइरालाको औपन्यासिक कृतिको औचित्य स्पष्ट पार्नु ।

यिनै उद्देश्यको परिपूर्ति यस शोधपत्रमा गरिएको छ ।

## १.५ पूर्वकार्यको विवरण र समीक्षा

शोधसम्बद्ध विषयका अन्य विविध पक्षमा यसअघि भएका अध्ययन, विश्लेषण, अनुसन्धान, लेखन टिप्पणी नै पूर्वकार्यको समीक्षा हो । अतः कोइरालाका उपन्यासका सन्दर्भमा यसअघि जे जति अध्ययन अनुसन्धान भएका छन् ती सबै पूर्वकार्यका प्रारूप हुन् । तिनको विवरण र समीक्षात्मक कार्यले शोधकार्यलाई सरल र स्पष्ट ढङ्गले मार्ग निर्देश गर्दछ । यसर्थ समालोचक तथा विश्लेषकहरूले विश्वेश्वरप्रसाद कोइरालालाई वर्तमान युग र युगभित्रको समाज, मानव संसार, संस्कृतिको गहन अन्वेषकका रूपमा विश्लेषण गरेको पाइन्छ ।

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा आधारित भएर नेपाली साहित्यमा विभिन्न अध्ययन अनुसन्धान भएका छन् । उनका उपन्यास कृतिमा मानव जीवन जगत्को यथार्थ प्रतिबिम्बित भएको हुँदा यसपूर्व विविध समालोचक, अध्येता, अनुसन्धाता, लेखक, प्रकाशक आदिले चर्चा र समीक्षा गरेका छन् । उनका उपन्यासमा 'द्वन्द्व विधान', 'अस्तित्ववादी चिन्तन', 'विचार पक्ष', 'मनोविज्ञान', 'कोइरालाका उपन्यासमा नारी पात्र', 'परिवेशविधान' आदि शीर्षकमा महत्त्वपूर्ण अनुसन्धान कार्यहरू भएका छन् । त्यस्तै मनोवैज्ञानिक परिवेश निरूपणका दृष्टिकोणले पनि केही महत्त्वपूर्ण कार्य भएका छन् । तर उनका उपन्यासमा प्रयुक्त पुरुष पात्रको भूमिकालाई मुख्य समस्या बनाएर अहिलेसम्म कुनै कार्यहरू भएका छैनन् । उपन्यासहरूको चर्चा गर्ने क्रममा प्रसङ्गवश मात्र पुरुष पात्रको चर्चा गरिएको छ । तिनै अध्ययनहरूलाई आधार मानी ती पूर्वकार्यको समीक्षात्मक विवरणलाई कालक्रमिक रूपमा यसप्रकार प्रस्तुत गरिएको छ :

केशवप्रसाद उपाध्यायले *तीनघुम्तीको परिक्रमा* शीर्षकमा **प्रगति** पत्रिकामा विश्वेश्वरप्रसाद कोइरालाको उपन्यासकारिताको चर्चा गर्ने क्रममा **तीनघुम्ती**को इन्द्रमायाप्रति व्यङ्ग्य गर्दै 'जो भर्खर व्रतमा एकनिष्ठ छु भन्थी र मनलाई नियन्त्रण गरेर आस्थालाई जीवित राख्नमा प्रयत्नरत थिई उसले आफ्नो आस्थालाई कसरी मरेकोदेखि' त्यो पाठकका लागि बोधगम्य भएन भनेका छन् (उपाध्याय, २०२७ : १३-१९) । उनको यो टिप्पणी नारी पात्रको सन्दर्भबाट गरिएको छ । उक्त टिप्पणी प्रस्तुत शोधमा सामान्य आधार बन्ने देखिन्छ ।

जयराज आचार्यले विश्वेश्वरप्रसाद कोइरालासँग लिएको "मौखिक अन्तर्वार्ताको सारांश" शीर्षकमा **प्रगति** पत्रिकामा लेख्छन् - विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू नारीप्रधान हुँदाहुँदै पनि पुरुषहरूको भूमिका खुलाउँदै विश्वेश्वरप्रसाद कोइरालाको आफ्नै भनाइ अनुसार 'जीवन विरोधाभासहरूको पुञ्ज हो, अतः एउटा मान्छेको जीवन सुरुदेखि अन्तसम्म केवल एउटै मान्यता र दर्शनमाथि आधारित रहन सक्दैन' भन्ने भाव व्यक्त गरेका छन् (आचार्य, २०३५ : १-५) । उनको यस अभिव्यक्तिलाई यस शोध कार्यका निम्ति सबल आधार मान्न सकिन्छ ।

कृष्णचन्द्रसिंह प्रधानले **नेपाली उपन्यास र उपन्यासकार** (२०३७) शीर्षकको समालोचना ग्रन्थको पृ.सं. ३३९ मा यौन मनोविश्लेषण र अस्तित्वको खोज विश्लेषणमा कोइरालाको ध्यान केन्द्रित रहेको छ भन्दै उपन्यासमा कोइरालाको **हिटलर र यहुदी** उपन्यासले दिएको सन्देशमा गीता पढेर मोक्ष प्राप्त गर्न खोज्ने धर्मानुरागीलाई मोदीआइनले नारी र पुरुषको अलौकिक प्रेम जीवनमा सकारात्मक र उज्यालो पक्षबाट हेर्ने प्रेरणा दिन्छ भन्ने धारणा प्रकट गरेका छन् । त्यस लेखमा लैङ्गिक रूपमा आवाज उठाइएको पाइँदैन तर नारीमा रहेको यौन चाहना र स्वतन्त्र अस्तित्वको खोजी देखाइएको छ । यसै गरी विश्वेश्वरप्रसाद कोइरालाले **तीनघुम्ती,** पारिजातको **शिरीषको फूल** आदि उपन्यासहरूमा रहेको स्वतन्त्र जीवनको खोजीलाई उठान गरिएको छ (प्रधान, २०३७ : ३३९) । यस समीक्षात्मक टिप्पणीमा नारी र पुरुष दुवै पात्रहरूको चारित्रिक विश्लेषण गरिएको छ । प्रधानको उक्त समीक्षा पात्र विधानका दृष्टिले पुरुष पात्र विश्लेषणमा सामान्य सहयोग पुग्ने देखिन्छ ।

दधिराज सुवेदीले विश्वेश्वरप्रसाद कोइराला स्मृतिग्रन्थ **बरगाछी** (पूर्णाङ्क ८, पृ. १६-१७) मा पुरुषहरूप्रति केही उदासीन देखिएका कोइरालाका सम्बन्धमा नेपाली समाजमा महिलाहरूको स्थान र मर्यादाको बारेमा गम्भीर विचार व्यक्त गर्ने कोइरालाको अन्तर्हृदय आफ्नो पहिलेको उपन्यासको तुलनामा कठोर र प्रतिगमनमुखी बन्न पुगेका कुरा बाबु, आमा र छोरा उपन्यासले पुष्टि गरेको छ । पारिजातको पछिल्लो चरण दुर्घटित भएजस्तै कोइरालाको पछिल्लो चरण दुर्घटित बनेको छ भन्ने भाव व्यक्त गरेका छन् (सुवेदी, २०४० : १६-१७) । उनको यो भनाइ पात्र विधानका दृष्टिले पुरुष पात्रको अध्ययनको निम्ति सामान्य आधार मान्न सकिन्छ ।

हरि पराजुलीले *मलाई जति परेसानी परे पनि पराजयको अनुभव कहिल्यै भएन* शीर्षकमा **बरगाछी** पत्रिकामा कोइरालाको भनाइलाई यसरी उद्धृत गरेका छन् - मैले मेरा उपन्यासहरुमा कथा भन्न खोजेको छैन । विचार दिन चाहेको छु । मेरा उपन्यासमा विषयको जुन झिनो रूप आएको छ, त्यो केवल व्यक्त गर्ने पृष्ठभूमि मात्र हो, धारणाको परिवेश मात्र हो (पराजुली, २०४० : ३४) । पराजुलीको उक्त अन्तर्वार्ता प्रस्तुत शोध अध्ययनको निम्ति साङ्केतिक आधार बन्न सक्दछ ।

ध्रुव भट्टराईले नेपाली **वाङ्मय समालोचना**मा 'नरेन्द्रदाइ उपन्यासको केन्द्रीय विषयवस्तु' शीर्षकमा आधुनिक नेपाली कथाका प्रथम निर्माताहरूमध्ये रतिरागलाई केन्द्रीय विषयवस्तु बनाई पृथक् पहिचान प्रदान गर्ने विश्वेश्वरप्रसाद कोइराला उपन्यास क्षेत्रमा पनि समान प्रकृतिका व्यक्तित्व हुन् भन्दै यौन र अस्तित्वको सवाललाई सँगसँगै उठाउने कोइरालाले समाजको निषेधको सीमाभित्र मानवीय तिर्सनाको अभिव्यक्ति दिएका छन् भन्ने धारणा राखेका छन् (भट्टराई, २०५५ : १२५) । प्रस्तुत समीक्षा कोइरालाका उपन्यासमा पुरुष पात्रको विश्लेषणका सन्दर्भसूचक सामग्री बन्ने देखिन्छ ।

विष्णुकुमारी शर्माले **नारी मनोविज्ञान तथा अस्तित्ववादको सन्दर्भमा विश्वेश्वरप्रसाद कोइरालाको साहित्य** पुस्तकमा *बाबु, आमा र छोरा उपन्यासमा नारीपात्रको विश्लेषण* शीर्षकमा लेख्छिन्- उमाले प्रेमिका र गृहिणी भएपछि बुझी, नारीको जीवनमा र पुरुषको जीवनमा प्रेमको रूप भिन्न भिन्न हुँदो रहेछ । नारीको जीवन पुरुष प्रेमबिना निस्सार हुन्छ । त्यसैकारण सदैव उसलाई पुरुष प्रेम चाहिन्छ । नारी अस्तित्वको आधार नै पुरुष हो, त्यसैले ऊ सृष्टि गर्छ । नारी कार्य मात्र गर्न सक्छे । नारी नियतिमा बाँधिएकी प्राणी हो । उसलाई नियति वा प्रारब्धले जता लान्छ उतै जानुपर्छ (शर्मा, २०४९ : १८१) । यो सन्दर्भ प्रस्तुत शोधकार्यमा मीथमा पुरुष पात्रको भूमिका विश्लेषण गर्न सहयोगी देखिन्छ ।

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति** शीर्षकको समालोचनात्मक ग्रन्थमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा रहेको पात्रहरूलाई प्रसङ्गवश चर्चा गरेका छन् । 'विसङ्गतिवादी परम्परा र नेपाली उपन्यास' शीर्षकमा चर्चा गर्ने क्रममा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासको चर्चा गर्दै उनले भनेका छन्- पारिजातकै अस्तित्ववादी-विसङ्गतिवादी परम्परामा आएका विश्वेश्वरप्रसाद नेपाली उपन्यास क्षेत्रमा सबल सष्ट्रामध्ये मानिन्छन् । विसङ्गतिपूर्ण क्षणलाई सङ्गतिका जोरजामबाट उपयोग गर्ने

प्रयास गरिने तथा निस्सारता र शून्यताबोधभित्र अस्तित्व पहिल्याउने प्रक्रिया यस समयमा उपन्यासमा भइरहेथ्यो । यसै परम्परालाई उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले ग्रहण गरेका छन् (सुवेदी, २०५३ : २७९-२८०) । सुवेदीको उक्त आशय यस शोधकार्यमा अस्तित्ववाद र विसङ्गतिवादको सापेक्षतामा पुरुष पात्रको चित्रण गर्न उपयुक्त मानिन्छ ।

मोहनराज शर्माले **समकालीन समालोचना : सिद्धान्त र प्रयोग** पुस्तकमा कार्ययोजना र पात्र बनोटको विश्लेषण गरेको पाइन्छ । कृतिमा लिङ्ग प्राकृतिक नभई समाज र संस्कृतिबाट पोषित स्वभाव र व्यवहारको रूपमा भेटिन्छ भन्दै पुरुषमा हुनुपर्ने गुण, निर्भयता, असङ्कोच तथा दह्रोपन जस्ता कुरा युवायुवतीमा रहेकाले उसलाई पुलिङ्ग बनाइएको कुरा प्रस्तुत गरेका छन् (शर्मा, २०५५ : १८२) । शर्माको उक्त अभिव्यक्ति यस शोधकार्यमा उपयुक्त मानिन्छ ।

इन्द्रबहादुर राईले **नेपाली उपन्यासका आधारहरू**मा कोइरालाका उपन्यासभित्रको विषयवस्तुको महत्त्वको सम्बन्धमा भनेका छन्- अनुभवभन्दा बाहिर पाउन सक्ने यथार्थ प्रतीकात्मक हुन्छ, सङ्केतजनित । त्यसैले उनका उपन्यासमा सत्य र असत्यको तराजुमा जोख्न नसकिने वृतान्तहरू छन् जसको महत्त्व पौराणिक र सङ्केतमय छ भन्ने धारणा राखेका छन् (राई, २०५६ : २७३) । राईको उक्त भनाइका आधारमा यस शोध कार्यमा पुरुष पात्रको भूमिका विश्लेषणका निम्ति केही आधार बन्ने देखिन्छ ।

कृष्णहरि बराल र नेत्र एटमले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**मा नारीवादी धाराको सैद्धान्तिक पृष्ठभूमि दर्साउँदै लिङ्गभेद अन्तर्गत शरीर रचना, अनुभव, अचेतन, सङ्कथन र सामाजिक, आर्थिक अवस्थाहरू जिम्मेवार रहन्छन् भन्ने धारणा राखेका छन् (बराल र नेत्र एटम, २०५६ : २२२) । बराल र एटमको उक्त अभिव्यक्ति प्रस्तुत अध्ययनमा सामान्य साङ्केतिक आधार बन्न सक्ने देखिन्छ ।

तारानाथ शर्माले **नेपाली साहित्यको इतिहास अक्षर प्रकाशन संशोधित परिशोधन**मा कोइरालाको उपन्यास लेखनशैलीमाथि प्रस्ट पार्दै विश्वेश्वरप्रसाद कोइराला नेपाली उपन्यासका क्षेत्रमा मनोविज्ञान र दर्शनलाई कलात्मकताका साथ प्रस्तुत गर्ने प्रमुख प्रतिभा हुन् । उनका ६ वटा उपन्यास छन् । ती उपन्यासमा उनले अनेकौं प्रयोगहरू गरेका छन् र वैचारिकतालाई कलात्मक आवरण दिई आफ्नो औपचारिक यात्रालाई अघि बढाएका छन् भन्ने विचार प्रस्तुत गरेका छन् (शर्मा, २०५६ : २०४) । उनको उक्त समीक्षा कोइरालाका

उपन्यासको मनोविश्लेषणमा केन्द्रित भए तापनि तिनको सच्चा उद्‌घाटन पात्रहरूबाटै हुने भएकोले पुरुष पात्रको अध्ययनका निम्ति यो समीक्षा उपयोगी सामग्री बन्न सक्दछ ।

तारानाथ शर्माले **नेपाली साहित्यको इतिहास**मा कोइरालाको उपन्यासहरूप्रति विश्लेषण गर्दै एउटा नयाँ सन्देश दिएका छन् जसअनुरूप **तीनघुम्ती**मा मानव अस्तित्वलाई यौनिक प्रेमको आधारमा, **मोदीआइन, हिटलर र यहुदी**मा दार्शनिक आधारमा, **नरेन्द्रदाइ**लाई यौनको चाञ्चल्य प्रदर्शन नभई सूक्ष्म अभिव्यक्तिको रूपमा प्रस्तुत गरेका छन् (शर्मा, २०५६ : २४०) । शर्माको उक्त विश्लेषण यस शोधको सन्दर्भमा पुरुष पात्रको मनोविश्लेषण र तिनको कार्य भूमिकाका दृष्टिले महत्त्वपूर्ण आधार मान्न सकिन्छ ।

भूपति ढकाल 'कमल' ले **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा विचार पक्ष** नामक पुस्तकमा लेख्छन् - कोइरालाले आफ्ना छवटै उपयासहरूमा विभिन्न पात्रहरूको माध्यमबाट तिनको चरित्र चित्रण गर्दा यौन पक्ष मानवजीवनको महत्त्वपूर्ण पक्ष हो भन्ने कुरामा जोड दिएका छन् किनभने समाजले हेय र तुच्छ मानिएको लोग्नेमान्छे र स्वास्नी मान्छे बिचको त्यस सामाजिक रूपको आकर्षण एवम् आवश्यकता जस्तो कुरामा बन्धन लगाएकै कारणले यौन विकृतिले धेरैको घर सोमदत्त, इन्द्रमाया र नरेन्द्रको जस्तै भएर बिग्रेको छ (ढकाल, २०५६ : ३४४) । पात्रहरूको चरित्र चित्रण गरिएको उक्त समीक्षा पनि उक्त शोधकार्यमा उपयोगी देखिन्छ ।

खेमनाथ कोइरालाले **सम्प्रेषण** २०६२ को अङ्क १५ मा *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासका मनोविश्लेषणात्मक प्रविधि/पद्धति* शीर्षकमा लेख्छन्- कोइरालाले उपन्यासमा चरित्र चित्रणलाई महत्त्व दिँदै मनोविज्ञान शिल्प, प्रविधि अपनाउँदै अचेतन र चेतन मन बिचको द्वन्द्व देखाएका छन् । उनका उपन्यासहरू आत्मपरक र स्मृतिमूलक छन् (कोइराला, २०६२ : १०-१५) भन्ने धारणा व्यक्त गरेका छन् । कोइरालाको यो विचार प्रस्तुत शोधकार्यमा पुरुष पात्रको भूमिका विश्लेषण गर्नमा सहयोगी देखिन्छ ।

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति** पुस्तकको दोस्रो संस्करणमा लेख्छन्- विश्वेश्वरप्रसादका औपन्यासिक मान्यताहरूलाई समाजले युगौँको मेहनत खर्च गरेको, संस्कृतिको मान्यता प्रदान गरेको र परम्पराले आत्मसात् गरेका जीवन चर्यालाई तथा वर्तमान परिवेशभित्रका यथार्थताका आत्मगत मूल्यलाई स्थापित गर्न र उपयोग गर्न कोइराला सफल देखिएका छन् (सुवेदी, २०५६ : ३२३) । सुवेदीको उक्त टिप्पणी प्रस्तुत अध्ययनको निम्ति एउटा साङ्केतिक आधार सामग्री मात्र बन्न सक्दछ । पात्रहरूको भूमिका

खासै उल्लेख नगरिएको यस समीक्षामा नारी र पुरुष दुवै चरित्रको सामान्य सङ्केत मात्र भेट्टाउन सकिन्छ । तसर्थ उक्त समीक्षा प्रस्तुत शोधका सन्दर्भमा अपूर्ण नै भएसम्म केही सहयोगी मान्न सकिन्छ ।

कृष्णचन्द्रसिंह प्रधानले **नेपाली उपन्यास र उपन्यासकार** नामक समालोचनात्मक ग्रन्थमा विश्वेश्वरप्रसाद कोइरालाको चर्चा गर्दै भनेका छन् - विश्वेश्वरप्रसाद प्रायः असामान्य र अद्भुत चरित्र तथा घटनालाई औपन्यासिकता दिने गर्छन् । कसैसित घटनालाई औपन्यासिकता दिने गर्छन् । कसैसित नमिल्ने संश्लिष्ट जीवन विश्लेषित हुने अभिनव प्रस्तुतिमा निजी वैशिष्ट्य सहित व्यक्तिन्छन् (प्रधान, २०५२ : ३८०) । कोइरालाको उपन्यासमा प्रयुक्त पुरुष पात्रको विश्लेषणार्थ यो सन्दर्भ सहयोगी देखिन्छ ।

कृष्णहरि बराल र नेत्र एटमले **नेपाली कथा र उपन्यास**मा विश्वेश्वरप्रसाद कोइरालाको **नरेन्द्रदाइ** उपन्यासको सङ्क्षिप्त विश्लेषण गर्ने क्रममा लेखेका छन् - मनोविश्लेषणात्मक यथार्थवादी परिपाटी अँगालेर कोइरालाले आफ्ना सबै उपन्यासमा चरित्रको सबल चित्रण गरेका छन् । उनका उपन्यासमा व्यक्तिको अचेतनतालाई प्रकट गर्दा असामान्य स्थितिको समेत सिर्जना भएको देखिन्छ तर त्यो यथार्थकै हाँगो समातेर आएको हुन्छ । विचारलाई प्रधानता दिने यिनका पात्रहरू चिन्तक र बौद्धिक छन् (बराल र एटम, २०५८ : २२२) । यो सन्दर्भ पनि प्रस्तुत शोध विश्लेषणका लागि महत्त्वपूर्ण हुने देखिन्छ ।

तिलमाया श्रेष्ठले त्रि.वि.शिक्षाशास्त्र सङ्काय नेपाली भाषा विभाग अन्तर्गत **तीनघुम्ती उपन्यासको लैङ्गिक अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न गरेकी छन् । उक्त अध्ययन **तीनघुम्ती** उपन्यासको लैङ्गिक अवस्था पत्ता लगाउनु, उपन्यासमा समाविष्ट महिला र पुरुषको लैङ्गिक भूमिकाको चित्रण गर्नु, विचारपरक, चरित्रपरक र भाषापरक अध्ययन गर्नु, लैङ्गिक चेतनाको विश्लेषण गर्नु तथा **तीनघुम्ती** मा निर्दिष्ट पद्धतिको लेखाजोखा एवम् सुझाव प्रदान गर्नु जस्ता उद्देश्यमा केन्द्रित छ (श्रेष्ठ, २०६७ : ५७) । श्रेष्ठको उक्त शोधकार्य प्रस्तुत शोध अध्ययनको निम्ति एउटा महत्त्वपूर्ण आधार सामग्री बन्ने देखिन्छ ।

दुर्गाबहादुर घर्तीले **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्र विधान**मा उपन्यासको पात्र विश्लेषण गर्दै लेख्छन्, सोमदत्तमा पुरुषपन प्रबल रहेको छ । बाल्यावस्थादेखि नै उसले सङ्कोच मान्ने गरेको देखिँदैन । ऊ सुम्निमासँग सुदृढ तर्क र

बहस गर्दछ, अन्य व्यक्ति र आफ्नै इच्छासँग पनि परास्त हुन चाहँदैन । आफ्ना विचारबाट भुकाउन खोज्ने, इच्छाहरूलाई दमन गर्न ऊ कठोर तपस्या गर्दछ । उसको चाहनालाई लत्याउने पुलोमासँग पतित्त्वको दाबी गर्दै कटुवचनद्वारा आक्रमण गर्दछ । यस्ता क्रियाकलापबाट उसका पुरुषपन प्रबल रहेको स्पष्ट हुन्छ (घर्ती, २०६७ : ३०६) । यो विश्लेषण पनि यस शोधकार्यमा सहयोग हुने देखिन्छ ।

कृष्णप्रसाद सापकोटाले **रजस्थल** विश्वेश्वरप्रसाद कोइराला विशेषाङ्क २०७१ असोज अङ्कमा *तीनघुम्ती उपन्यासको सांस्कृतिक अध्ययन* शीर्षकमा लेख्छन्- नेपाली समाजमा नारीहरू आफ्ना इच्छाले कुनै पनि कार्य गर्न पाउँदैनन् । पितृसतात्मक सोच बोकेका पुरुषहरूले उनीहरूलाई कुनै न कुनै रूपले तल पार्ने गर्छन् । यतिसम्म कि उनीहरूले आफ्नो दिल खोलेर राम्रोसँग बोल्न र हाँस्न समेत पाउँदैनन् (सापकोटा, २०७१ : ५९) । नारीपात्रको सापेक्षतामा पुरुष पात्रलाई समेत यस विश्लेषणमा समेटिएकाले प्रस्तुत शोधकार्यमा यस सन्दर्भ उपयोगी हुने देखिन्छ ।

यी बाहेक विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पुरुष पात्रको भूमिका अन्तर्गत रहेर कार्यहरू भएका छैनन् । यसरी समग्र वा आंशिक रूपमा रहेर छिटपुट कार्य मात्र भएका र ती समीक्षात्मक कार्यहरू आफैँमा अपूर्ण रहेका देखिन्छन् । अतः कोइरालाका उपन्यासमा निहित पुरुष पात्रको विश्लेषण पूर्ण रूपमा हुन सकेको देखिँदैन । यद्यपि उल्लिखित पूर्वकार्यको समीक्षात्मक टिप्पणीहरू प्रस्तुत शोधकार्यको निम्ति धेरथोर रूपमा सहयोगी सामग्रीगत आधार बन्ने स्पष्ट देखिन्छ । यस दृष्टिले हेर्दा उपन्यासमा कोइरालाले सन्तुलित र उद्देश्यपूर्ण ढङ्गबाट पात्रहरूको चयन गरेका छन् भने पुरुष पात्रहरूको औपन्यासिक भूमिका पनि सार्थक नै रहेको भेटिन्छ । उपन्यास संरचनामा पुरुष पात्रको तुलनामा नारी प्रधानतामा उनका उपन्यास केन्द्रित भए पनि तिनमा चरित्रहरूले खेलेको भूमिका र तिनले सिकाएको जीवनदर्शन अति नै सह्रानीयलायक छ । यौनको मामिलामा केही उपन्यास बढी उदारवादी देखिए तापनि प्रायःजसो अश्लील र भद्दा नभई शिष्ट र मर्यादित भूमिकामा नै उपन्यासका पात्रहरू आबद्ध रहेको स्पष्ट हुन्छ । यी समीक्षात्मक पूर्वकार्यका आधारमा गरिने प्रस्तुत शोधकार्यबाट पुरुष पात्रको भूमिका अध्ययनमा देखिएको अपूर्णता, कमी र अभावको पूरा गर्ने विश्वास गर्न सकिन्छ ।

## १.६ शोधको औचित्य, महत्त्व र उपयोगिता

शोध अध्ययन कार्य नवीन खोज अनुसन्धान र प्राप्तिका निम्ति उचित, मूल्यवान् र महत्त्वपूर्ण मानिन्छ । यिनै विविध पक्षलाई मनन गरी विश्वेश्वरप्रसाद कोइरालाका थुप्रै औपन्यासिक कृतिको विविध कोणबाट अध्ययन विश्लेषण गरिएको पाइन्छ । नेपाली उपन्यासको मनोविश्लेषणात्मक प्रवृत्ति चित्रणका दृष्टिले झन् उनका कृतिहरू अपरिहार्य नै ठहर्छन् ।

प्रस्तुत शोधका सन्दर्भमा उल्लिखित पुरुष पात्रहरू चेतन र अचेतनका आधारमा निर्देशित छन् । यसले गर्दा तिनका अतृप्त इच्छा र वासनाहरू मौका पाउने बित्तिकै उत्तेजित बन्न पुग्छन् । तिनै पात्रको सत्योद्घाटनबाट नै कोइराला र उनका उपन्यास कृतिको उचित मूल्याङ्कन हुन सक्दछ । मूलतः उनका कृतिहरूका सम्बन्धमा केही आलोचना र टिप्पणी भए पनि यस शोधमार्फत सही रूपमा कोइरालाका पुरुष पात्रहरूमाथि जहाँ समाजले नैतिकता र इमानदारिताको प्रश्नचिह्न खडा गरेको छ, तिनै पात्रका विविध व्यक्तिगत जीवनका भोगाइ, विकृति, विसङ्गति, समस्या, जटिलता, सुखदुःख, प्रेम, यौवन, हाँसो, आँसु, आशा-निराशाप्रति कसरी उपन्यासकारले सन्तुलित ढङ्गबाट पात्र चयन गरेका छन्, त्यो निकै महत्त्वपूर्ण कुरा हो । पुरुष पात्रको कार्यभूमिका, सन्दर्भता, औचित्य, महत्त्व र तिनको साहित्यिक, शैक्षिक एवम् व्यावहारिक-सामाजिक उपयोगिता दर्साउनु, जीवनजगत्मा पुरुष पात्रको औपन्यासिक कार्य भूमिका, मूल्य-मान्यता, औचित्य र उपादेयताजस्ता पक्षहरूको खोजी गरी यथार्थता हासिल गर्नुमा प्रस्तुत शोधको औचित्य, महत्त्व र उपयोगिता झल्किन्छ ।

## १.७ शोधको क्षेत्र र सीमा

शोध अध्ययन गहन, विशिष्ट र महत्त्वपूर्ण कार्य भएको हुँदा तिनको निश्चित क्षेत्र, सीमा र परिधि निर्धारण गर्नु आवश्यक हुन्छ । शोध कार्यलाई सरल र वैज्ञानिक बनाउन यसको क्षेत्र किटान गर्नुका साथै विषय, शीर्षक मानक सिद्धान्तको समेत निर्धारण गरी त्यसको सीमाक्षेत्र तोकिएको पाइन्छ । प्रस्तुत शोधको सन्दर्भमा नेपाली उपन्यास विश्लेषणका पात्र विधानगत सिद्धान्तलाई मूल आधार मानी विश्वेश्वरप्रसाद कोइरालाका

उपन्यासमा प्रयुक्त पुरुष पात्रको मात्र भूमिका विश्लेषण गर्नु तथा अन्य पक्षको अध्ययन नगर्नु यस शोधको क्षेत्र र सीमा रहेको छ ।

## १.८ शोधविधि

### १.८.१ सामग्री सङ्कलन विधि

शोध अध्ययन नवीन सत्य तथ्यमा आधारित महत्त्वपूर्ण कार्य भएको हुँदा त्यसको निश्चित विषय सन्दर्भ सम्बन्धित सामग्री सङ्कलन गर्नु आवश्यक ठहर्छ । यसका निम्ति विभिन्न रूप र प्रक्रियाबाट सामग्रीको खोजी, नमुना छनोट, सङ्कलन र वर्गीकरणका आधारमा त्यसको उपयुक्त रूपबाट विश्लेषण गरी निष्कर्षमा पुगिन्छ । प्रस्तुत शोधकार्यको निम्ति मूलतः प्राथमिक र सहायक रूपमा शोध सम्बद्ध प्रकाशित उपन्यास विश्लेषणको द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । प्राथमिक सामग्रीका रूपमा शोध सम्बद्ध कोइरालाका प्रकाशित उपन्यास कृति तथा उपन्यास विश्लेषणका सैद्धान्तिक कृति शोध विश्लेषणको आधार सामग्री रहेको छ । द्वितीयक सामग्रीको रूपमा शोध अध्ययनको सैद्धान्तिक सामग्री, शोध, अध्ययनपत्र, लेखरचना, विमर्श, अन्तरक्रिया, सूचना, सन्दर्भ आादि सामग्री सङ्कलन गरिएको छ । यसका निम्ति पुस्तकालयीय अध्ययन पद्धतिको विशेष उपयोग गरिएको छ ।

### १.८.२ सामग्री विश्लेषण ढाँचा वा पद्धति

शोध विश्लेषणका निम्ति सामग्री सङ्कलनपछि तिनको उचित विन्यास, वर्गीकरण, विश्लेषण, सामान्यीकरण र निष्कर्षण गर्नु अपरिहार्य मानिन्छ । यसर्थ थुप्रै विधि, ढाँचा वा पद्धतिको उपयोग गरी शोधकार्य सम्पन्न गरिन्छ । यस शोध कार्यका निम्ति शोध सिद्धान्त उपयोग गर्ने क्रममा निगमन तथा विश्लेषण गर्ने क्रममा आगमन विधि/पद्धतिको प्रयोग गरिएको छ । यसक्रममा वर्णन, विश्लेषण, व्याख्यान, तार्किक, विषयनिष्ठ र अन्तरविषय तुलना, भिन्नता र समानतामूलक पद्धतिको आवश्यकता अनुरूप चयन र उपयोग गरिएको छ । यिनै विधि, प्रक्रिया र पद्धतिका आधारमा शोधको निष्कर्षमा पुगिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको सामान्य रूपरेखा यसप्रकार रहेको छ :

**परिच्छेद एक : शोधको परिचय**

यस परिच्छेदमा शोधशीर्षक, विषय परिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य, महत्त्व र उपयोगिता, शोधको क्षेत्र र सीमा, शोधविधि, समग्री सङ्कलन विधि, सामग्री विश्लेषण ढाँचा वा पद्धति तथा शोधपत्रको रूपरेखा रहेको छ ।

**परिच्छेद दुई : उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको उपन्यासयात्रा**

यस परिच्छेदमा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको उपन्यासयात्राको मूल शीर्षकभित्र विषय प्रवेश, कोइरालाको उपन्यासको काल विभाजन र निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद तिन : उपन्यासको पात्रविधानगत सिद्धान्त**

यस परिच्छेदमा उपन्यासको पात्र विधागत सिद्धान्त मूलशीर्षकभित्र विषय प्रवेश, पात्र विधानगत विश्लेषण, चरित्र चित्रण र निष्कर्ष रहेको छ ।

**परिच्छेद चार : विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पुरुष पात्रको विश्लेषण**

यस परिच्छेदमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पुरुष पात्रको विश्लेषण मूलशीर्षकभित्र विषय प्रवेश, **तीन घुम्ती** उपन्यासका प्रमुख, सहायक र गौण पुरुष पात्र, **नरेन्द्रदाइ** उपन्यासमा प्रमुख, सहायक र गौण पुरुष पात्र, **सुम्निमा** उपन्यासमा प्रमुख, सहायक र गौण पुरुष पात्र, **मोदिआइन** उपन्यासमा प्रमुख, सहायक र गौण पुरुष पात्र, **हिटलर र यहुदी** उपन्यासमा प्रमुख, सहायक र गौण पुरुष पात्र, **बाबु, आमा र छोरा** उपन्यासमा प्रमुख, सहायक र गौण पुरुष पात्रहरुको भूमिका विश्लेषणका साथै अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद पाँच : उपसंहार तथा निष्कर्ष**

यस परिच्छेद उपसंहार तथा निष्कर्षमा केन्द्रित रहेको छ । विश्वेश्वरप्रसाद कोइरालाका छवटै उपन्यासमा प्रयुक्त पुरुष पात्रहरूको भूमिका विश्लेषणपश्चात् यस परिच्छेदको निष्कर्षमा पुगिएको छ ।

यसप्रकार उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका उपन्यास विश्लेषणमूलक प्रस्तुत शोध कार्यलाई जम्मा पाँच मूल परिच्छेद र आवश्यकता अनुरूप विभिन्न उपशीर्षकहरूमा विभाजन गरी शोधकार्य सम्पन्न गरिएको छ । साथै प्रारम्भ भागमा शोधनिर्देशकको मन्तव्य, स्वीकृतिपत्र र कृतज्ञता ज्ञापन तथा विषयसूची रहेका छन् भने शोधको मूल भागका अन्त्यमा वर्णानुक्रमका आधारमा प्रयुक्त सामग्री, पुस्तक, सन्दर्भ आदिको सूची दिइएको छ ।

# परिच्छेद : दुई

# उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको उपन्यास यात्रा

## २.१ विषय प्रवेश

विश्वेश्वरप्रसाद कोइरालाको जन्म वि.सं. १९७१ भदौ २४ गते बुबा कृष्णप्रसाद कोइराला तथा आमा दिव्यादेवी कोइरालाको गर्भबाट द्वितीय पुत्रका रूपमा भारतको सुप्रसिद्ध नगरी वनारसमा भएको थियो । जन्मलग्न अनुसार चूडामणि नाम जुरेको भए पनि उनका ठूला बुवा कालिदास कोइरालाको इच्छा अनुसार विश्वेश्वर नाम राखिएको थियो । पछि त्यही बालक सोही विश्वेश्वरप्रसाद कोइराला नामले नेपाली साहित्यमा परिचित हुन पुगे । कोइरालाको पुर्ख्यौली थलो पूर्व २ नं. सिन्धुलीको दुम्जा भएको र उनका पिता कृष्णप्रसाद कोइरालाले दुम्जा छोडी विराटनगर आएर बसोबास गर्न थालेको पाइन्छ । कृष्णप्रसाद कोइराला समाजसुधारक व्यक्तित्व भएकाले उनले गाउँमा समाजसुधारका कार्यक्रम सञ्चालन गर्दै आएको र उनले गरेको कार्यमा असन्तुष्ट रहेका चन्द्रशमशेरले उनको सर्वस्वहरण गरी देश निकाला गरेको बेला विश्वेश्वरप्रसाद कोइरालाको जन्म बनारसमा भएको थियो ।

कोइरालाको साहित्यिक यात्रा २००७ देखि २०२४ सालसम्म साहित्यिक लेख रचना प्रकाशनका दृष्टिले खासै सक्रिय समय नभएको पाइन्छ । २०१७ सालमा राजनीतिकै कारणले कोइरालालाई सुन्दरीजल बन्दीगृहमा बन्दी बनाइन्छ । २०१७ देखि २०२५ सालसम्मको आठ बर्षे लामो जेल जीवन नै कोइरालाको उपन्यास लेखनका दृष्टिले उर्वर समय भएको पाइन्छ । प्रकाशनको दृष्टिले हेर्दा यो समय शून्य भए पनि रचनाको दृष्टिले अति नै महत्त्वपूर्ण देखिन्छ ।

उपन्यासकार कोइराला नेपाली उपन्यासको चौथो चरणको उपन्यास लेखन शैलीका साथै नेपाली उपन्यासको पाँचौं चरणको अस्तित्ववादी औपन्यासिक प्रवृत्ति लिएर देखा परेका छन् । उनले नेपाली उपन्यासले १९९१ सालमा रुद्रराज पाण्डेको **रूपमती** उपन्यासले भित्र्याएको आधुनिककालमा सामाजिक यथार्थको चित्रणका साथै चेतनामूलक आदर्शलाई पनि वरण गरेको समयलाई बोध गरेर अर्को आयाम दिएको पाइन्छ । उनको औपन्यासिक यात्राको शुभारम्भ २०२५ **तीनघुम्ती** उपन्यासले गरेको पाइन्छ ।


नेपाली साहित्यमा एउटा गतिशील कलम चलाउने उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले नेपाली साहित्यको उपन्यास विधामा ६ वटा उपन्यास लेखेका छन् । प्रस्तुत शोधपत्रमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा वैचारिकताको अध्ययन गरिएको छ । आधुनिक नेपाली उपन्यासको परम्परामा देखापरेका कोइराला उपन्यास, कथा, समालोचना, कविता आदि साहित्यका विभिन्न विधामा देखापरे पनि उनलाई कथा र उपन्यासकारका रूपमा मात्र विशेष प्रसिद्धि मिलेको देखिन्छ ।

## २.२ कोइरालाको उपन्यासको काल विभाजन

विश्वेश्वरप्रसाद कोइरालाले नेपाली साहित्यमा प्रवेश गरेको तिन दशक अथवा ३० वर्ष पछिमात्र उपन्यास लेखनको आरम्भ भएको पाइन्छ । उनको समग्र साहित्य लेखनको चरण विभाजन गर्ने हो भने दुई चरणमा विभाजन गर्न सकिन्छ । पूर्वार्द्ध र उत्तरार्द्ध यस्तो चरण विभाजनको कसीमा ढाल्ने हो भने कोइरालाको उपन्यास लेखन सबै उत्तरार्द्ध चरणमा भएको पाइन्छ । सबै उपन्यासको लेखन कार्य २०१७ देखि २०२५ साल सम्मको जेल जीवनमै भएको पाइन्छ । सम्पूर्ण उपन्यासको लेखन कार्य सकिए पछि **हिटलर र यहुदी** २०३३ सालसम्म लेखिदै रहेको तथ्य फेला पर्छ ।

कोइरालाका उपन्यासहरूको वर्गीकरण गर्ने विभिन्न आधार पाइन्छन् । भूपति ढकालले आफ्नो शोधप्रबन्ध **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा विचार पक्ष**मा कोइरालाका उपन्यासहरूलाई तीन भागमा विभाजन गरेको पाइन्छ । उनले मानव मूलक, संस्कृति मूलक र नारी मूलक गरी कोइरालाका उपन्यासलाई विभाजन गरेका छन्, त्यही आधारमा यस शोधपत्रमा पनि वैचारिकताकै विभाजन मान्य हुने हुँदा सोही अनुरूप यहाँ विभाजन निम्नानुसार गरिएको छ :

विश्वेश्वरप्रसादका उपन्यासहरू :



कोइरालाका उपयुक्त उपन्यासहरू विषयगत दृष्टिले पनि क्रमशः **मोदीआइन** (२०३६), **हिटलर यहुदी** (२०४०), **सुम्निमा** (२०२७), **तीनघुम्ती** (२०२५), **नरेन्द्रदाइ** (२०२७), **बाबु आमा र छोरा** (२०४५) गरी प्रकाशन भएको पाइन्छ ।

## २.३ निष्कर्ष

विश्वेश्वरप्रसाद कोइराला साहित्य, राजनीति र दर्शनको समन्वयात्मक सन्तुलनलाई अँगालेर अगि बढेका नेपाली साहित्य र राजनीतिका प्रसिद्ध व्यक्तित्व हुन् । साहित्यलाई फुर्सदको समयको अभिव्यक्ति भन्ने कोइरालाले पारिवारिक पृष्ठभूमि उपयुक्त किसिमको पाएका र त्यही समयदेखि नै उनमा राजनीतिक र साहित्यिक प्रभाव परेको पाइन्छ । उनको औपन्यासिक रचनाको मुख्य क्षण नै २०१७ सालको राजनीतिक परिवर्तन र त्यसपछि उनले भोग्नु परेको जेल जीवन नै हो । यही जेल जीवनका क्रममा उनका अधिकांश उपन्यासहरू लेखिएका हुन् । सानैदेखि चिन्तनशील कोइरालाको उक्त चिन्तनशीलताको प्रभाव साहित्यिक रचनामा परेको पाइन्छ । वि.सं. २०१७ सालपछि करिब आठ वर्षको कारावास सजायका क्रममा **तीनघुम्ती, नरेन्द्रदाइ, सुम्निमा, मोदीआइन, हिटलर र यहुदी** र **बाबु, आमा र छोरा** उपन्यास लेखेका छन् । उनका यी उपन्यासहरू सामाजिक र पौराणिक वा मिथकीय विषयमा आधारित भएर लेखिएका छन् । उनको **सुम्निमा** उपन्यास चाहिँ मिथक र संस्कृतिको संयोजन भएको उपन्यासका रूपमा लिइएको छ । यसप्रकार कोइरालाका युगीन समय, तत्कालीन सामाजिक आर्थिक, शैक्षिक, राजनीतिक, सांस्कृतिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रेरणा र प्रभावको जीवन भोगाइ र त्यसबाट प्राप्त ज्ञान, अनुभव, क्षमता र कुशलताको सफल प्रकाशन उनका उपन्यास कृतिमा भएका छन् ।

यसरी विविध प्रवृत्तिगत कुशलताका आयाम अनुसार कोइरालाको उपन्यास यात्रा विभाजित रहेको र उनको पूर्वार्द्ध भन्दा उत्तरार्द्ध नै उपन्यास प्रकाशनका दृष्टिले सबल र सफल रहेको मान्न सकिन्छ ।

## परिच्छेद : तीन

# उपन्यासको पात्रविधानगत सिद्धान्त

### ३.१ विषय प्रवेश

विश्वेश्वरप्रसाद कोइराला नेपाली साहित्यका यौन मनोविश्लेषणात्मक उपन्यासकार हुन् । उनका उपन्यासमा पात्रको यौनमनोवृत्तिको सहज अभिव्यक्तिको जीवन्त प्रस्तुति पाइन्छ । मूलतः उनका उपन्यास नारी चरित्रप्रधान रहेका छन् । यद्यपि पुरुष पात्रहरूको चयन र कलात्मक संयोजन उनका उपन्यासमा पाइन्छन् । पात्रहरूको मनोवृत्ति र तिनको विविध स्वभाव तथा प्रवृत्तिका आधारमा तिनले देखे भोगेका घटनावृत्तलाई पात्रहरूका माध्यमबाट कलात्मक रूपमा सशक्त उद्घाटन गर्नु उनको औपन्यासिक कुशलता मानिन्छ । यस परिच्छेदमा उपन्यासको पात्रविधानगत सिद्धान्त प्रस्तुत गरिएको छ । तिनै सिद्धान्तको उचित अवलम्बन गर्दै शोधकार्य अघि बढाइएको छ ।

### ३.२ पात्र विधानगत विश्लेषण चरित्रचित्रण

उपन्यासमा देखिने मानवीय र मानवेतर प्राणीलाई चरित्र भनिन्छ । चरित्रलाई पात्र पनि भनिन्छ । उपन्यासको विषयवस्तुलाई बोकेर कुनै पनि कार्य सम्पादन गर्ने चरित्रलाई पात्र भनिन्छ । चरित्र इतिहास र समाज, प्रान्त र देशान्तर, प्रवृत्ति र पुस्ता, जाति र सभ्यता तथा परिस्थिति अनुसार प्रकट हुने गर्दछन् (सुवेदी, २०६४ : १७) । चरित्र आख्यानको प्रतिनिधि व्यक्ति हो । आधुनिक उपन्यासका कथावस्तुको भन्दा चरित्रको महत्त्व सर्वाधिक मानिन्छ । उपन्यास विभिन्न घटनाहरू मिलेर बनेको हुन्छ । ती घटनाहरूको जन्म विभिन्न पात्रहरूको क्रियाकलापबाट हुन्छ । घटना वा वस्तु रचनाको आधार नै पात्र हुन् (अब्राम्स, सन् २००० : ३२) । चरित्रको शाब्दिक अर्थ व्यवहार, आदत, चालचलन, अभ्यास, कृत्य, कर्म, प्रकृति, स्वाभाव, कर्तव्य आदि हुन्छ (आप्टे, १९६९ : ३७४) । चरित्र व्यक्ति तथा समाजको आन्तरिक तथा बाह्य प्रवृत्तिहरूको प्रस्तुति हो । चरित्रचित्रण मार्फत व्यक्ति तथा बृहत् समाजको उद्घाटन गर्ने काम उपन्यासले गर्दछ ।

उपन्यासमा प्रयोग गरिने चरित्र जीवनका विभिन्न सन्दर्भबाट टिपिएका हुन्छन् । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्त्वपूर्ण काम पात्रको हुन्छ । उपन्यासका चरित्रहरू एक अर्काका सापेक्षतामा कस्ता विशेषताहरू लिएर कृतिमा आएका छन् भन्ने कुरा तिनको वर्गीकरणबाट स्पष्ट हुन्छ । आधुनिक उपन्यासमा पात्रहरू प्रशस्त हुन्छन् । यथार्थ परिवेशमा घट्ने घटनाहरूलाई उपन्यासका यिनै पात्रहरूले प्रस्तुत गर्दछन् । उपन्यासमा निर्वाह गरेको भूमिका अनुसार पात्र वा चरित्रलाई लिङ्गका आधारमा पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई वर्गमा वर्गीकरण गरिन्छ । उपन्यासमा सबै पात्रहरूको महत्त्व समान रहेको हुँदैन । त्यसैका आधारमा प्रमुख, सहायक र गौण गरी तीन वर्गमा छुट्याइन्छ । सबैभन्दा बढी काम गर्ने वा कार्यमूल्य भएको पात्र प्रमुख हुन्छ भने त्यसभन्दा घटी कार्यमूल्य भएको पात्र सहायक र ज्यादै थोरै कार्यमूल्य भएको पात्र गौण हुन्छ ।

उपन्यासको सिङ्गो आयतनभित्र सिङ्गो मानवसभ्यता चरित्रचित्रणकै आधारमा परिभाषित भएको हुन्छ (सुवेदी, २०६४ : १७) । यसै प्रवृत्तिका आधारमा पात्रलाई अनुकूल र प्रतिकूल गरी दुई वर्गमा बाँडिन्छ । उपन्यासमा पात्रहरूले सकारात्मक वा नकारात्मक दुवै भूमिका निर्वाह गरेका हुन्छन् (बराल र एटम, २०६६ : २९) । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल अर्थात् सत् पात्र हुन्छ भने नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल अथवा असत् हुन्छ ।

उपन्यासका आधारमा गतिशील र गतिहीन गरी दुई वर्गका पात्रहरू हुन्छन् । उपन्यासमा कुनै परिस्थिति अनुसार बदलिने पात्र गतिशील हुन्छ भने परिस्थिति बदलिए पनि आद्यन्त उस्तै जीवन बिताउने र विचलन नआउने स्वाभावको पात्र गतिहीन हुन्छ । जीवन चेतनाका दृष्टिले उपन्यासमा वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका चरित्रहरू हुन्छन् । वर्गीय चरित्रले निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने गर्दछ भने आफ्नो निजी स्वभाव वा वैशिष्ट्य प्रस्तुत गर्ने काम व्यक्तिगत पात्रले गर्दछ । उपन्यासको कथानकमा हुने पात्रको उपस्थितिका आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् भने उपन्यासको कथानकसँग पात्रको सम्बन्ध गसाइका आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई किसिमका हुन्छन् ।

कतिपय उपन्यासमा मान्छे मात्र होइन देवता, राक्षस, पशुपन्छी जस्ता अतिमानवीय तथा मानवेतर पात्रको पनि प्रयोग भएको हुन्छ । त्यस्ता अतिमानवीय तथा मानवेतर पात्रले

पनि यस्ता वस्तुहरु उपन्यासमा मानवीय चरित्रको उद्‌घाटन गरेको देखिन्छ । दृश्य मात्र नभएर अदृश्य पनि उपन्यासको पात्र बन्न सक्छन् । यसर्थ उपन्यासमा थुप्रै पात्रहरूको उपस्थिति रहेकाले नै उपन्यास बहुपात्रीय विधा ठहरिन्छ ।

नेपाली विद्वान्‌हरूले पनि पात्रलाई विभिन्न प्रकारमा वर्गीकरण गरेका छन् । पात्रको प्रकार उल्लेख गर्ने क्रममा प्रतापचन्द्र प्रधानले औपन्यासिक पात्रलाई मूल पात्रका श्रेणी, गौण पात्रका श्रेणी र अति गौण पात्रका श्रेणीमा वर्गीकरण गरेका छन् । उनले मूल पात्रका श्रेणीमा नायक, नायिका, सहनायक सहनायिका राखेका छन् भने मूल पात्रसँगै सोझै सम्बन्ध भएका चरित्रलाई गौण पात्र भनेका छन् र ज्यादै छोटो समयमा उपन्यासमा आएर आफ्नो कार्य पूरा गर्ने पात्रलाई अति गौण पात्रको वर्गमा राखेका छन् (प्रधान, २०४० : ७३) । कृष्णहरि बरालले गतिशील पात्र र स्थिर पात्र, गोल पात्र र चेप्टा पात्र, प्रतिनिधि पात्र र व्यक्तिपरक पात्र, अर्न्तमुखी पात्र र बहिर्मुखी पात्र भनेर वर्गीकरण गरेका छन् (बराल र एटम, २०६६ : ३४) । घनश्याम नेपालले पात्रलाई गोला र चेप्टा, सापेक्ष र निष्पक्ष, गतिशील र गतिहीन, सार्वभौम र आञ्चलिक, परम्परित र मौलिकका साथै प्रकार र अर्धप्रकार भनेर वर्गीकरण गरेका छन् (नेपाल, २०४४ : २५) । टङ्कप्रसाद न्यौपानेले कथावस्तुका दृष्टिले प्रधान र गौण पात्र, चरित्र चित्रणका दृष्टिले स्थिर र गतिशील पात्र भनी वर्गीकरण गरेका छन् (न्यौपाने, २०३८ : २०९–२१०) । शारदा शर्माले उपन्यासका पात्रहरूको अवस्था, व्यक्तिप्रधान चरित्र, गतिशील चरित्र र वर्गप्रधान चरित्र भनेर चार भागमा वर्गीकरण गरेकी छन् (शर्मा, २०४९ : ७) ।

माथि उल्लेखित विविध आधारबाट गरिएको विभिन्न वर्गीकरणलाई हेर्दा औपन्यासिक पात्रलाई मोहनराज शर्माको वर्गीकरण अनुसार प्रस्तुत गर्नु उल्लेखनीय छ किनभने उनको वर्गीकरणभित्र सान्दर्भिक नेपाली उपन्यासका पात्रहरूलाई समेट्न सकिन्छ । शर्माले विभिन्न आधारमा पात्रको वर्गीकरण गरेका छन् । जुन निम्नानुसार रहेका छन् :

क) लिङ्गका आधारमा – पुलिङ्ग र स्त्रीलिङ्ग

ख) कार्यका आधारमा – प्रमुख, सहायक र गौण

ग) प्रवृत्तिका आधारमा – अनुकूल र प्रतिकूल

घ) स्वभावका आधारमा – गतिशील र गतिहीन

ङ) जीवनचेतनाका आधारमा – वर्गगत र व्यक्तिगत

च)	आसन्नताका आधारमा – नेपथ्य पात्र र मञ्चीय पात्र

छ)	आबद्धताका आधारमा – बद्ध र मुक्त

यसप्रकार उपन्यासको शोध विश्लेषणका निम्ति एउटा सार्थक, सफल र प्रभावकारी उपन्यास निर्माणका निम्ति जे जति घटकहरू आवश्यक छन् त्यतिकै मात्रामा पात्रहरूको भूमिका अनिवार्य रहेको हुन्छ । यस सम्बन्धमा विविध समालोचक तथा विश्लेषकले पात्रविधानका सन्दर्भमा दिएका उपर्युक्त परिभाषाहरू आफैँमा महत्त्वपूर्ण, गहन र विश्लेष्य देखिन्छन् । यद्यपि शर्माको परिभाषा अन्यको सापेक्षतामा उपन्यासको शोध अध्ययनका निम्ति पात्र विधानगत विश्लेषणका दृष्टिले बढी सहज, वस्तुनिष्ठ, वैज्ञानिक, सरल र स्पष्ट देखिन्छ । अतः शोध अध्येतालाई सैद्धान्तिक तथा प्रायोगिक दुवै आधारका रूपमा उचित मार्ग निर्देश गर्ने देखिएबाट प्रस्तुत शोध विश्लेषणमा उनको परिभाषागत मान्यतालाई अवलम्बन गरिएको छ ।

**(क)	लिङ्गका आधारमा**

मान्छेको शारीरिक बनावट अथवा जीवनवैज्ञानिक योनिभेद छुट्याउने आधारलाई लिङ्ग भनिन्छ । पात्रको बाह्य वर्णन तथा शरीरको नामाकरण र तिनका स्वभाव एवम् प्रयुक्त क्रियाकलापबाट यो कुरा छुट्याउन सकिन्छ । लिङ्गका आधारमा पात्रहरूलाई २ वर्गमा विभाजन गरिन्छ : (बराल र एटम, २०६६ : ३२) ।

**अ)**	**पुलिङ्ग –** भाले स्वभाव र व्यवहार हुनेलाई पुलिङ्ग भनिन्छ ।

**आ)**	**स्त्रीलिङ्ग –** पोथी स्वभाव र व्यवहार हुनेलाई स्त्रीलिङ्ग भनिन्छ ।

कुनै पनि कृतिमा लिङ्ग समाजिक तथा सांस्कृतिक मूल्य र मान्यताअनुसारका व्यवहारबाट अभिव्यक्त भएको हुन्छ ।

**(ख)	कार्यका आधारमा**

उपन्यासमा कुन पात्रको कति काम छ र ऊ कति मूल्यवान् छ, त्यसका आधारमा पात्रको वर्गीकरण गर्न सकिन्छ । कार्यका आधारमा प्रमुख, सहायक र गौण पात्रहरू गरी तीन प्रकारका हुन्छन् । (बराल र एटम, २०६६ : ३२)

अ) **प्रमुख पात्र** – उपन्यासको मूल कथासँग सम्बन्धित पात्रहरूलाई प्रमुख पात्रमा राख्न सकिन्छ । यस वर्गमा नायक, नायिका, प्रतिनायक, प्रतिनायिका तथा अन्य केन्द्रीय भूमिका भएका पात्रहरू पर्दछन् ।

आ) **सहायक पात्र** – उपन्यासमा प्रमुख पात्रको भन्दा कम भूमिका भएका पात्रहरूलाई सहायक पात्र भनिन्छ ।

इ) **गौण पात्र** – उपन्यासमा ज्यादै कम भूमिका र कम मूल्यवान् कार्य भएका पात्रहरू गौण अन्तर्गत पर्दछन् ।

**ग) प्रवृत्तिका आधारमा**

यस आधारमा पात्रहरू अनुकूल र प्रतिकूल गरी दुई वर्गका हुन्छन् । उपन्यासमा पात्रहरूको कार्य व्यापारबाट अनुकूलता र प्रतिकूलता छुट्टिन्छ । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने अनुकूल अर्थात् सत् हुन्छ भने नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल अथवा असत् हुन्छ (बराल र एटम, २०६६ : ३३) ।

**(घ) स्वभावका आधारमा**

चरित्रगत विकासका आधारमा पात्रहरू गतिशील र गतिहीन वा गोल र सापट (चेप्टा) किसिमका हुन्छन् । उपन्यासको आरम्भदेखि अन्त्यसम्म आफ्नो दृष्टिकोण र अभिवृत्तीय दृष्टिकोणले परिवर्तन नआउने गतिहीन वा सापट पात्र हुन् भने विभिन्न परिस्थितिमा परिवर्तन हुने पात्रहरू गतिशील पात्र हुन् (बराल र एटम, २०६६ : ३३) ।

**(ङ) जीवनचेतनाका आधारमा**

समाजमा विभिन्न वर्गका मान्छे हुन्छन् । समाजका त्यस्ता अभिजात्य, मध्यम वा निम्नमध्ये कुनै एक वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गगत अर्न्तगत पर्दछन् भने कुनै एक विशिष्ट प्रकारको व्यक्तिको प्रतिनिधित्व गर्ने वा आफ्नै मात्र प्रतिनिधित्व गर्ने पात्र व्यक्तिगत पात्र हो (घर्ती, २०६० : १७०) ।

**(च) आसन्नताका आधारमा**

कथानकमा आसन्नता वा उपस्थितिका आधारमा चरित्रहरूलाई छुट्याउन सकिन्छ । उपन्यासको रङ्गमञ्चमा प्रत्यक्ष देखापर्ने पात्रलाई मञ्चीय र परोक्ष उपस्थिति हुने चरित्रलाई नेपथ्य भनिन्छ (सुवेदी, २०६४ : ५६) ।

**छ) आबद्धताका आधारमा**

उपन्यासको कथानकसँग पात्रको सम्बन्धगँसाइलाई आबद्धता भनिन्छ । यस आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । "बद्ध पात्रलाई झिक्दा कथानकको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकमा खासै हलचल उत्पन्न हुँदैन" (बराल र एटम, २०६६ : ३३) ।

उपन्यासमा चरित्रलाई अन्य आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । यथार्थ र आदर्श, अन्तर्मुखी र बहिर्मुखी, गोला र चेप्टा, सार्वभौम र आञ्चलिक, पारम्परिक र मौलिक आदि चरित्रका प्रकार जति पनि भए उपन्यासमा कथानकलाई जीवन्तता प्रदान गर्न चरित्रको आवश्यकता पर्दछ । त्यसैले पात्र उपन्यासको आवश्यक महत्त्वपूर्ण तत्त्व हो ।

## ३.३ निष्कर्ष

यसप्रकार उपन्यासको पात्र विधानगत विश्लेषण नामक यस परिच्छेदमा उपन्यासका पात्रको चरित्र चित्रणका आधारहरू प्रस्तुत गरिएको छ । यसमा जम्मा तिन उपशीर्षक-विषय परिचय, पात्रहरूको विश्लेषण र निष्कर्ष समाविष्ट गरिएको छ । पात्रको भूमिका विश्लेषणका निम्ति उपयुक्त आधारहरू, लिङ्ग, कार्य भूमिका, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धता जस्ता सैद्धान्तिक परिचय यस खण्डमा दिइएको छ । प्रस्तुत विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पुरुष पात्रको भूमिका विश्लेषणमा उपर्युक्त सिद्धान्त महत्त्वपूर्ण आधारको रूपमा रहेको छ । तिनै मान्यताको शोध अध्ययन विश्लेषणबाट पात्रको विविध मनोवृत्ति र कार्य व्यवहारको चित्रण गरिएको छ ।

## परिच्छेद : चार

# कोइरालाका उपन्यासमा पुरुष पात्रको विश्लेषण

### ४.१ विषय प्रवेश

नेपाली आख्यान साहित्यका प्रथम मनोविश्लेषक स्रष्टा विश्वेश्वरप्रसाद कोइराला बहुमुखी व्यक्तित्व हुन् । उनले साहित्य फाँटका सबैजसो विधामा कलम चलाएका छन् । खासगरी कथा र उपन्यास विधामार्फत् उदाएका कोइरालाले चरित्रप्रधान उपन्यास कृतिहरू प्रकाशन गरेका छन् । उपन्यासमा प्रयुक्त विविध पात्रहरूका चारित्रिक स्वभाव, प्रवृत्ति र तिनका कार्य वा घटनामा केन्द्रित रही उपन्यास सिर्जना गर्ने कोइरालाका अधिकांश कृतिहरू नारी प्रधान छन् । नेपाली समाजका तत्कालीन नारीहरूले भोग्नुपरेका समस्या, पीडा, शोषण, अवरोध, असमानता, वर्गीय विभेदजस्ता विषयवस्तुलाई जस्ताको त्यस्तै टिपेर पात्रहरूको मनोविरेचन गरी उनीहरूका अन्तईच्छा, यौन, प्रेम, स्वाभिमान, अस्तित्व आदि पस्कन कुशल कोइराला नारी र पुरुष दुवै चरित्रलाई उत्तिकै महत्त्व र स्थान प्रदान गर्ने सर्जकका रूपमा चिनिन्छन् । उनका उपन्यासमा नारी पात्रको जति भूमिका छ, पुरुष पात्रको पनि उत्तिकै भूमिकापरक मूल्य र औचित्य रहेको पाइन्छ ।

प्रस्तुत शोध अध्ययनका क्रममा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पुरुष पात्रको भूमिका विश्लेषण गरिएको छ । नेपाली उपन्यास विश्लेषणका स्थापित मूल सिद्धान्तलाई आधार मानी चरित्र चित्रणका विभिन्न पक्षहरूमा केन्द्रित रही यस शोधकार्य गरिएको छ । तदनुरूप उनका समग्र उपन्यास कृतिमा प्रयुक्त पुरुष चरित्रका विविध आन्तरिक इच्छा, मानसिक अवस्था, स्वभाव र तिनका घटना प्रकृतिको यौनपरक विश्लेषण गरी पुरुषका सम्पूर्ण मनस्थितिको उद्घाटन गर्नु र समस्या चित्रण गर्नु तथा तिनको समाधानका उपायहरूको खोज-अन्वेषण गर्नु, शैक्षिक, साहित्यिक र व्यवहारिक महत्त्व दर्साउनु कोइरालाका उपन्यासमा प्रयुक्त पुरुष पात्रको भूमिका विश्लेषणको शोध औचित्य रहेको छ । प्रस्तुत शोध कार्यमा उपन्यासको चरित्र चित्रणका मुख्य आधारहरू- पात्रको लिङ्ग, कार्य भूमिका, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धता गरी जम्मा सात कोणबाट उक्त शोध विश्लेषण कार्यलाई उपन्यास प्रकाशनको क्रमानुसार यसप्रकार अघि बढाइएको छ ।

## ४.२ तीनघुम्ती उपन्यासमा पुरुष पात्रको विश्लेषण

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले प्रथम उपन्यास **तीनघुम्ती** (२०२५) बाट मानवीय आवश्यकताको रूपमा रहेको स्वच्छन्द, स्वाभाविक र सहज स्वतन्त्र यौन पक्षलाई विविध पात्रका माध्यमबाट अघि सारेका छन् । यस उपन्यासको इन्द्रमाया एक स्वतन्त्र यौन चाहना, आवश्यकता र तिनको सहज पूर्ति गर्ने नारीको रूपमा रहेको पाइन्छ । उसमा प्रेमिका, भार्या र माता हुँदाका स्वतन्त्र निर्णयहरूलाई उपन्यासकारले देखाएका छन् । उक्त उपन्यासका तीनघुम्तीका रूपमा देखिएकी इन्द्रमाया यस्ती युवती हो जसका अगाडि पिताम्बर एउटा साधारण मान्छे मात्र हो । उसले गरेका निर्णयका लागि इन्द्रमायालाई साहसी मान्नुपर्छ । यसैले इन्द्रमाया आफ्ना पतिको अधीनमा शाषित भएर बस्ने नारीभन्दा धेरै माथि छे । त्यही अवस्थाको समर्थनको लागि कोइरालाले **तीनघुम्ती** उपन्यास लेखेको बुझिन्छ (भण्डारी र अन्य, २०६६ : २५७) । इन्द्रमायाको अन्तर तहमा रहेको अतृप्त यौन आकाङ्क्षा र मातृत्व प्राप्तिका लागि परपुरुष रमेशसँग यौनसम्बन्ध स्थापित गरी यौनको चरम सन्तुष्टि प्राप्त गर्दै सन्तानेच्छालाई पूरा गरेको सन्दर्भ उल्लेख गरिएको छ । नारी मनका दमित यौनकुण्ठालाई परपुरुषकै माध्यमबाट भए पनि पूरा गरेर मातृत्वको भोकलाई समेत समन गरेको प्रसङ्गको अभिव्यक्ति भएको छ (अधिकारी, २०५७ : ३१) । यस उपन्यासमा इन्द्रमायाले १६ वर्षको उमेरमा अन्तरजातीय पुरुष पीताम्बरसँग प्रेम विवाहको निर्णय गर्नु, २५ वर्षको उमेरमा श्रीमान् जेल परेपछि परपुरुष रमेशसँग यौन सम्बन्ध राख्नु र २७ वर्षको उमेरमा रमेशको सम्बन्धबाट जन्मिएकी छोरीलाई स्वीकार गरी पीताम्बर र घर गृहस्थी त्यागेर हिँड्ने सङ्घर्षशील स्वतन्त्र निर्णयका ३ वटा घुम्तीहरू नै उपन्यासकी प्रमुख नायिका इन्द्रमायाका तीनघुम्ती मानिएको छ । यिनै भावका दृष्टिबाट उपन्यासको शीर्षक सान्दर्भिक रहेको छ ।

**तीनघुम्ती** (२०२५) उपन्यास कोइरालाको औपन्यासिक सिर्जनाको पहिलो कृति हो । अल्पपात्रहरूको सीमित संरचनामा निर्मित उक्त उपन्यास नारीकेन्द्री यौन मनोविश्लेषणात्मक उपन्यास रचना हो । यसमा पुरुष र नारी दुवै पात्रको मनोविश्लेषण गरिएको छ । यस दृष्टिले हेर्दा **तीनघुम्ती** उपन्यासमा महिला र पुरुष दुवै लिङ्गको कार्य भूमिका उल्लेख्य रहेको पाइन्छ । लिङ्गद्वारा परिभाषित भूमिका संसारभरि एउटै हुन्छ ।

जस्तै- नारीबाट बच्चा जन्मनु । यो समाजबाट निर्धारित हुने हुँदा समाजपिच्छे फरक पर्न सक्छ र समय परिस्थिति अनुसार यो बदलिन सक्छ । पात्रको भूमिकापरक कोणबाट अध्ययन गर्दा तीनघुम्ती उपन्यासमा नारी र पुरुष दुवैको समान महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । कार्यका आधारमा तिनीहरूको औपन्यासिक भूमिका विश्लेषण गर्न सकिन्छ । यस उपन्यासमा प्रमुख रूपमा इन्द्रमाया, पीताम्बर र रमेशको भूमिका रहेको छ भने अन्यमा पसल्नी इन्द्रमायाका बाबु-आमा, परिवारका अन्य सदस्यहरू, साथीहरू, युवक, पसल्नी बूढीकी नातिनी, पीताम्बरका राजनीतिक साथीहरू, कमिसनरहरू र सैनिकहरू रहेका छन् । पात्रको यो भीडमा पीताम्बर, इन्द्रमाया र रमेशको त्रिकोणात्मक संयोजन रहेकाले थोरै पात्रहरू रहेको उपन्यास भन्न सकिन्छ (भण्डारी र अन्य, २०६६ : २७६) । यसप्रकार तीनघुम्ती अल्प पात्रहरूको संरचनामा आधारित सशक्त उपन्यास हो ।

प्रस्तुत शोधकार्य विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पुरुष पात्रको विश्लेषण रहेको हुँदा मूलतः कृतिमा प्रयुक्त पुरुष चरित्रको भूमिका, तिनको औचित्य, महत्त्व र विविध प्रवृत्ति आदिमा आधारित रहेको छ । तिनै विविध कोणबाट अध्ययन, शोध विश्लेषण गर्ने क्रममा यस अध्यायमा **तीनघुम्ती** उपन्यासमा प्रयुक्त पुरुष पात्रको कार्य भूमिका, प्रवृत्ति आदिको मूल्याङ्कन गरिएको छ । मूलतः ती पात्रहरूलाई प्रमुख, सहायक र गौण पात्रहरूका आधारमा वर्गीकरण गरी तिनको चारित्रिक विश्लेषण गरिएको छ । उपन्यासको पात्रविधानगत विश्लेषणको मूल सैद्धान्तिक मान्यतालाई अवलम्बन गरी तिनैको सापेक्षतामा पुरुष पात्रका विविध मनोवृत्ति, स्वभाव, भोगेच्छा, चेतन, अर्धचेतन र अचेतन तीनवटै अवस्थाको मानसिक विश्लेषण, तिनले भोगेका थुप्रै सङ्घर्ष, नियति, परिणति र त्यसले वैयक्तिक तथा सामाजिक जीवनमा पारेको प्रभावजस्ता कुराहरूलाई प्रमुख, सहायक र गौण पात्रहरूको समूह विभाजनको आधारमा, लिङ्ग, कार्यभूमिका, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका कोणबाट यसप्रकार अध्ययन विश्लेषण गरिएको छ :

### ४.२.१ तीनघुम्ती उपन्यासमा प्रमुख पात्र

**तीनघुम्ती** उपन्यासमा विविध पात्रहरूको संयोजन रहेको छ । कार्य भूमिकाको आधारमा हेर्दा पीताम्बर उपन्यासको प्रमुख पुरुष पात्र वा इन्द्रमायाको पति र प्रेमीको रूपमा

रहेको छ । ऊ पञ्चायती शासनकालको राजनीतिक उथलपुथलका कारण जेल परेर निरीह जीवन बिताउन विवश छ । ऊ इन्द्रमायाका अगाडि एउटा सानो मान्छे मात्र हो । रमेशसँग यौन सम्बन्ध राख्ने आफ्नी पत्नी इन्द्रमायालाई छोरी त्याग गरे स्वीकार्य हुने कुरा गर्ने कमजोर मानसिकता भएको पात्रका रूपमा उपस्थित छ । तर अर्कोसँग शारीरिक सम्बन्ध कायम गरिसकेकी पत्नीलाई अर्काबाट जन्मिएकी छोरीलाई उसकै बाबुको जिम्मा लगाइदिएर इन्द्रमायालाई पत्नीका रूपमा स्वीकार्न तयार रहेको अभिव्यक्ति निम्न वाक्यांशबाट स्पष्ट पार्न सकिन्छ - “तिमीले छोरीलाई पन्छायौ भने हाम्रो सम्बन्ध फेरि सहज भएर जान्छ” । “इन्द्रमाया एउटा कुरा गर । तिमी आफ्नी छोरीलाई रमेशको जिम्मा लगाइदेऊ, अनि सब ठीक हुँदै जान्छ” (कोइराला, २०२५ : ६६-६७) ।

उक्त भनाइको आधारमा उपन्यासको प्रमुख पात्र अर्थात् नायक पीताम्बर हो र उसकै केन्द्रीयतामा उपन्यासले गति लिएको छ । यसरी इन्द्रमायाको श्रीमान् वा पतिको जिम्मेवारी बोकेको पीताम्बर कथानक आरम्भदेखि मध्य र अन्त्यसम्म आई पुरुष पात्रको प्रमुख भूमिका बहन गरेको छ । यसकारण ऊ उपन्यासको अनिवार्य प्रमुख पुरुष पात्र भएको हो । यहाँ पात्र विधानका आधारमा प्रमुख सहायक र गौण पुरुष पात्रहरूको विश्लेषण यसप्रकार गरिएको छ :

### (क) लिङ्गका आधारमा प्रमुख पुरुष पात्र : पीताम्बर

**तीनघुम्ती** उपन्यासको प्रमुख पुरुष पात्र पीताम्बर हो । ऊ लिङ्गका आधारमा पुरुष पात्र हो । जातभात र धन दौलतभन्दा आत्मीय प्रेम ठूलो हुन्छ भन्ने धारणा बोकेको पीताम्बर इन्द्रमायाको प्रेमी, श्रीमान्, इन्द्रमायाका बाबु आमाका ज्वाइँ, उसको घरमा आमाबाबुको छोरो अर्थात् एक सदस्य आदिका परिचयात्मक भूमिकाका आधारमा पीताम्बर पुरुष पात्र भएको पुष्टि हुन्छ । यसैगरी प्रारम्भमा इन्द्रमायालाई प्रेमी बनेर सहपाठी र प्रेमभावको भूमिका प्रदान गर्ने, आफ्नो घरमा एक जिम्मेवार पुरुष तथा इन्द्रमायासँगको प्रेम विवाहपछि उसको श्रीमान् बनी घरायसी जिम्मेवारी र पतित्त्वको भूमिका समेत सफल रूपमा निर्वाह गरेको हुँदा ऊ उपन्यासको प्रमुख पुरुष पात्र हो ।

### (ख) कार्य भूमिकाको आधारमा प्रमुख पात्र

**तीनघुम्ती** उपन्यासमा पीताम्बर, इन्द्रमाया र रमेश आदिको त्रिकोणात्मक प्रेम सम्बन्ध र तिनको उत्कर्ष अवस्था देखाइएको छ । साथै कथानकको मध्य भागदेखि घटनाक्रमले विश्रृङ्खलित मोड समातेको छ । पीताम्बर बाबु आमाको सहारा छोरो, यौवन र प्रेमको भोको रहेकी इन्द्रमायाको पति, घर परिवार र समाजको एक जिम्मेवार नागरिक, राजनीतिक पार्टीको सक्रिय व्यक्तित्व, आधुनिक युगको संवाहक, परम्पराको विरोधी र परिवर्तनको अनुयायी जस्ता विविध कोणबाट हेर्दा ऊ उपन्यासमा कार्य भूमिकाको आधारमा प्रमुख पुरुष पात्र रहेको बुझिन्छ । उपन्यासको घटनाक्रमको आरम्भ, विकास, उत्कर्ष हुँदै अन्त्यसम्मै केन्द्रीय भूमिका निर्वाह गरेको र उसको अभावमा उपन्यास अपूर्ण बन्ने हुँदा पीताम्बर यस उपन्यासको प्रमुख कार्य भूमिका बहन गर्ने प्रमुख पुरुष पात्र मानिन्छ ।

### (ग) प्रवृत्तिका आधारमा प्रमुख पात्र

उपन्यासमा मूलत : दुई प्रवृत्तिका पात्रहरू रहेका हुन्छन्- अनुकूल र प्रतिकूल । अनुकूल पात्रले उपन्यासलाई सत् र आदर्शतर्फ डोऱ्याउँछ भने प्रतिकूल पात्रले उपन्यासको कथानकलाई असत् मार्गमा हिँडाउँछ । यस दृष्टिले हेर्दा **तीनघुम्ती**को पीताम्बर अनुकूल प्रवृत्ति भएको पात्र हो । प्रारम्भमा आफ्नो कर्तव्य, दायित्व र छोराको आचरण, धर्म-संस्कार आदि कुराको विरोधी देखिए तापनि बाबु आमाको इच्छा विपरीत नेवार जातकी छोरीलाई ब्राह्मण परिवारमा भित्र्याउनु जस्ता प्रवृत्तिहरू प्रतिकूल देखिए पनि आफ्नो र प्रेमिका अर्थात् इन्द्रमायाको निम्ति एउटा असल प्रेमी र पतिको दायित्व पूरा गर्नु, पत्नीलाई सुख सयलमै राख्नु, आफ्नो कर्तव्यमा निरन्तर लाग्नु, लक्ष्यमा पुग्न निरन्तर सङ्घर्ष गरिरहनु, नयाँ आधुनिक युग अनुकूल चल्नु, नैतिकवान् र इमानदार बन्नु, परिवारमा इन्द्रमायाका हठी अडानका निम्ति सरल, धैर्य र सहनशील बनेर रहनु, राजनीतिको नाममा जेल परे पनि मुक्त भएपछि इन्द्रमायालाई सम्झिएर घर आउनु, इन्द्रमायाले परपुरुष (रमेश) को अवैध सम्बन्धबाट छोरी जन्माएको बोध भएपछि रमेशलाइ जिम्मा दिए पुनः पहिलेकै अवस्थामा इन्द्रमायालाई स्वीकार गर्ने वचन दिनु, परिवार र समाजको नजरमा

सच्चा र आदर्श बनेर बाँकी जीवन जिउने अभिलाषा र दृढता राख्नु जस्ता स्वभाव र प्रवृत्ति पीताम्बरमा भएको हुँदा ऊ यस उपन्यासको अनुकूल वा सत् प्रवृत्तिको पात्र हो ।

**(घ) स्वभावका आधारमा प्रमुख पात्र**

स्वभावका दृष्टिले हेर्दा **तीनघुम्ती**मा गतिशील र गतिहीन (स्थिर) दुई किसिमका पुरुष पात्र रहेका छन् । पीताम्बर उपन्यासको स्थिर स्वभाव भएको पात्र हो । उसमा आफ्ना विचार, चिन्तन, उद्देश्य, कार्यशैली र लक्ष्य एकै प्रकृतिको रहेको छ । उसमा प्रारम्भदेखि अन्त्यसम्म नै स्थिर स्वभाव पाइन्छ । परिवारको इच्छा विपरीत आफ्नै स्वनिर्णयमा इन्द्रमायासँग प्रेम गर्नु र त्यसलाई स्थायित्व प्रदान गर्न विवाह गर्नु, इन्द्रमायालाई विवाहपछि पनि प्रेमकै ओहोदामा राख्नु, रिस, ईर्ष्या, घमण्ड र वैरभाव नराख्नु, स्वार्थको पछि नलाग्नु, राजनीतिको नाममा आफू जेलको कष्ट सहेर पनि साथी र अरूको पोल नखोल्नु, जेलमुक्त भएपछि आफ्नी अर्धाङ्गिनी इन्द्रमायालाई सम्झेर पुन : घर गृहस्थी सम्हाल्नु, इन्द्रमायालाई पहिलेकै अवस्थामा स्वीकार्ने वचन दिनु जस्ता स्वभावहरू पीताम्बरमा देखिएको हुँदा ऊ गतिहीन स्वभाव भएको प्रमुख पुरुष पात्र हो ।

**(ङ) जीवनचेतनाको आधारमा प्रमुख पात्र**

उपन्यासमा प्रयुक्त पात्रहरूको मानसिक बोध र चेतनाको अवस्थालाई जीवनचेतना भनिन्छ । यसलाई वैयक्ति र सामूहिक वा वर्गीय चेतना गरी दुई भागमा बाँडेर हेर्न सकिन्छ । उसले इन्द्रमायासँगको प्रेम सम्बन्धदेखि विवाह गर्ने निर्णय लिनु, आफ्नो कर्ममा निरन्तर लाग्नु, साथीभाइ र पत्नीलाई आवश्यकता र अवस्था अनुकूल व्यवहार गर्नु, धैर्य, सहनशील, सहयोगी, इमानदारी र लगनशील बनिरहनु, एउटा जिम्मेवार पति र घरमुलीको भूमिका बहन गर्नु, रमेश नामको पर पुरुषसँगको यौन सम्बन्धपछि छोरी जन्मिएको सत्यता थाहा पाएर पनि सामाजिक वर्गीय चेतनामाथि उठेर आफ्नी श्रीमती इन्द्रमायालाई ग्रहण गर्ने प्रतिबद्धता गर्नु जो सामाजिक मर्यादा विपरीत मानिन्छ । यी विविध सोच र चिन्तनहरू केवल

पीताम्बरको नितान्त वैयक्तिक जीवनदर्शन वा वैचारिक चिन्तन भएको हुँदा ऊ यस उपन्यासको नितान्त वैयक्तिक जीवनचेतना बोकेको पात्र मान्न सकिन्छ ।

**(च) आसन्नताका आधारमा प्रमुख पात्र**

आसन्नताका कोणबाट हेर्दा तीनघुम्तीका प्रमुख पात्र पीताम्बर मञ्चीय पात्र हो । ऊ उपन्यासको कथानक आरम्भदेखि अन्त्यसम्मै प्रत्यक्ष र परोक्ष रूपमा देखा परेको छ । इन्द्रमायासँगको प्रेमपूर्वको अवस्था, प्रेमकालीन अवस्था, विवाह र विवाहपछिको सुखमय अवस्था अनि केही समय लोप भएर अन्ततः आफ्नो घरमा इन्द्रंमायासँग देखिएको छ । पर पुरुषको सम्बन्धबाट जन्मिएकी छोरीलाई लिएर इन्द्रमायाले गृहत्याग गरेपछि पीताम्बरले पनि दोस्रो विवाह गरी सन्तानहरूको पालनपोषण गरेको छ । यसरी उसले आफ्नो पुरुषत्वको पारिवारिक-सामाजिक जिम्मेवारीको भूमिका निर्वाह गरी बसेपछि उपन्यासको अन्त्य भएको र ऊ उपन्यासको सवैतिर प्रत्यक्ष देखिएको हुँदा पीताम्बर उपन्यासको मञ्चीय प्रमुख पुरुष पात्र रहेको स्पष्ट हुन्छ ।

**(छ) आबद्धताका आधारमा प्रमुख पुरुष पात्र**

पात्र विधानको सिद्धान्त अनुसार आबद्धताका आधारमा बद्ध र मुक्त गरी दुई प्रकारका पात्रहरू हुन्छन् । **तीनघुम्ती**मा प्रयुक्त पीताम्बर कार्य भूमिकाका रूपमा बद्ध पुरुष पात्र हो । ऊ उपन्यासको आदिदेखि अन्त्यसम्मै रहेको छ । साथै उसकै केन्द्रीयतामा कथानक विकास, विस्तार, उत्कर्ष र अन्त्य भएको छ । पीताम्बरविना उपन्यासले गति नलिई सार्थक बन्न सक्दैन । इन्द्रमायासँगको सहपाठी हुँदै प्रेमी र पति बनी एउटा घरको मुली वा जिम्मेवार व्यक्ति बनेर आफ्नो कर्तव्य निर्वाह गरेको अनि जेलको कठिन समय गुजारी पुनः आफ्नै पत्नी र घरलाई सम्हाल्न पुग्नु जस्ता घटना, प्रवृत्तिगत कार्य भूमिकाका आधारमा पीताम्बर उपन्यासको बद्ध पात्र हो । यसरी ऊ उपन्यासमा एउटा सहपाठी, प्रेमी, श्रीमान्, छोरा, ज्वाइँ, सहयोगी मित्र आदि विभिन्न रूपमा बाँधिएको छ । अतः उसलाई आसन्नताका आधारमा प्रमुख बद्ध पुरुष पात्र हो भन्न सकिन्छ ।

## ४.२.२ तीनघुम्ती उपन्यासमा सहायक पुरुष पात्र खलपात्र

**तीनघुम्ती** उपन्यासको सहायक पात्रको रूपमा खलपात्र रमेश आएको छ । पीताम्बर जेल परेपछि प्रारम्भमा खानेकुरा, लत्ताकपडा, घरायसी सरसहयोग तथा सूचना आदानप्रदानको रूपमा पीताम्बरलाई झूटो र स्वार्थपूर्ण सहयोग गरेपनि पछि इन्द्रमायासँग भाउजूको रूपमा सम्बन्ध स्थापित गर्दै अवैध यौन सम्पर्क राखेर इन्द्रमायाको यौवनमा खेलवाड गर्ने यौन पिपासु रमेश वास्तवमै उपन्यासको खलपात्र हो । उसकै असत् र व्यभिचारीपनका कारण पीताम्बरको सुन्दर घरबार लथालिङ्ग हुन पुगेको छ । यसैकारण बेसहारा छोरी बोकेर इन्द्रमाया आफ्नो सुनौलो घर त्यागेर हिँड्न विवश भएकी छे । यसको मूल कारण प्रेमी रमेश नै भएको हुनाले ऊ उपन्यासको खलपात्र रहेको स्पष्ट हुन्छ । उसले प्रमुख पात्र पीताम्बर र इन्द्रमायाको निम्ति सहयोगी भूमिका भन्दा पनि खलनायकको भूमिका बहन गरेको छ । रमेशको खलपात्रीय भूमिकालाई उपन्यासमा यसरी चित्रण गरिएको छ-

> "पीताम्बरको साथी र इन्द्रमायाको देवरको रूपमा देखा परेको रमेश जेल परेपनि चाँडै छुटेको छ । ऊ इन्द्रमायासँग पहिलेदेखि नै नजिक रहेको यौनाशक्त पात्रका रूपमा उपस्थित भएको छ । उसले इन्द्रमायाको एक्लोपनको फाइदा उठाएर यौन कार्यमा समाहित हुन्छ र उसलाई गर्भवती तुल्याउँछ । यसरी रमेश इन्द्रमायालाई मातृत्वको स्तरमा पुऱ्याउने पुरुषजन्य सहायक भूमिकाको रूपमा देखिए तापनि इन्द्रमाया र पीताम्बरको दाम्पत्य सम्बन्धलाई भताभुङ्ग बनाउने काममा सफल भएको छ । ऊ यौन पिपासु पात्र हो (भण्डारी र अन्य, नेपाली गद्य र नाटक : २०६६ : २७८) ।"

यसरी रमेश तीनघुम्ती उपन्यासमा सहायक पात्रको रूपमा उपस्थित भएर खलपात्रको सशक्त प्रतिरूप बनेर आएको छ । पात्रविधानको सैद्धान्तिक आधारमा उसको चरित्र चित्रण यसप्रकार गरिएको छ :

### (क) लिङ्गका आधारमा सहायक पात्र (खलपात्र)

**तीनघुम्ती** उपन्यासमा खलपात्रको भूमिका प्रमुख रहेको छ । सहायक पात्रको रूपमा स्थापित रमेश उपन्यासको पुरुष पात्र हो । उसले उपन्यासको कथानक र

उद्देश्यलाई जटिलतातर्फ धकेलेको छ । यसरी ऊ तीनघुम्तीमा लिङ्गका आधारमा पुरुष पात्र हो ।

**(ख) कार्यका आधारमा सहायक पात्र**

उपन्यासमा कार्यका आधारमा प्रमुख, सहायक र गौण पात्रहरू हुन्छन् । तिनले आ-आफ्नो भूमिका अनुरूप कार्य गरी उपन्यासलाई गति प्रदान गरी फलादेशसम्म पुऱ्याउँछन् । रमेश तीनघुम्तीमा सहायक भूमिका बहन गर्ने खलपात्र हो । नायक वा प्रमुख पात्र पीताम्बरको रूपमा दोस्रो भूमिका निभाउने रमेश उपन्यासमा सहायक भूमिकामा देखिएको छ । ऊ असत् प्रवृत्ति र प्रतिकूल व्यवहारले युक्त छ ।

**(ग) प्रवृत्तिको आधारमा सहायक पात्र**

उपन्यासमा सत् र असत् प्रवृत्तिका पात्रहरू संलग्न रहन्छन् । सत् पात्रहरू अनुकूल प्रवृत्तिका हुन्छन् भने असत् पात्रहरू प्रतिकूल प्रवृत्तिका हुन्छन् । तीनघुम्ती उपन्यासमा विश्लेषित रमेश प्रतिकूल सहायक पात्र अर्थात् खलपात्र हो । पीताम्बर र इन्द्रमायाको परेवी जोडीलाई व्याधाले वाण हानेर तितरवितर बनाएजस्तै यौवन र यौनको भोगेच्छापछि आफ्नो कर्तुतलाई लुकाउन गर्भिणी इन्द्रमायालाई छोडेर भाग्नु उसको प्रतिकूल नियतिको मूल कारण हो । यसरी रमेश उपन्यासमा प्रतिकूल प्रवृत्तिको सहायक वा खलपात्र हो ।

**(घ) स्वभावका आधारमा सहायक पात्र**

उपन्यासमा प्रयुक्त पात्रहरू स्थिर र अस्थिर स्वभावका हुन्छन् । आख्यानको मोड अनुरूप कार्यशैली, विचार, स्वभाव, व्यवहार आदिमा परिवर्तन देखिने पात्र अस्थिर पात्र हुन् भने तिनमा फेरबदल नभई उपन्यासको आदिदेखि अन्त्यसम्म एकै प्रवृत्ति देखिने पात्र स्थिर पात्र हुन् । यस दृष्टिले हेर्दा **तीनघुम्ती**को सहायक पात्र एवम् खलपात्र रमेश अस्थिर स्वभावको पात्र हो । प्रारम्भमा पीताम्बरको साथीको रूपमा घरसम्म आउजाऊ गर्ने रमेश इन्द्रमायाँसँग झूटो र स्वार्थपूर्ण अवैध सम्बन्ध

गाँसी इन्द्रमाया गर्भिणी भएपछि टाढिएको छ । उसको स्वभावमा परिवर्तन आएको छ । यसरी गैर जिम्मेवारी रूपमा त्यहाँबाट पन्छिनु जस्ता गतिविधिका कारण रमेश अस्थिर वा परिवर्तनशील स्वभाव भएको सहायक पात्र मान्न सकिन्छ ।

**(ङ) जीवनचेतनाका आधारमा सहायक पात्र**

**तीनघुम्ती** वैयक्तिक र सामूहिक (वर्गीय) दुवै चेतना बोकेको यौन मनोविश्लेषणात्मक उपन्यास हो । यस दृष्टिले हेर्दा रमेश वैयक्तिक चेतना बोकेको सहायक (खलपात्र) हो । उसले प्रारम्भमा पीताम्बरलाई दाजुको साइनो र इन्द्रमायालाई भाउजूको नाताबाट सम्बन्ध विस्तार गरी अन्ततः भाउजू समानकी नारीलाई आफ्नो अवैध श्रीमती बनाई गर्भवती भएपछि आवतजावत नै बन्द गर्ने स्वभाव र नियतका कारण तीनघुम्तीको रमेश जीवन चेतनाको कोणबाट हेर्दा नितान्त वैयक्तिक सहायक (खलपात्र) पात्र मानिन्छ ।

**(च) आसन्नताका आधारमा सहायक पात्र/खलपात्र**

सहायक पुरुष पात्रहरू आसन्नताका आधारमा मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । मञ्चीय पात्र उपन्यासको आदि, मध्य, र अन्त्य तिनवटै भागमा आउन सक्छन् भने नेपथ्य पात्रहरू त्यसरी देखिन सक्दैनन् । उनीहरू कहीँकतै सङ्केत, स्मरण आदिका रूपमा उपन्यासमा देखिन्छन् । प्रस्तुत उपन्यासमा प्रयुक्त सहायक पात्र वा खलपात्र रमेश उपन्यासको मञ्चीय पात्र हो र ऊ उपन्यासको सबैतिर देखिएको छ ।

**(छ) आबद्धताका आधारमा सहायक पात्र**

उपन्यासमा बद्ध र मुक्त दुई किसिमका पात्रहरू रहेका हुन्छन् । कथानक आदिदेखि अन्त्यसम्म कार्य भूमिका निभाउने तथा उपन्यासबाट हटाउँदा कृतिको उद्देश्यमा बाधा पुऱ्याउने पात्र बद्ध पात्र हो । यस अनुरूप **तीनघुम्ती**को खलपात्र (खलनायक) वा बद्ध सहायक पात्र रमेश हो । उसले उपन्यासमा आदिदेखि अन्त्यसम्मै आई आफ्नो कार्यभूमिका बहन गरेको हुँदा उसलाई आबद्धताका

आधारमा बद्ध पात्र भन्न सकिन्छ । उसको चारित्रिक स्वभाव र प्रतिकूल प्रवृत्ति एवम् तिनैका दुष्कर्ममा पुरुष पात्रको यथार्थको गहिराइमा पुगिएको छ । उसको अभावमा उपन्यासले प्रतिकूल खलपात्रको सार्थकता प्राप्त गर्न नसक्ने वा पुरुष यौन व्यभिचारी, स्वार्थी र अवसरवादी प्रवृत्तिको सफल चित्रण नहुने हुँदा रमेश उपन्यासको बद्ध सहायक (खलपात्र) हो ।

## ४.२.३ तीनघुम्ती उपन्यासमा गौण पात्र

**तीनघुम्ती** उपन्यासमा थुप्रै गौण पात्रहरू- इन्द्रमायाका बाबु, रमेशका साथीहरू, पीताम्बरका साथीहरू र सैनिकहरू, पीताम्बरका जेलका साथीहरू आएका छन् । ती पात्रहरूले उपन्यासलाई विभिन्न रूपमा प्रसङ्ग र समय सन्दर्भ वा परिस्थिति अनुसार कथानकलाई रोचकता र कौतूहलता प्रदान गरी उपन्यासलाई उद्देश्यपूर्ण बनाउन सहयोग पुऱ्याउँछन् । उपन्यासको पात्र विधानका सैद्धान्तिक आधारमा तीनघुम्ती उपन्यासको गौण पात्रहरूको अध्ययन विश्लेषण यसप्रकार गरिएको छ :

### (क) लिङ्गको आधारमा गौण पात्र

**तीनघुम्ती** उपन्यासमा प्रमुख पात्रका साथै गौण पात्रको पनि सहभागिता रहेको छ । तिनले उपन्यासलाई विविध रूपबाट सहयोग गरी उद्देश्यसम्म पुऱ्याएका छन् । पुरुष गौण पात्रका कोणबाट हेर्दा तीनघुम्तीमा इन्द्रमायाका बाबु, रमेश र पीताम्बरका साथीहरू तथा सैनिकहरू रहेका छन् । यसरी ती सबै लिङ्गका आधारमा पुरुष गौण पात्रहरू हुन् ।

### (ख) कार्यको आधारमा गौण पात्र

**तीनघुम्ती** उपन्यासमा कार्य भूमिकाका आधारमा थुप्रै गौण पात्रहरूको उपस्थिति पाइन्छ । गौण पात्रहरूले प्रमुख र खलपात्रलाई विभिन्न कोणबाट सहयोग गरेका छन् । पीताम्बरलाई सहयोग गर्ने साथीहरू सत् र रमेशलाई सहयोग गर्ने साथीहरू असत् प्रवृत्तिको कार्य भूमिकामा देखा परेका छन् ।

**(ग) प्रवृत्तिका आधारमा गौण पात्र**

**तीनघुम्ती**का गौण पात्रहरू अनुकूल र प्रतिकूल गरी दुई रूपबाट देखा परेका छन् । पीताम्बरलाई सहयोग गर्ने पात्रहरू अनुकूल र रमेशलाई सहयोग गर्ने पात्रहरू प्रतिकूल चरित्रका रहेका छन् । रमेशका सहयोगी गौण पात्रहरूले इन्द्रमायाप्रतिको प्रेमसम्बन्ध विस्तार गर्न आन्तरिक रूपमा सहयोग गरेको देखिन्छ भने पीताम्बरका सहयोगी गौण पुरुष पात्रका रूपमा चाहिँ सैनिक साथीहरू र उसको जेल जीवनका सहयात्रीहरू रहेको पाइन्छ ।

**(घ) स्वभावका आधारमा गौण पात्र**

**तीनघुम्ती**मा गतिशील र गतिहीन (स्थिर) दुवै स्वाभावका गौण पुरुष पात्रहरू संलग्न छन् । पीताम्बरका राजनीतिक सहयोगी तथा जेलका सहयात्रीहरू स्थिर स्वभाव बोकेका पात्र हुन् । त्यस्तै, इन्द्रमायाको बाबु पनि स्थिर स्वभाव भएको पात्र हो । प्रारम्भदेखि नै इन्द्रमायालाई प्रेम र विवाह गरेको देख्न नचाहने पात्र अन्ततः गएर छोरी र ज्वाइँलाई नै त्यागेर सदाका लागि सम्बन्धको ढोका बन्द गर्दछ । यसरी दुवै खाले पात्रहरूमा एकै स्वभाव देखा पर्दछ । यद्यपि पीताम्बरका साथीहरूको पीताम्बरप्रति सहयोगी भावना पाइन्छ । उता रमेशका साथीहरू स्वभावका दृष्टिले गतिशील देखिन्छन् । आफ्नो र रमेशको क्षणिक स्वार्थको निम्ति परिस्थितिजन्य व्यवहार गर्ने ती पात्रहरूले रमेशलाई इच्छानुकूल सहज वातावरणमा छोडिदिने र आफूहरू अन्यत्र लाग्ने गर्दछन् । यसरी इन्द्रमायाको बाबु र पीताम्बरका साथीहरू स्थिर स्वभावका पात्र हुन् भने रमेशका साथीहरू गतिशील भूमिका बहन गर्ने पुरुष गौण पात्रहरू हुन् ।

**(ङ) जीवनचेतानाका आधारमा गौण पात्र**

**तीनघुम्ती** उपन्यासको जीवनदर्शन वैयक्तिक र वर्गीय दुवै प्रकृतिको देखिन्छ । इन्द्रमायाको बाबुले छोरी इन्द्रमाया र ज्वाइँ पीताम्बरलाई विवाहपछि जीवन्त त्यागिदिनु नितान्त वैयक्तिक चेतनाको उपज हो । त्यसैगरी रमेशका साथीहरूले रमेशलाई स्वतन्त्र र इच्छानुकूल एक्ली नारी इन्द्रमायाको घरमा रात

बस्नेगरी हिँड्नु जस्ता चिन्तन, विचार वैयक्तिक चेतानाबाट सिर्जित यौन मनोकाङ्क्षाको सिद्धान्त नै मान्न सकिन्छ । त्यस्तै, पीताम्बरका सहयोगी साथीहरू, सैनिक, जेलका साथीहरू भने वर्गीय जीवनदर्शन बोकेका पात्र हुन् । तिनले सामूहिक चेतनाको उपजबाट पीताम्बरको जीवनलाई बुझेर सहयोग पुऱ्याएका छन् ।

**(च) आसन्नताका आधारमा गौण पात्र**

आसन्नताका कोणबाट हेर्दा **तीनघुम्ती** मञ्चीय र नेपथ्य दुवै पुरुष गौण पात्रको भूमिकामा संरचित उपन्यास कृति हो । उपन्यासमा इन्द्रमायाको बाबु, रमेशका साथीहरू मञ्चीय पात्र हुन् भने पीताम्बरका साथीहरू नेपथ्य पात्रहरू हुन् । रमेशका साथीहरू र इन्द्रमायाका बाबुले आख्यानमा प्रत्यक्ष भूमिका बहन गरेका छन् भने पीताम्बरका सैनिक तथा जेलका सहयोगी सबै साथीहरू नेपथ्य पुरुष गौण पात्रहरू हुन् । यसरी दुवै पक्षका पात्रहरूले आवश्यकतानुकूल उपन्यासमा आ-आफ्ना कार्य भूमिका निर्वाह गरी उपन्यासलाई सार्थक तुल्याएका छन् ।

**(छ) आबद्धताका आधारमा गौण पात्र**

उपन्यासमा बद्ध र मुक्त दुई किसिमका पात्रहरू रहेका हुन्छन् । **तीनघुम्ती** उपन्यासमा प्रयुक्त गौण पुरुष पात्रहरू भने आबद्धताका दृष्टिले मुक्त पुरुष गौण पात्रहरू हुन् । इन्द्रमायाका बाबु, रमेशका साथीहरू र पीताम्बरका जेलका साथीहरू तथा राजनैतिक साथीहरू, समय र परिस्थिति अनुकूल देखा परी उपन्यासको प्रमुख र खलपात्रलाई सहयोग गर्ने पात्रहरू हुन् । इन्द्रमायाको बाबु कथानक आरम्भमा अनि रमेशका साथीहरू तथा पीताम्बरका साथीहरू उपन्यासको मध्य भागसम्म देखिएका छन् र अन्त्यमा देखिएका छैनन् । यसकारण ती मुक्त पात्र हुन् । यसरी मुक्त पात्र स्वतन्त्र भई आवश्यकतानुकूल देखिने र बद्ध पात्र कथानक आदि हुँदै मध्य र अन्त्यसम्मै रहने हुँदा तीनघुम्तीका पुरुष गौण पात्रहरू आबद्धताका आधारमा गौण पात्र हुन् भन्न सकिन्छ ।

### ४.२.४ निष्कर्ष

**तीनघुम्ती** अल्प पात्रहरूकै संयोजनमा संरचित यौन मनोविश्लेषणात्मक उपन्यास कृति हो । मूलतः नारीकेन्द्री चरित्रलाई प्रधानता दिएर उपन्यासकार कोइरालाले यसमा इन्द्रमायालाई मुख्य भूमिका प्रदान गरेका छन् । प्रेम र यौन मानव जीवनको अपरिहार्य पक्ष हो जसको पूर्तिको निम्ति मानिसले जस्तोसुकै चुनौतीको पनि सामना गर्न पछि पर्दैन भन्ने कुरा उपन्यासमा देखाइएको छ । उपन्यासकी नायिका इन्द्रमायाकै केन्द्रीयतामा उपन्यासको आख्यान र उद्देश्य केन्द्रित रहे तापनि प्रस्तुत शोध विश्लेषणको दृष्टिले पुरुष पात्रको कोणबाट मात्र अध्ययन गरी निष्कर्षमा पुगिएको छ । उपन्यास विश्लेषणको पात्र विधानगत सैद्धान्तिक परिधिभित्र रही प्रमुख, सहायक र गौण पुरुष पात्रहरूको अध्ययन विश्लेषणको कोणबाट हेर्दा **तीनघुम्ती**मा इन्द्रमायाका पति पीताम्बर प्रमुख पुरुष पात्र हो । उसकै केन्द्रीय भूमिकामा उपन्यासले सार्थकता चुमेको छ । ऊ उपन्यासमा लिङ्गका आधारमा पुरुष पात्र, कार्य भूमिकाका आधारमा प्रमुख, उपन्यासको मूल पात्र, नायिका इन्द्रमायाको प्रेमी र पति, घरको जिम्मेवार सदस्य, सक्रिय राजनीतिक कार्यकर्ता र साथीभाइका सहयोगी पात्रका रूपमा उपस्थित छ । यस दृष्टिले हेर्दा पीताम्बर प्रमुख पुरुष पात्र, अनुकूल प्रवृत्ति, गतिहीन (स्थिर) स्वभाव, वैयक्तिक चेतना बोकेको मञ्चीय र बद्ध पुरुष पात्र हो । उसकै सम्पूर्ण भूमिकामा उपन्यास संरचित छ ।

यसैगरी सहयोगी (खलपात्र) पात्रको चारित्रिक विश्लेषण र कार्य भूमिकाको कोणबाट हेर्दा रमेश नकारात्मक वा असत् र प्रतिकूल प्रवृत्ति बोकेको खलनायक चरित्र हो । रमेशले पीताम्बर जेल परेपछि इन्द्रमायाको आग्रहमा उनीहरूलाई गरेको सामान्य, कृत्रिम र स्वार्थजन्य सहयोगको बाहनामा उसको यौवन र नारी अस्मितामाथि खेलबाड गरेको छ । यसरी उसले उपन्यासमा पुरुष, खलनायक, प्रतिकूल, अस्थिर (गतिशील) स्वभाव, वैयक्तिक चेतना, मञ्चीय र बद्ध पात्रको सफल भूमिका निभाएको छ । रमेश **तीनघुम्ती** उपन्यासलाई शीर्षकीय सार्थकता प्रदान गर्ने यौन पिपासु पुरुष प्रतिनिधि पात्र हो । ऊ इन्द्रमायको सुन्दर यौवन र सुनौलो संसारलाई ध्वस्त पार्ने एउटा असत् नीच पाशविक पर्दामा उभिएको छ । यसप्रकार रमेशका यिनै नकारात्मक भूमिकामा **तीनघुम्ती**को उद्देश्य सार्थक बनेको छ ।

गौण पात्रको कोणबाट हेर्दा उपन्यासमा इन्द्रमायको बाबु, पीताम्बरको बाबु, इन्द्रमायाको देवर, रमेशका साथीहरू तथा पीताम्बरका साथीहरू लगायत सैनिकहरू रहेका

छन् । ती प्रवृत्ति र भूमिका अनुकूल पीताम्बर र रमेशका सहयोगी बनेर आएका छन् । उपन्यासको उद्देश्य र प्रयुक्त सत् असत् पात्रको इच्छा चाहना एवम् आवश्यकता अनुरूप उपन्यासमा उपस्थित भई परिस्थितिजन्य कार्य भूमिका निर्वाह गर्ने गौण पात्रहरू- लिङ्ग पुरुष, कार्य गौण भूमिका, अनुकूल/प्रतिकूल, गतिशील/गतिहीन, वैयक्तिक चेतना, नेपथ्य र मुक्त आबद्धताका विविध पुरुषकेन्द्री भूमिकामा आधारित छन् । यसप्रकार तीनघुम्ती उपन्यासमा विश्लेषित पुरुष पात्रहरू तिनका प्रमुख, सहायक वा खलपात्र र गौण भूमिका सम्बद्ध चरित्र चित्रणका दृष्टिले उपन्यासको शीर्षकीय सार्थकता, पुरुष पात्रको यौन मनोविश्लेषण, उपन्यासमा पात्रहरूको उपस्थिति र औचित्य सान्दर्भिकता रहेको छ । यसरी **तीनघुम्ती** उपन्यास पुरुष पात्रको विश्लेषणका दृष्टिले कलात्मक, प्रभावकारी, सफल, सार्थक र महत्त्वपूर्ण ठहर्छ ।

## ४.३ नरेन्द्रदाइ उपन्यासमा पुरुष पात्रको विश्लेषण

**नरेन्द्रदाइ** थुप्रै पात्र र घटनाहरूले भरिएको कलात्मक उपन्यास हो । त्रिकोणात्मक प्रेम भूमिका बहन गर्ने **नरेन्द्रदाइ** उपन्यासको प्रमुख (नायक) पुरुष पात्र हो । ब्राह्मण समाजको आदर्श परिवारमा जन्मिएर संस्कृत तथा नेपालीको राम्रो शिक्षा दीक्षा हासिल गरेको नरेन्द्र र सामान्य शिक्षा आर्जन गरेकी गौरीबिच परम्परागत विवाह भए पनि गौरीको बालसुलभता, लज्जा, शारीरिक सुगठनको कमी, प्रेम र यौवनको अपरिपक्वता जस्ता कुराहरूले गर्दा **नरेन्द्रदाइ** घरमा नोकर्नीकी रूपमा राखिएकी धानुक (तल्लो जात) की छोरी मुनरियासँगको यौवन र प्रेममा फसी पत्नी, घर र समाजलाई छोडी विदेसिएको छ । अन्ततः टि.वी.रोगले ग्रस्त भएर मरणासन्न अवस्थामा पुगेपछि आफ्नै घरमा आई पत्नी गौरीको माया, प्रेम र सेवा शुश्रूषामा मृत्यु अँगाल्न विवश प्रस्तुत उपन्यासमा पुरुष पात्रको दम्भ र अभिमानले नारीले समेत दुःख, कष्ठ भोग्नु परेको र पुरुष नरेन्द्रले अकालमै आफ्नो जीवन गुमाउन पुगेको कारुणिक, मार्मिक र संवेदनशील अवस्थाको चित्रण गरिएको छ ।

मूलतः उपन्यासको घटनावृत्त नरेन्द्रदाइकै केन्द्रीयतामा रहे तापनि सानोबाबु (म पात्र) को भूमिका पनि मूल पात्रकै रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा विविध नारी पात्रहरूको उपस्थिति र तिनको कलात्मक भूमिकाले पुरुष पात्रलाई थुप्रै कोणबाट सहयोग र पृष्ठपोषण प्रदान गरेका छन् । जसका कारण उपन्यासको गति र फलागममा समेत टेवा

पुगेको छ । यद्यपि तिनको चर्चा नगरी पुरुष पात्रमा मात्र सीमित रहेकोले म (सानोबाबु), नरेन्द्रदाइ, बाबूसाहेब, भान्दाइ, काका, पसले, तुलसीदास, पिताजी (म पात्रको बाबु), सार्की, लेलहा, लछमनिया, बयलवान, एउटा गाडीवान, किसन, भटना, मुनरियाको बाबु, एउटा मानिस, लखनमाउरको छोरो, फुपूका छोरा, भतिजाहरू, आदिका मनोभाव र तिनका कार्य भूमिका आदिको पात्र विधानगत विश्लेषणलाई प्रमुख, सहायक र गौण पात्रको रूपमा वर्गीकरण गरी यहाँ अध्ययन गरिएको छ ।

## ४.३.१ नरेन्द्रदाइ उपन्यासमा प्रमुख पात्र

नरेन्द्रदाइ उपन्यासको केन्द्रीय पुरुष पात्र हो । पत्नी गौरी र प्रेमिका मुनरियाबिच प्रेमको दोहोरो भूमिका निर्वाह गरेका नरेन्द्रदाइकै केन्द्रीयतामा उपन्यासको संरचना निर्माण भएको छ । उनले उपन्यासमा प्रमुख भूमिका निर्वाह गरेका छन् । उनकै विविध चरित्र र स्वभावका आधारमा उपन्यासले गति लिएको छ र उपन्यास प्रारम्भदेखि अन्त्यसम्म प्रवाहित भई उद्देश्यपूर्ण बन्न पुगेको छ । यस दृष्टिले हेर्दा उपन्यासमा **नरेन्द्रदाइ**को भूमिका प्रमुख, केन्द्रीय र महत्त्वपूर्ण ठर्हछ ।

विवाहिता पत्नी गौरी मन नपरेकोले घरकी मुनरिया (नोकर्नी) सँग प्रेमजालमा फस्न पुगेको यथार्थताले चर्चा पाएपछि बाबु र आमाले गाली गर्दा त्यसको उल्टै प्रतिकार गर्ने नरेन्द्रदाइलाई सानीआमाले व्यङ्ग्यको झटारो यसरी प्रहार गर्दछिन् - “तिमीमा पुरुषभित्रको पुरुष सुकिसकेको छ, बुझ्यौ ?” भन्ने अभिव्यक्तिको जवाफी उत्तरमा नरेन्द्रले किन ?” - “पुरुष हृदयको जाँच के पति पत्नीको सम्बन्धले मात्र गर्न सकिन्छ ? पति पत्नीको सम्बन्ध त्यस्तो स्वाभाविक सम्बन्ध हो, नभन्ठान्नोस् नी (कोइराला, २०२७ : ९) ?” को उत्तरको आधारमा नरेन्द्रदाइ प्रस्तुत उपन्यासमा गौरीको श्रीमान, मुनरियाको प्रेमी तथा उपन्यासकै प्रमुख पुरुष पात्र भएको कुरा स्पष्ट हुन्छ । यसरी उपन्यासका अन्य सम्पूर्ण घटना कार्यहरू नरेन्द्रदाइकै केन्द्रीय सेरोफेरोमा घटित छ । तसर्थ उनको औपन्यासिक कार्य भूमिकाको विश्लेषण यहाँ गरिएको छ ।

### (क) लिङ्गका आधारमा नरेन्द्रदाइ

विश्वेश्वरप्रसाद कोइरालाले नारीलाई विशेष प्राथमिकता र प्रधानता दिएर आख्यान रचना गर्ने भएको भए पनि नरेन्द्रदाइलाई पुरुष प्रधान उपन्यास मान्न

सकिन्छ । नरेन्द्रदाइ आफ्नै छुट्टै विशेषता र वाध्यतामा खजमजिएको पुरुष चरित्र हो । यसमा उसकै केन्द्रीयतामा उपन्यासले उत्कर्षता प्राप्त गरेको छ ।

**(ख) कार्य भूमिकाको आधारमा नरेन्द्रदाइ**

नरेन्द्र, गौरी र मुनरियाको त्रिकोणात्मक प्रेमको सेरोफेरोमा यस **नरेन्द्रदाइ** उपन्यासमा मुख्य, सहायक र गौण गरी थुप्रै पात्रहरूको भूमिका देखाइएको छ । यद्यपि आख्यानको सम्पूर्ण कार्य व्यवहार नरेन्द्रकै केन्द्रीयतामा घुमेको हुनाले यस उपन्यासको प्रारम्भदेखि विकास, उत्कर्ष र अन्त्यसम्म उनकै कार्य भूमिकाले स्थान जमाएको हुँदा नरेन्द्रदाइ, प्रस्तुत उपन्यासको प्रमुख, महत्त्वपूर्ण र अनिवार्य पुरुष पात्र मान्न सकिन्छ ।

**(ग) प्रवृत्तिको आधारमा नरेन्द्रदाइ**

नरेन्द्रदाइको प्रारम्भदेखि अन्त्यसम्मको कार्य भूमिका प्रवृत्ति र व्यवहारलाई हेर्दा मूलतः अनुकूल पात्रको भन्दा प्रतिकूल पात्रको भूमिका निर्वाह गर्ने पात्र मान्न सकिन्छ । बिहे गरेको सोझी, सरल र आदर्श श्रीमती गौरीलाई सामान्य घरायसी झगडामै त्याग्नु, बालबालिकाका अगाडि डरलाग्दो रूपमा उपस्थित हुनु, आमासँगको झगडामा घरै छोडेर हिँड्नु, घरकी नोकर्नी मुनरियासँग प्रेममा फसी विदेश पलायन हुनु, घरकी बेसहारा आमा र गौरीको वास्ता नगर्नु, पत्नी प्रेम र मातृ भावको बोध गर्न नसक्नु, टि.बी.रोगले ग्रसित भएपछि सहाराको निम्ति मात्र घर फर्कनु र अपहेलित पत्नी गौरीको काखमा जीवन त्याग गर्नु जस्ता सम्पूर्ण घटनावृत्तको कोणबाट हेर्दा नरेन्द्रदाइ यस उपन्यासको प्रतिकूल प्रवृत्ति बोकेको पात्र रहेको स्पष्ट हुन्छ ।

**(घ) स्वभावका आधारमा नरेन्द्रदाइ**

विश्वेश्वरप्रसाद कोइरालाले नरेन्द्रदाइमार्फत् पुरुष प्रधान समाजमा नारीहरूले भोग्नु परेको पीडालाई एकातिर देखाउन खोजेका छन् भने ती पुरुषका गतिशील स्वभावका कारण पुरुषको कष्टकर दुर्घटना भएको सत्यता समेत

उद्घाटन गरेका छन् । यस दृष्टिले हेर्दा उक्त उपन्यासमा नरेन्द्रदाइका विभिन्न स्वाभावको चित्रण गरिएको पाइन्छ । आफ्नो स्थिर स्वभावका कारण गौरीसँग विवाह गर्नु, केही समय सँगै रहनु, बाह्य वा देखावटी रूपमा मात्र गौरीसँगको सामान्य प्रेमभाव देखाउनु तथा अन्त्यमा गौरीकै साथमा आफ्नो रुग्ण जीवन सुम्पनु जस्ता कार्यका आधारमा स्थिर स्वभावका पात्र देखिए तापनि बाबु आमासँग झगडा गरेर बोलचाल बन्द गर्नु, सानीआमाको कुरा नखानु र विरोधमा उत्रनु, विवाह गरेकी गौरीजस्ती शिष्ट र सरल पत्नी हुँदाहुँदै नोकर्नी मुनरियासँग प्रेम विवाह गरी घर छोडेर विदेश पस्नु जस्ता यावत् गतिविधिका कारण नरेन्द्रदाइ गतिशील वा अस्थिर स्वभावको पात्र हो भन्न सकिन्छ ।

### (ङ) जीवनचेतनाको आधारमा नरेन्द्रदाइ

प्रस्तुत उपन्यासमा नरेन्द्रदाइ एउटा सामान्य र साधारण सामाजिक पृष्ठभूमि बोकेको वैयक्तिक पात्र देखिन्छ । पारिवारिक तथा घरायसी जीवनस्तरलाई हेर्दा एउटा खानदानी वर्गीय जीवनस्तर देखिए तापनि उसका विचार, चिन्तन, स्वभाव, कार्य व्यवहार सबै नितान्त निजी र व्यक्तिगत देखिनुले उसलाई उपन्यासको वैयक्तिक पात्र मान्न सकिन्छ । गौरीलाई तिरस्कार गर्नु र मुनरियासँग प्रेम गरी परदेसिनु उसको वैयक्तिक चेतनाको उपज हो भन्ने बुझिन्छ । उसले आफ्नो स्वचेतनामा जीवनको जस्तोसुकै कठिन र सङ्घर्षी निर्णय गर्ने तथा तल्लो जातकी नोकर्नी केटीलाई बहुपत्नीको रूपमा भित्र्याउनु तर पारिवारिक-सामाजिक असहमतिका कारण नोकर्नी मुनरियासँग सहर पसी प्रेम र यौवनमा चुर्लुम्म डुब्नुजस्ता गतिधिबाट नरेन्द्रदाइ उपन्यासमा वैयक्तिक जीवनचेतना बोकेको चरित्र रहेको कुरा स्पष्ट हुन्छ ।

### (च) आसन्नताका आधारमा नरेन्द्रदाइ

**नरेन्द्रदाइ** उपन्यासमा मञ्चीय र नेपथ्य गरी दुवैखाले पात्रहरूको चयन गरिएको छ । यस उपन्यासका सबै पात्रहरूले आ-आफ्नो कार्य भूमिका मञ्चन गरेजस्तै नरेन्द्रदाइले पनि उसको जिम्मेवारी पूरा गरेको छ । यसक्रममा प्रारम्भदेखि

अन्त्यसम्म निरन्तर रूपमा भूमिका निर्वाह गरेको हुँदा उनी यस उपन्यासको मञ्चीय पात्र रहेको देखिन्छ । घरपरिवारको छोरा/सदस्य, गौरीको पति, मुनरियाको प्रेमी र पति, साना बालबालिका वा उपन्यासका द्रष्टा तथा म पात्रका दाजु आदिको भूमिका बहन गरी जुनसुकै घटनाक्रममा पनि नरेन्द्रकै उपस्थिति देखिएबाट ऊ उपन्यासको मञ्चीय पात्र हो भन्न सकिन्छ ।

**(छ) आबद्धताका आधारमा नरेन्द्रदाइ**

उपन्यासको कथानकलाई पूर्णतातर्फ लैजाने काम पात्रले गरेको हुन्छ । कथानकमा जुन पात्र आदिदेखि अन्त्यसम्म प्रत्यक्ष उपस्थित भई आफ्नो कार्य भूमिका पूरा गर्दछ । साथै उसको उपस्थितिको अभावमा आख्यानले गति प्रदान गर्दैन र कथानक पूर्ण हुन सक्तैन, त्यो उपन्यासमा बद्ध पात्र हो । नरेन्द्रदाइ उपन्यासमा पनि नरेन्द्र प्रमुख, केन्द्रीय एवम् मूल पात्र भएको हुँदा उसको अभावमा उपन्यास पूर्ण र सार्थक बन्न नसक्ने भएकोले नरेन्द्रदाइ यस उपन्यासको बद्ध पुरुष पात्र भएको पुष्टि हुन्छ ।

## ४.३.२ नरेन्द्रदाइ उपन्यासमा सहायक पात्र

**नरेन्द्रदाइ** विविध पात्रहरूको समुच्च संरचनामा आबद्ध उपन्यास हो । यसमा प्रमुख, सहायक र गौण पात्रहरूको उपस्थिति रहेको छ । यद्यपि सहायक पात्रको उल्लेख्य सहभागिता उपन्यासमा रहेको पाइन्छ । यसले गर्दा कथानकलाई पूर्णता दिई प्रमुख चरित्रको कार्य उद्देश्यलाई सार्थक तुल्याएको छ । उपन्यासको सहायक पात्रको भूमिका यहाँ प्रस्तुत गरिएको छ :

**(क) लिङ्गका आधारमा सहायक पात्र**

प्रस्तुत उपन्यासमा विविध लैङ्गिक पात्रको उपस्थिति रहेको छ । नारी र पुरुष दुवै स्तरका पात्रको चयन गरिए तापनि उपन्यासको उद्देश्य अनुकूल बहुसङ्ख्यक रूपमा पुरुष पात्र र त्यसमा मुख्य पात्र नरेन्द्रकै सहयोगीका रूपमा देखा परेका छन् । म पात्र (सानेबाबू), पिताजी, भान्दाइ, कप्तान बा, डाक्टर, गाडीवान,

बाबूसाहेब, काका, पसले (नजरिया मुसलमान), आदि सहायक पुरुष पात्र हुन् । जसमध्ये सानोबाबू नरेन्द्रदाइको सम्पूर्ण घटनावलीमा सरिक हुने र उसलाई प्रत्यक्ष/परोक्ष सहयोग गर्ने प्रमुख सहायक पात्र हो । नरेन्द्रदाइको सम्पूर्ण घटनाको द्रष्टा र आख्यानको सरणी नै म पात्र हो भने भोक्ता नरेन्द्र मौन वा तटस्थ पात्र हो । यसैगरी अन्य परिस्थितिजन्य सहयोगी भूमिका निभाउने पात्रहरू हुन् । यसरी उपन्यासमा सहायक पुरुष पात्रको कार्य महत्त्वपूर्ण सावित हुन्छ ।

**(ख) कार्य भूमिकाका आधारमा सहायक पात्र**

प्रस्तुत **नरेन्द्रदाइ** उपन्यास विभिन्न सहायक चरित्र संयोजित उपन्यास कृति हो । यहाँ बहुसङ्ख्यक पुरुष सहायक पात्रको सकारात्मक र महत्त्वपूर्ण भूमिका रहेको छ । कार्यगत दृष्टिले हेर्दा सानोबाबू अर्थात् म पात्र प्रमुख सहायक भूमिका निर्वाह गर्ने पात्र हो । उसले नरेन्द्रदाइको कथानक प्रारम्भदेखि विकास, विस्तार, उत्कर्ष र अन्त्यसम्मै गहन र सूक्ष्म ढङ्गबाट दृष्टिपात गरी विभिन्न कोणबाट सहयोग प्रदान गरेको छ । गौरी र नरेन्द्रबिचको दाम्पत्य जीवनको अवस्था, मुनरियासँग नरेन्द्रको लुकिछिपी जङ्गलमा भएको प्रेमालाप, वनारसमा पढ्न बस्दा मुनरियासँगको भेटवार्ता र नरेन्द्रको वस्तुस्थिति, गौरीले नरेन्द्रलाई परदेशमा पठाएको चिठी र त्यसको भाव सम्प्रेषणसँगै सिकिस्त नरेन्द्र आफ्नो घरमा फर्कनु जस्ता कार्यमा म पात्रले पुऱ्याएको अमूल्य सहयोगबाट ऊ उपन्यासको प्रमुख भूमिका निर्वाह गर्ने नरेन्द्रको मुख्य सहयोगी चरित्र भएको पुष्टि हुन्छ ।

यसैगरी पिताजी, बाबूसाहेब, कप्तान बा, काका, भान्दाइ, आदिले गौरीसँग विवाह गरिदिई नरेन्द्रको दाम्पत्य जीवनको सुनौलो अवसर सिर्जना गरेका छन् । त्यस्तै, पसलेले नरेन्द्रको मनोभाव अनुकूल परिस्थितिजन्य व्यवहार गर्नु, वनारसमा मुनरियासँगको यौवनमा चुर्लुम्म डुब्दाडुब्दै टि.बी.ले ग्रस्त हुँदा साथीले अस्पताल पुऱ्याउनु र डाक्टरले औषधोपचार गर्नु, फर्कँदा गाडीवानले सामानसहित घरसम्म पुऱ्याइदिनु, घरमा डाक्टर बोलाई उपचार गर्नुजस्ता कार्यबाट डाक्टर, गाडीवान, बयलवान आदि कार्य भूमिकाले सहायक पात्र हुन् भन्न सकिन्छ ।

**(ग) प्रवृत्तिका आधारमा सहायक पात्र**

प्रवृत्तिगत दृष्टिले हेर्दा नरेन्द्रदाइ उपन्यासमा अनुकूल वा सत् प्रवृत्ति र प्रतिकूल वा असत् दुवै प्रवृत्ति बोकेका पात्रहरूको उपस्थिति रहेको छ । नरेन्द्रको सम्पूर्ण घटनाको दृष्टिपात गर्ने म पात्र (सानोबाबू), पिताजी, बाबूसाहेब, कप्तान बा, नजरिया मुसलमान, बयलवान, गाडीवान, भान्दाइ, नरेन्द्रका वनारसका साथीहरू, डाक्टर आदिको अनुकूल प्रवृत्ति पाउन सकिन्छ । तिनीहरूले विभिन्न तवरबाट प्रमुख चरित्र (नरेन्द्र) लाई सहयोग पुऱ्याएका छन् ।

**(घ) स्वाभावका आधारमा सहायक पात्र**

**नरेन्द्रदाइ** उपन्यासमा विभिन्न स्वभावका सहायक पात्रहरूको उपस्थिति रहेको पाइन्छ । गतिशील र गतिहीन स्वभावका पात्रहरू उपन्यासमा प्रयुक्त छन् । नरेन्द्रको चारित्रिक उद्देश्य अनुरूपका सहायक पात्रहरूमा स्थिर वा गतिहीन स्वभाव देखिन्छ । नरेन्द्रको मूल सहयोगी म पात्र (सानोबाबू) को प्रारम्भिक अवस्थामा नरेन्द्रदाइलाई जुन रूपमा सहयोग गर्दै आएको थियो, त्यो भाव र कार्यशैली अन्त्यसम्म रहेको हुँदा म पात्र गतिहीन सहायक पात्र मानिन्छ । गौरीसँगको नरेन्द्रको वैवाहिक सम्बन्ध, त्यसको उत्कर्ष, बनारसमा तिनको सम्बन्ध हुँदै टि.बी.ग्रस्त जीवनपछि घरसम्म ल्याई पूर्वपत्नी गौरीसँगको मिलन र उसको बाँकी जीवनको स्वास्थ्य सुरक्षाको उचित मानवीय दायित्व पूरा गराइ दिएबाट म पात्र अनुकूल स्वभावको सहयोगी पात्र भएको स्पष्ट हुन्छ । यसैगरी अन्य पात्रहरूमा भान्दाइ, काका, पिताजी, बाबूसाहेब, पसले, डाक्टर, गाडीवान्, बयलवान् आदि अनुकूल प्रवृत्तिका सहायक पुरुष पात्र हुन्, जसले विभिन्न कोणबाट नरेन्द्रलाई सहयोग गरेका छन् ।

**(ङ) जीवन चेतनाका आधारमा सहायक पात्र**

**नरेन्द्रदाइ** उपन्यासमा जीवन चेतनाका दृष्टिले दुवै खाले पात्रहरूको चयन गरिएको छ । यस आधारमा वर्गीय र वैयक्तिक स्तरका पात्रहरू रहेका छन् । म पात्र (सानोबाबू), वैयक्तिक जीवन चेतना बोकेको पात्र हो । उसले नरेन्द्रको इच्छा,

चाहना, आवश्यकता र परिस्थिति अनुरूप निजी विचार र विवेकको उपयोग गरी विभिन्न अवस्थामा सहयोग पुऱ्याएको छ । त्यसैगरी भान्दाइ, काका, कप्तान बा, बाबूसाहेब, व्यक्तिगत चेतना बोकेका पात्र हुन् भने नजरिया मुसलमान (पसले), पिताजी, (म पात्र) को बाबु, बनारसका डाक्टर, नेपाल फर्कँदा घरसम्म पुऱ्याइदिने बयलवान्, गाडीवान्, नेपालका डाक्टर आदि वर्गीय जीवन चेतना बोकेका सहायक पुरुष पात्र हुन् । उनीहरू एउटा खास क्षेत्र र पेशामा आबद्ध सामूहिक चेतनाको प्रतिनिधित्व गर्ने पात्र हुन् । आवश्यकता र समस्यामा मानवीय भावले सेवा, सहयोग गर्नु उनीहरूको दायित्व भएको हुँदा तिनले नरेन्द्रलाई सहयोग गरेका छन् ।

**(च) आसन्नताका आधारमा सहायक पात्र**

आसन्नताका कोणबाट हेर्दा **नरेन्द्रदाइ** उपन्यासमा मञ्चीय र नेपथ्य दुवै खाले सहायक पात्रको उपस्थिति पाइन्छ । म पात्रको भूमिका बहन गर्ने सानोबाबू उपन्यासमा नरेन्द्रदाइको घटनावृत्तान्त थालनीदेखि अन्त्यसम्म प्रत्यक्ष/अप्रत्यक्ष निगरानीमा उपस्थित हुने पात्र हो । ऊ उपन्यासमा सर्वत्र उपलब्ध छ । कथानक वर्णनको समाख्याता नै म पात्र भएको हुँदा उसलाई उपन्यासको प्रमुख मञ्चीय पुरुष पात्र मान्न सकिन्छ । त्यसैगरी, भान्दाइ, कप्तान बा, काका, बयलवान, गाडीवान, डाक्टर उपन्यासमा प्रत्यक्ष उपस्थित भई प्रमुख पात्र नरेन्द्रलाई सहयोग गरेको हुँदा तिनीहरूपनि मञ्चीय पात्र हुन् । तर पसले, बाबुसाहेब, पिताजी उपन्यासमा नेपथ्य पात्रको रूपमा देखा परेका छन् । यसरी **नरेन्द्रदाइ**मा दुवै प्रकारका पात्रहरूको समुपस्थिति रहेको छ ।

## ४.३.३ नरेन्द्रदाइ उपन्यासमा गौण पात्र

**नरेन्द्रदाइ** उपन्यासमा थुप्रै गौण पात्रहरूको उपस्थिति पाइन्छ । कार्य भूमिकाका दृष्टिले प्रमुख र सहायक पात्रहरूको जति महत्त्व हुन्छ, त्यो भन्दा धेरै कम महत्त्व गौण पात्रको हुने गर्दछ । खासमा ती पात्रहरू हुँदा र नहुँदा उपन्यासको आख्यान र उद्देश्यमा खासै अन्तर देखिँदैन । यद्यपि कथानक विस्तारमा पात्रहरूको विचार, स्वभाव, कार्यशैली र

प्रस्तुतीकरणमा भने यसले रोचकता, कौतूहलता र कलात्मकता भने प्रदान गरेको हुन्छ । जसले गर्दा उपन्यासको कथानक आकर्षक र प्रभावकारी बन्दछ । प्रस्तुत उपन्यासमा पनि थुप्रै गौण पुरुष पात्रहरूको सहभागिता रहेको छ । लछमनिया, लेलहा, दिनानाथ, जौहारी, लखनमाउरको छोरो किसन, सार्की, भटना आदिले नरेन्द्रदाइ उपन्यासमा गौण भूमिका निर्वाह गरेका छन् । तिनले उपन्यासलाई गति र विश्राम प्रदान गरी एउटा निश्चित विन्दुमा पुऱ्याएका छन् ।

### (क) लिङ्गका आधारमा गौण पात्र

**नरेन्द्रदाइ** उपन्यासमा पुरुष र नारी दुवै लिङ्गका चरित्रको संयोजन रहेको छ । उपन्यासलाई कलात्मक र रचनात्मक बनाउने क्रममा तिनको भूमिका पनि महत्त्वपूर्ण रहेको पाइन्छ । आख्यानमा प्रयुक्त गौण पात्रहरू- लछमनिया, लेलहा, दिनानाथ, जौहारी, भतिजाहरू, तुलसीदास, किसन, सार्की, भटना, फुपूको छोरो, लखनमाउरको छोरो छन् । उपन्यासमा तिनले कथानक आख्यानलाई जोड्ने, आख्यानको विस्तार गर्ने, प्रसङ्गलाई रोचक र कौतूहलतापूर्ण बनाउने तथा सहायक पात्रलाई आवश्यकतानुकूल सहयोग गर्ने काम गरेकाछन् । तिनीहरू उपन्यासमा पुरुष गौण पात्रको भूमिकाको दृष्टिले स्वाभाविक रहेका छन् ।

### (ख) कार्य भूमिकाका आधारमा गौण पात्र

**नरेन्द्रदाइ** उपन्यासमा गौण पात्रहरूको भूमिका सामान्य देखिए तापनि तिनको आफ्नै मूल्य र औचित्य रहेको पाइन्छ । हेर्दा र प्रयोग सन्दर्भका आधारमा कुनै खास विशेष प्रयोजन र परिस्थितिमा देखा परे तापनि तिनले उपन्यासलाई गति प्रदान गरी सहायक पात्रलाई कार्यगत सहयोगद्वारा उद्देश्यपूर्ण बनाउन भूमिका निर्वाह गरेका छन् । म पात्रले उपन्यासको कथानक विस्तार गर्ने क्रममा गरेको रोचक प्रसङ्ग यस्तो छ- कर्चीको टाटीलाई एक ठाउँमा काटेर बनाएको ढोकाबाट हामी आफ्नो बारीमा पस्यौं । ग्वाली- घरमा धुरको धूवाँ मुस्लिएर उठिरहेको थियो । आफ्नो अँगोछाले हावा दिँदै धूवाँलाई ग्वालिभित्र हुल्ने चेष्टामा भटना व्यस्त थियो । उसको बाबु लछमनिया गाई दुहिरहेको थियो । ....पिताजी सोध्दै हुनुहुन्थ्यो गाई दूध

कति दिन्छ अचेल ? (कोइराला, २०२७ : २७) । यसरी नरेन्द्रदाइ र मुनरियाको प्रेमपूर्ण आख्यानको सन्दर्भलाई जोडिएको छ, जसले गर्दा आख्यानमा विश्राम, परिवर्तन, भिन्नता र कौतूहलता सिर्जना भएको छ ।

**(ग) प्रवृत्तिका आधारमा गौण पात्र**

प्रवृत्तिका आधारमा उपन्यासमा अनुकूल र प्रतिकूल गरी दुई स्तरका पात्रहरूको उपयोग गरिएको हुन्छ । **नरेन्द्रदाइ** उपन्यासमा दुवै खाले प्रवृत्तिका पात्रहरू चयन गरिएका छन् । **नरेन्द्रदाइ** उपन्यासमा प्रयुक्त गौण पुरुष पात्रहरू अनुकूल प्रवृत्तिका छन् । लेलहा, लछमनिया, भटना, सार्की, फुपूको छोरो, लखनमाउरको छोरो, जौहारी, भतिजाहरू, तुलसीदास आदि अनुकूल अर्थात् सत् प्रवृत्तिका पात्रहरू हुन् ।

**(घ) स्वभावका आधारमा गौण पात्र**

स्वभावका आधारमा गौण पात्र दुई प्रकारका हुन्छन् । उपन्यासका सन्दर्भमा दुवै उद्देश्यनुरूप उपयोगी मानिन्छन् । **नरेन्द्रदाइ** उपन्यासमा स्थिर स्वभावका गौण पात्र रहेका छन् । कथानक उद्देश्यलाई पूर्ण गराउन, कथानकलाई सकारात्मक र नकारात्मक मार्गमा डोऱ्याउन तथा विविध पात्रहरूबिचको रोचक संवाद प्रस्तुत गर्न तिनले सहयोग पुऱ्याएका छन् । यसर्थ उपन्यासमा गौण पात्रको स्वभाव सहज र स्वाभाविक देखिन्छ ।

**(ङ) जीवन चेतनाका आधारमा गौण पात्र**

**नरेन्द्रदाइ** उपन्यासमा विभिन्न जीवन चेतना बोकेका पात्रहरूको उपस्थिति रहेको छ । मूलतः वर्गीय जीवन चेतना र वैयक्तिक जीवन चेतना उपन्यासमा पाइन्छ । व्यक्तिको निजी आशय, मनोभाव, धारणा आदि प्रकट गर्ने पात्र वैयक्तिक चेतना बोकेका पात्र हुन् भने सामूहिक चेतना बोकेका पात्र वर्गीय जीवन चेतना ग्रहण गरेका पात्र हुन् । तिनले उपन्यासको वैयक्तिक वा वर्गीय विचार बोकेका हुन्छन् । प्रस्तुत उपन्यासमा लछमनिया, तुलसीदास, दिनानाथ, जौहारी वर्गीय जीवन

चेतना बोकेका गौण पुरुष पात्र हुन् भने भतिजाहरू, फुपूको छोरो, लखनमाउरको छोरो, भटना, लेलहा, वैयक्तिक जीवन चेतना बोकेका पात्र हुन् । यी दुवैले उपन्यासको उद्देश्य पूरा गर्न विभिन्न रूपबाट सहयोग पुऱ्याएका छन् ।

**(च) आसन्नताका आधारमा गौण पात्र**

आसन्नताका दृष्टिले गौण पात्र दुई किसिमका हुन्छन्- मञ्चीय र नेपथ्य । उपन्यासमा प्रत्यक्ष उपस्थित भई सहायक पात्रलाई सहयोग पुऱ्याउने पात्र मञ्चीय पात्र हुन् भने सन्दर्भ, सङ्केत, स्मरण आदिका क्रममा आउने पात्र नेपथ्य पात्र हुन् । उपन्यासको घटना, प्रसङ्गभन्दा बाहिर रहने र आख्यान प्रस्तुतिमा भाग नलिने पात्र नेपथ्य पात्र हुन् । **नरेन्द्रदाइ** उपन्यासमा दुवैखाले गौण पुरुष पात्रको उपयोग भएको छ । लछमनिया, दिनानाथ, तुलसीदास, जौहारी आदि मञ्चीय पुरुष पात्र हुन् भने फुपूको छोरो, लखनमाउरको छोरो, भटना, लेलहा, नेपथ्य पात्र हुन् । यद्यपि यी दुवै आ-आफ्ना भूमिकामा उपयुक्त मानिन्छन् ।

**(छ) आबद्धताका आधारमा गौण पात्र**

उपन्यासमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । कथानक विकासदेखि विस्तार र अन्त्यसम्म जुन गौण पात्रहरूको उपस्थिति रहन्छ, ती बद्ध पात्रहरू हुन् भने कुनै खास सन्दर्भ परिस्थितिमा उपस्थित भई निश्चित कार्य भूमिकापछि लोप हुने गौण पुरुष पात्र मुक्त पात्र हुन् । मुक्त पात्र स्वतन्त्र हुन्छन् र तिनको अभावमा पनि आख्यान विस्तार र उद्देश्यमा कुनै असर पर्दैन । तर बद्ध पात्र एक अर्को घटना, चरित्रसँग बाँधिएको हुँदा ती आख्यानको अन्त्यसम्म रहन्छन् र उद्देश्य पूरा गर्दछन् । यसैगरी **नरेन्द्रदाइ** उपन्यासमा पनि बद्ध र मुक्त दुवै प्रकृतिका पात्र रहेका छन् । यद्यपि गौण पात्रहरूको भूमिका न्युन हुने हुँदा यस उपन्यासमा प्रयुक्त पुरुष गौण पात्रहरू मुक्त खालका पाइन्छन् । तुलसीदास, जौहारी, लेलहा, लछमनिया, भतिजाहरू, फुपूको छोरो, किसन, भटना आदि उपन्यासका मुक्त गौण पात्रहरू हुन् । तिनले विशेष प्रसङ्गमा आख्यानलाई गति दिएर रोचकता प्रदान गरी उद्देश्यमा पुऱ्याउन सहयोग गरेका छन् ।

### ४.३.४ निष्कर्ष

**नरेन्द्रदाइ** बहुपात्रको आख्यानमा संरचित विसङ्गतिपूर्ण जीवनदर्शन बोकेको उपन्यास हो । मूलतः यौनको प्राप्ति र अप्राप्तिका कारण उपन्यासमा विविध पात्रहरूको जीवन भोगाइ कष्टकर बनेको छ । नरेन्द्रदाइ प्रमुख वा केन्द्रीय चरित्र भएर पनि पुरुष पात्रको भूमिका र जिम्मेवारीका दृष्टिले अनुत्तरदायी र लापार्वाही देखिएको छ । यौन मानव जीवनको अपरिहार्य पक्ष हो जसको अभावमा जीवन दुःखदायीपूर्ण बन्दछ भन्ने सन्देश नरेन्द्रदाइ उपन्यास मार्फत् व्यक्त भएको छ ।

**नरेन्द्रदाइ** उपन्यासमा प्रयुक्त पुरुष पात्रहरूको विश्लेषण गर्ने क्रममा मुख्यतः पात्र विधानगत मान्यता अनुरूप पुरुष पात्रलाई प्रमुख, सहायक र गौण गरी तिन स्तरमा विभाजन गरिएको छ । तिनलाई शोधनिष्ट विश्लेषण गर्ने क्रममा लिङ्ग विधान, कार्य भूमिका, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धता गरी जम्मा सातकोणबाट विश्लेषण गरिएको छ । जसमध्ये नरेन्द्रदाइको प्रमुख कार्य भूमिका तथा सानोबाबू (म पात्र) को सहायक भूमिका महत्त्वपूर्ण रहेको छ भने अन्य पात्रहरूको सामान्य एवम् गौण भूमिका रहेको छ । मानिस चाहेर वा नचाहेरै पनि यौन, प्रेम, विवाह र पारिवारिक जीवनमा बाँधिनुपर्दछ । समय परिस्थितिले मानिसलाई कुनै नैतिकता र आदर्शको सीमामा बन्देज गराउँदैन । गौरी र मुनरियाको सम्बन्ध र त्यसको प्राप्ति अप्राप्तिका कारण नै नरेन्द्रको चारित्रिक विश्लेषण गरिएको छ । उसको चेतन, अर्धचेतन र अचेतन तिनै तहका मानसिक स्थितिको सशक्त उद्घाटनद्वारा नै मूलतः उपन्यासमा पुरुष पात्रको विविध प्रकृतिको मनस्थितिलाई सूक्ष्म एवम् गहन दृष्टिले हेरिएको छ ।

यसप्रकार मानव मनको चिरफार गरी सम्पूर्णताको उद्घाटन गर्ने रूपबाट **नरेन्द्रदाइ** उपन्यास सम्पूर्ण पुरुष यौनजन्य चरित्रको प्रतिरूप बनेर आएको छ । अतः पुरुष पात्रका भूमिका र उपन्यासको उद्देश्यको दृष्टिले नरेन्द्रदाइ उपन्यासको पात्र विधानगत शोध अध्ययन सार्थक र औचित्यपूर्ण रहेको छ ।

## ४.४ सुम्निमा उपान्यासमा पुरुष पात्रको विश्लेषण

### ४.४.१ विषय प्रवेश

**सुम्निमा** सांस्कृतिक विषयवस्तुमा आधारित नारी चरित्रकेन्द्री उपन्यास हो । उपन्यासको प्रमुख पात्र सोमदत्तको बालप्रेमी सुम्निमा उपन्यासकी सहनायिका हो । उसकै

प्रेमभावपरक सहयोगी कार्य भूमिकाका आधारमा नायक सोमदत्तको यौन चारित्रिक मनोविश्लेषण गरिएको छ । अनि सोमदत्तकै मनोवृत्ति र कार्यवव्यवहारको सापेक्षतामा उपन्यासमा प्रयुक्त विविध सहायक तथा गौण पुरुष पात्रको भूमिका चित्रण गरिएको छ । भिन्न जाति, धर्म, वर्ण, संस्कृति, रीतिरिवाज, चालचलन आदि सामाजिक, प्राकृतिक परिवेशको कलात्मक चित्रणले उपन्यासका पात्रहरूलाई गतिशील, प्रभावकारी र जीवन्त तुल्याएका छन् । यसैगरी प्रेमको विविध रोमाञ्चक प्रस्तुतिले पात्रहरूका स्वाभाविक प्रवृत्ति र कार्य भूमिकालाई सहजता प्रदान गरेको छ । यसमा आर्य र अनार्य दुई जातिको सांस्कृतिक विशेषतालाई परिवेशको रूपमा प्रस्तुत गरिएको छ । पूर्वी नेपालको सप्तकोशी नदीको किनारमा अवस्थित प्राचीन चतराधाम क्षेत्रको वरपर एवम् उत्तरतर्फ अवस्थित अग्ला पहाड र वनजङ्गलले ढाकिएको क्षेत्र स्थानका रूपमा आएका छन् । यसमा जुन घटना घट्यो त्यस समयको अनुमान गर्दा एउटा ब्राह्मण पुत्रले ब्रम्हचर्य र गृहास्थाश्रमको केही काल पूरा गरेको घटना करिब ४५ वर्षजति अड्कलन गर्न सकिन्छ । यस उपन्यासमा मूलतः धार्मिक, सामाजिक र सांस्कृतिक परिवेश अनुकूलका घटना र  पात्रको चरित्रबाट नै उपन्यासको पुरुष पात्रको प्रतिबिम्ब प्रस्तुत हुन पुगेको छ ।

उपन्यासको पात्र विधानगत मान्यतामा आधारित रहेर शोध विश्लेषण गरिएको प्रस्तुत सुम्निमा उपन्यासका पुरुष पात्रहरूलाई प्रमुख, सहायक र गौण भूमिकाका आधारमा विभाजन गरी लिङ्ग, कार्य भूमिका, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका कोणबाट हेरिएको छ । तदनुरूप उपन्यासको नायक सोमदत्त प्रमुख पुरुष पात्र हो र उसकै सम्पूर्ण घटनावृत्तान्तमा उपन्यास उद्देश्यमा पुगेको छ । ऊ सम्पूर्ण पुरुष पात्रको यौन मानसिकता उद्घाटन गर्ने प्रतिनिधि पात्र हो । त्यसैगरी सूर्यदत्त, बिजुवा, राजकुमार, अङ्ग रक्षक, सैनिक समूह, भिल्ल युवक, सोमदत्तको नाबालक छोरो आदि उपन्यासका पुरुष पात्रहरू हुन् । तिनकै विविध मनोवृत्ति र कार्यव्यापारका आधारमा पुरुष पात्रको भूमिका विश्लेषण यसप्रकार गरिएको छ :

## ४.४.२ सुम्निमा उपन्यासमा प्रमुख पुरुष पात्र

मान्छेको शारीरिक बनावट अथवा योनिभेद छुट्याउने आधारलाई लिङ्ग भनिन्छ । पात्रको बाह्य वर्णन तथा शरीरको नामकरण र तिनका स्वभाव एवम् प्रयुक्त

क्रियाकलापबाट यो कुरा छुट्याउन सकिन्छ । लिङ्गका आधारमा पात्रहरूलाई दुई वर्गमा विभाजन गरिन्छ (बराल र एटम, २०६६ : ३२) । पुलिङ्ग- भाले स्वभाव र व्यवहार हुनेलाई पुलिङ्ग भनिन्छ । स्त्रीलिङ्ग- पोथी स्वभाव वा व्यवहार हुनेलाई स्त्रीलिङ्ग भनिन्छ । कुनै पनि कृतिमा लिङ्ग सामाजिक तथा सांस्कृतिक मूल्य र मान्यता अनुसारका व्यवहारबाट अभिव्यक्त भएको हुन्छ ।

### (क) लिङ्गका आधारमा प्रमुख पात्र (सोमदत्त)

**सुम्निमा** उपन्यासलाई पुरुष पात्रका कोणबाट अध्ययन विश्लेषण गर्दा सोमदत्त (नायक) प्रमुख पुरुष पात्र हो । उसकै केन्द्रीयतामा उपन्यास उद्देश्यपूर्ण बन्न पुगेको छ । ऊ उपन्यासमा आदि, मध्य र अन्त्य तीनवटै स्थानमा उपस्थित भई कार्यव्यापार वा घटना/कथानकलाई विस्तार गरी निष्कर्षमा पुऱ्याएको छ । उसले कथानक प्रारम्भ र विकासमा बालसखा सुम्निमाको प्रेमाख्यान तथा विस्तार, उत्कर्ष र ह्रास अवस्थामा पत्नी पुलोमासँगको कथानक विस्तारका दुवै प्रेमिल घटनालाई संयोजन गराइ एक असल प्रेमी र पतिको उचित भूमिका निभाउँदै उपन्यासलाई सार्थकता प्रदान गरेको छ । जसले गर्दा उसको अभावमा उपन्यास अपूर्ण बन्न पुग्दछ । यसकारण सोमदत्त **सुम्निमा** उपन्यासको प्रमुख पुरुष पात्र हो ।

### (ख) कार्य भूमिकाका आधारमा प्रमुख पात्र

उपन्यासमा कुन पात्रको कति काम छ र कति मूल्यवान् छ, त्यसका आधारमा पात्रको वर्गीकरण गर्न सकिन्छ । कार्यका आधारमा प्रमुख, सहायक र गौण पात्रहरू गरी तीन प्रकारका हुन्छन् (बराल र एटम, २०६६ : ३२) । सुम्निमा उपन्यासमा कार्यका दृष्टिले सोमदत्त प्रमुख पुरुष पात्र हो । उसको कार्य भूमिका आदिदेखि अन्त्यसम्म नै रहेको छ । उपन्यासमा नाटकीय भूमिका वहन गर्ने सोमदत्त उपन्यासको मूल उद्देश्य बोकेको पात्र हो । उपन्यासमा उसले पुलोमाको पतिको रूपमा, सूर्यदत्तको छोराको रूपमा उसले आफ्नो कार्य भूमिका वहन गरेको छ । यसैगरी सुम्निमाको बालप्रेमीको समेत प्रेमिल भूमिका निभाएको छ । ब्राह्मण पुत्र सोमदत्त र किरात पुत्री सुम्निमाबिचको अन्तर्जातीय बालप्रेमको दृष्टिले सोमदत्त

एउटा असल प्रेमी बनेर उपन्यासमा उभिएको छ । सुम्निमाले आफ्नो बालसखाका प्रगाढ सम्बन्धका कारण उसको घरमा आएको सोमदत्त र विजुवाबिचको प्रेमभाव पूर्ण कुराकानीको एक अंश यस्तो छ-

> "सोमदत्तले आफ्नो परिचय र प्रयोजन बताएपछि विजुवाले भन्यो- सोमदत्त ब्राहमण तिमीलाई छोरी सुम्निमाले धेरै दिनसम्म सम्झिरही । अहिले त उसको बिहे भइसक्यो । ६ महिनाकी छोरी पनि छ" (कोइराला, २०२७ : ४५) ।

सुम्निमाको बाबु विजुवाको उक्त भनाइबाट सोमदत्त उपन्यासमा सुम्निमाको बालप्रेमी भएको स्पष्ट हुन्छ ।

त्यसै गरी दाम्पत्य जीवनमा बाँधिएपछि पुरुषको पुरुषत्वको कार्य भूमिकाको सन्दर्भबाट स्वयं सोमदत्तबाट पत्नी पुलोमासँग गरिएको अभिव्यक्तिको एक अंश यस्तो छ- "पुलोमा ! पाप मनको कुरा हो । तिमी निश्चिन्त होऊ । तिमीलाई यस्तो विचार अकारण आउँछ । तिमी पुण्यात्मा नारी छ्यौ । शरीरले पनि तिमी शुद्ध छ्यौ, किन्तु, यदि शरीरबाट मात्र, मन चोखो नै रहेर केही कार्य हुन गएको छ, जो तिम्रो दृष्टिमा दोषपूर्ण छ भने शरीर केवल मनको यन्त्र मात्र हो । मनले पाप र पुण्य कार्य गर्छ । तिमी व्यर्थ आफूलाई नधिक्कार ! पापी त म हुँ मनबाट" (कोइराला, २०२७ : ७३) । भन्ने कथनबाट सोमदत्त कार्य भूमिकाका दृष्टिले पुलोमाको पति र उसले आफूले निभाउनुपर्ने पुरुषत्व भूमिकामा आफ्नो कमजोरी रहेको आशय प्रकट गरेको छ । यसबाट ऊ एउटा पति वा श्रीमानको रूपमा प्रमुख भूमिका बहन गर्ने पुरुष पात्र हो भन्न सकिन्छ । त्यसैगरी बाबु भइसकेपछिको सन्तानप्रतिको दायित्व र त्यसप्रतिको बाबुको कार्य भूमिकालाई यसरी हेर्न सकिन्छ- "छोरालाई पुलोमाले निर्दयतापूर्वक पिटेको देख्दा सोमदत्त कोठैदेखि कराउँदै आउँथ्यो र भन्थ्यो- राक्षसी नारी पतिको त तैंले सत्यनाश गरिस्, गरिस् के अब पुत्रको पनि भक्षण गर्ने भइस् ?" (कोइराला, २०२७ : ८४) । सोमदत्तको यस भनाइबाट उसले नाबालक स्नेही छोराप्रति बाबुले गर्ने माया प्रेम र सहानुभूतिको भाव स्पष्ट झल्किएको छ । यसरी सोमदत्तले उपन्यासमा आदिदेखि अन्त्यसम्म आएर सुम्निमा, पुलोमा र छोराप्रति क्रमशः प्रेमी, पति र बाबु बनेर गर्नुपर्ने कर्तव्य र दायित्व आदिको

त्रिकोणात्मक कार्य भूमिका वहन गरेको छ । यसप्रकार कार्यका आधारमा सोमदत्त उपन्यासको कार्य भूमिका बहन गर्ने प्रमुख पुरुष पात्र हो ।

### (ग) प्रवृत्तिका आधारमा प्रमुख पात्र

यस आधारमा पात्रहरू अनुकूल र प्रतिकूल गरी दुई वर्गका हुन्छन् । उपन्यासमा पात्रहरूको कार्यव्यहारबाट अनुकूलता र प्रतिकूलता छुट्टिन्छ । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने अनुकूल अर्थात् सत् हुन्छ भने नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल अथवा असत् हुन्छ । प्रवृत्तिको कोणबाट हेर्दा सुम्निमा उपन्यासको प्रमुख पात्र (सोमदत्त) अनुकूल/सत् प्रवृत्ति बोकेको पात्र हो । प्रारम्भमा सुम्निमासँग बालप्रेम रहे तापनि उसले विवाहपछि पनि उस्तै सौहार्दपूर्ण प्रेमको भावले हेरको छ । सामाजिक-सांस्कृतिक मर्यादामा रही सुम्निमाको विवाहपछि व्यावहारिक सम्बन्धलाई त्यागेको छ । त्यस्तै पुलोमासँगको दाम्पत्य जीवनमा देखिने सामान्य मनमुटाव र उतारचढावमा पनि स्थिर र गम्भीर बनिरहनु, विवाहको लामो समयसम्म सन्तान नहुँदा पनि दोस्रो विवाहको सोच नगर्नु, पुलोमालाई स्वतन्त्र जीवन यापन गर्न दिनु र आमाबाट कुटिएको छोरो रुँदै कोठामा प्रवेश गर्दा माया र सहानुभूति दिएर अँकमाल गर्नुजस्ता मानवीय सद्गुणका आधारमा सोमदत्त उपन्यासको सत् र अनुकूल प्रवृत्ति बोकेको प्रमुख पुरुष पात्र मानिन्छ ।

### (घ) स्वभावका आधारमा प्रमुख पुरुष पात्र

स्वभावका आधारमा हेर्दा **सुम्निमा** उपन्यासमा स्थिर र गतिशील दुवै स्वभावका पात्रहरू देखिन्छन् । यस अनुरूप सुम्निमाको बालप्रेमी अर्थात् पुलोमाको पति सोमदत्त (नायक) उपन्यासको प्रमुख र गतिशील पुरुष पात्र हो । उपन्यासको आदिदेखि अन्त्यसम्म उसको भूमिका गहन रहेको छ । यद्यपि ऊ कथानक प्रारम्भमा सुम्निमाको बालप्रेमी बनेर प्रेमीको भूमिका निभाएको छ भने सुम्निमाको बिहेपछि आफूले पनि विवाह गरी पुलोमाको पतिको भूमिका निर्वाह गरेको छ । साथै जीवनको उत्तरार्द्धमा एउटा असल बाबुको समेत जिम्मेवारी बहन गरी आवश्यकता

र परिस्थितिजन्य चरित्र प्रदर्शन गरेको हुँदा ऊ उपन्यासको गतिशील स्वभाव बोकेको प्रमुख पुरुष पात्र हो ।

**(ङ) जीवनचेतनाको आधारमा प्रमुख पुरुष पात्र**

**सुम्निमा** उपन्यासको प्रमुख पुरुष पात्र (नायक) सोमदत्त खास जाति, वर्ग, धर्म-संस्कार र सामाजिक मर्यादाको आचरण अवलम्बन गर्ने पात्र हो । उसले ब्राहमण जातिको संस्कृति र मर्यादालाई आत्मसात् गरेको छ । बाल्यकालदेखिकै अभिन्न संगिनी सुम्निमा तल्लो जाति (किरात) भएकै कारण यौवनावस्थामा पुगेर विवशतापूर्वक आफ्नै सजातीय ब्राह्मणकी छोरी पुलोमासँग बैबाहिक बन्धनमा बाँधिन पुगेको छ । यसैगरी विवाह भएको लामो समयसम्म पनि सन्तान नहुँदा ब्राहमण पुत्रले दोस्रो कन्या विवाह गर्नु हुँदैन भन्ने सांस्कृतिक-साम्प्रदायिक चेतनाका कारण निःसन्तान बस्नु र यिनै धर्मत्वबाट बुढेसकालमा पुत्रलाभ हुनुजस्ता कार्यहरू वर्गीय चेतनाको उपज मान्न सकिन्छ । यसप्रकार सोमदत्त उपन्यासमा जीवन चेतनाको दृष्टिले वर्गीय चेतना बोकेको प्रमुख पुरुष पात्र हो ।

**(च) आसन्नताका आधारमा प्रमुख पुरुष पात्र**

उपन्यासमा आसन्नताका कोणबाट हेर्दा मञ्चीय र नेपथ्य दुवैखाले पात्रहरू रहेका हुन्छन् । कार्य भूमिकाका आधारमा उपन्यासमा घटित घटनाहरूका प्रत्यक्ष सहभागी तथा भोक्ता पात्रहरू मञ्चीय पात्र हुन् । यस आधारमा सोमदत्त मञ्चीय पात्र हो । ऊ उपन्यासको सबै घटनाहरूमा प्रत्यक्ष सम्बद्ध छ । यसरी कथानक सूत्रलाई जोड्दै निष्कर्ष अर्थात् उद्देश्यमा पुऱ्याउने ज्वलन्त पात्र भएको हुँदा सोमदत्त उपन्यासको प्रमुख एवम् मञ्चीय पुरुष पात्र हो ।

**(छ) आबद्धताका आधारमा प्रमुख पुरुष पात्र**

आबद्धताका दृष्टिले हेर्दा उपन्यासमा बद्ध र मुक्त दुई प्रकृतिका पात्रहरू रहेका हुन्छन् । ती सबैले कुनै न कुनै रूपबाट कथानकमा आफ्नो भूमिका निभएका हुन्छन् । यस अनुरूप सुम्निमा उपन्यासको प्रमुख पुरुष पात्र सोमदत्त बद्ध पात्र हो ।

ऊ उपन्यासको आदिदेखि अन्त्यसम्म आएको छ । साथै उसकै विविध कार्य भूमिकाका माध्यमबाट उपन्यासले पूर्णता पाएको छ । उसको बद्ध भूमिका कहिले प्रेमी त कहिले पति र बाबु अर्थात् अभिभावकको रूपमा देखिएको छ । यसरी सोमदत्तको अभावमा कथानक अपूर्ण हुने र उपन्यास उद्देश्यविहीन बन्ने हुँदा सोमदत्त आबद्धताका आधारमा बद्ध पुरुष पात्र हो ।

## ४.४.३ सुम्निमा उपन्यासमा सहायक पुरुष पात्र

उपन्यास सफल र प्रभावकारी बन्नुमा पात्रहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । एउटा उद्देश्यपूर्ण एवम् सार्थक उपन्यास निर्माणको निम्ति प्रमुख, सहायक र गौण तीनवटै प्रकारका पात्रहरूको भूमिका उल्लेखनीय रहन्छ । यस आधारमा उपन्यासमा उपस्थित सहायक पात्रहरू अनिवार्य मानिन्छन् । तिनले आवश्यकतानुकूल प्रमुख पात्रलाई सहयोग गरी उपन्यासको फलादेशसम्म पुऱ्याउने गर्दछन् । यसप्रकार उपन्यासको सफल रचनामा सहायक पात्रहरू सहयोगीसिद्ध हुन्छन् । यहाँ सुम्निमा उपन्यासमा प्रयुक्त सहायक पुरुष पात्रहरूको चारित्रिक विश्लेषण गरिएको छ ।

### (क) लिङ्गका आधारमा सहायक पुरुष पात्र

उपन्यासमा लैङ्गिक दृष्टिले नारी र पुरुष दुवै प्रवृत्तिका सहायक पात्र हुन्छन् । तिनले आ-आफ्ना विशेष कार्य भूमिकाका कोणबाट आफ्ना लैङ्गिक आवश्यकता पूरा गर्दछन् । यस अनुरूप सुम्निमा उपन्यासमा विजुवा (सुम्निमाको बाबु), सूर्यदत्त (सोमदत्तको बाबु), राजकुमार, भिल्ल युवक आदि लिङ्गका आधारमा पुरुष र भूमिकाका रूपमा सहायक पात्र हुन् । उनीहरूले प्रमुख पात्रलाई विभिन्न रूपबाट सहयोग पुऱ्याएका छन् ।

### (ख) कार्यका आधारमा सहायक पात्र

उपन्यासमा सहायक पात्रको भूमिका प्रमुख पात्रलाई आवश्यकता अनुरूप सहयोग गर्नु हो । उसलाई परेको बाधा र समस्यालाई हटाई स्वतन्त्र रूपबाट काम

गर्न प्रमुख पात्रलाई वातावरण सिर्जना गरिदिनु हो । यस दृष्टिले हेर्दा **सुम्निमा** उपन्यासमा सूर्यदत्त, विजुवा, राजकुमार, भिल्ल युवक सहायक पात्र हुन् । तिनले विविध रूपबाट नायक सोमदत्तलाई सहयोग पुऱ्याएका छन् । भिल्ल किरातहरूले सोमदत्तको आश्रम हटाउन लाग्दा बिजुवाले भिल्ल र किरातहरूको वासस्थान सार्ने चुनौती दिनु, सूर्यदत्तले भिल्लहरूलाई सम्झाउनु, वनविहार गर्न गएका राजकुमारले भिल्ल -किरात समूहलाई डाकी सभा गर्नु, विजुवाले भिल्ल युवकलाई सम्झाउनु जस्ता कार्यहरू उपन्यासको प्रमुख पात्र सोमदत्तकै पक्षमा भएको हुँदा उल्लिखित पात्रहरू सहायक पुरुष पात्र हुन् ।

**(ग) प्रवृत्तिका आधारमा सहायक पुरुष पात्र**

उपन्यासमा अनुकूल र प्रतिकूल सहायक पात्रहरू हुन्छन् । अनुकूल पात्रहरूले सत् कार्यद्वारा प्रमुख पात्रलाई सहयोग गर्दछन् भने प्रतिकूल पात्रले असहयोग गरेर, असत् कार्य गरी आफ्नो भूमिका निर्वाह गर्दछन् । **सुम्निमा** उपन्यासमा अनुकूल पुरुष पात्रहरू छन् । तीमध्ये बिजुवा प्रमुख सहयोगी अनुकूल पात्र हो । उसले नायक सोमदत्तको पक्षमा भाव, विचार र व्यवहार तीनै कोणबाट सहयोगी भूमिका निभाएको छ । त्यसैगरी सूर्यदत्त, राजकुमार, भिल्ल युवक आदि उपन्यासका अनुकूल प्रवृत्तिका पुरुष पात्र हुन् । यसरी सबै सत् अर्थात् अनुकूल सहायक पुरुष पात्रको समुपस्थिति सुम्निमा उपन्यासमा पाइन्छ ।

**(घ) स्वभावका आधारमा सहायक पुरुष पात्र**

उपन्यासमा प्रयुक्त पात्रहरूको स्वभाव भिन्न भिन्न प्रकृतिको हुन्छ । स्वभावका आधारमा गतिशील र (गतिहीन) स्थिर गरी दुईखाले पात्रहरू रहन्छन् । तिनले आफ्नो स्वभाव अनुकूल कार्य गरी कथानकलाई गति दिई उद्देश्यमा पुऱ्याउँछन् । **सुम्निमा** उपन्यासमा प्रयुक्त सहायक पुरुष पात्रहरू स्वभावका आधारमा दुवै प्रवृत्तिका छन् । जसमध्ये सूर्यदत्त, बिजुवा, राजकुमार स्थिर स्वभावका पुरुष पात्र हुन् । उनीहरूको स्वभाव प्रारम्भदेखि अन्त्यसम्म एकै प्रकृतिको पाइन्छ । यद्यपि भिल्ल युवक भने केही भिन्न देखिन्छ । प्रारम्भमा आफ्नो हठी र जिद्धी स्वभावका

कारण ब्राह्मण सूर्यदत्त आर्य संस्कृति, सभ्यता र आश्रय स्थलप्रति विद्रोही बने पनि पछि सूर्यदत्त र बिजुवाकै सल्लाहबाट परिवर्तन भई आर्यहरूलाई हेर्ने दृष्टिमा सुधार आएको छ । जसले गर्दा ऊ उपन्यासको गतिशील स्वभाव भएको पात्र हो । यसप्रकार **सुम्निमा** उपन्यासमा स्वभावका आधारमा स्थिर र गतिशील दुवै खाले सहयोगी पुरुष पात्र रहेको देखिन्छ ।

### (ङ) जीवन चेतनाका आधारमा सहायक पुरुष पात्र

उपन्यासमा व्यक्त सन्देश मूलतः वैयक्तिक र वर्गीय चेतनाबाट निर्धारित हुन्छ । व्यक्तिको निजी विचार र भावनाबाट उत्पन्न स्वनिर्मित चेतना वैयक्तिक चेतना हो भने समाज, धर्म, संस्कृति आदिबाट सिर्जित जातीय, सामूहिक विचार वर्गीय चेतना हो । यस अनुरूप **सुम्निमा** उपन्यासमा प्रयुक्त सहायक पुरुष पात्रहरू सूर्यदत्त र विजुवा वर्गीय चेतना बोकेका पात्र हुन् । उनीहरूले ब्राहमण र किरात भिन्न जातीय संस्कृतिको प्रतिनिधित्व गरे पनि त्यो वर्गीय चेतना बनेर आएको छ । तर राजकुमार भिल्ल युवक आदि आफ्नो निजी वा वैयक्तिक चेतनाबाट सञ्चालित छन् । यसरी जीवन चेतनाका आधारमा हेर्दा सुम्निमा उपन्यासमा वैयक्तिक र वर्गीय दुवै चेतना बोकेका सहायक पुरुष पात्रहरू रहेका छन् ।

### (च) आसन्नताका आधारमा सहायक पुरुष पात्र

सामान्यतः उपन्यासमा मञ्चीय र नेपथ्य दुई प्रकारका पात्रहरूको उपस्थिति पाइन्छ । तिनले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आफ्नो कार्य गरी उपन्यासलाई निष्कर्षमा पुऱ्याउँछन् । सुम्निमा उपन्यासमा प्रयुक्त सहायक पात्रहरू सवै मञ्चीय छन् । सूर्यदत्त, बिजुवा, राजकुमार, भिल्ल युवक आदि सबै उपन्यासमा स्वयं उपस्थित भई विभिन्न रूपबाट कार्य गरेका छन् । कथानक विस्तारमा प्रत्येक पात्रहरू औपन्यासिक मञ्चमा आई आफैँ बोलेर विचार अभिव्यक्त गरेका छन्  साथै आफ्नो कार्य व्यवहार प्रस्तुत गरेका छन् । अतः **सुम्निमा** उपन्यासलाई आसन्नताका आधारमा हेर्दा सबै सहायक पात्रहरू मञ्चीय पुरुष पात्र हुन् ।

**(छ) आबद्धताका आधारमा सहायक पुरुष पात्रहरू**

आबद्धताका कोणबाट हेर्दा उपन्यासमा बद्ध र मुक्त पुरुष पात्रहरू हुन्छन् । उपन्यासको आदिदेखि अन्त्यसम्म रहने, पात्रको अभावमा कथानक अघि नबढ्ने र उपन्यासको उद्देश्यमा बाधा सिर्जना गर्ने पात्रहरू बद्ध पात्र हुन् भने उपन्यासबाट हटाउँदा उद्देश्यमा असर नगर्ने पात्र मुक्त पात्र हुन् । यस अनुरूप सुम्निमामा प्रयुक्त सहायक पुरुष पात्रहरू आबद्धताका दृष्टिले बद्ध र मुक्त दुवै छन् । जसमध्ये सूर्यदत्त र बिजुवा उपन्यासको बद्ध सहायक पुरुष पात्र हुन् । तिनको अभावमा उपन्यास अपूर्ण हुन जान्छ । यद्यपि वनविहार र सिकार गर्न आएका राजकुमार र भिल्ल युवक मुक्त पात्र हुन् । तिनीहरू नभए पनि उपन्यासको उद्देश्यमा कुनै बाधा पुग्दैन । तसर्थ **सुम्निमा** उपन्यासमा आबद्धताका आधारमा बद्ध र मुक्त दुवै खाले सहायक पुरुष पात्रहरूको समुचित उपयोग भएको छ ।

## ४.४.४ सुम्निमा उपन्यासमा प्रयुक्त गौण पुरुष पात्र

उपन्यासमा प्रमुख, सहायक र गौण तीनवटै प्रवृत्तिका पात्रहरूको प्रयोग भएको हुन्छ । तिनीहरूले आ-आफ्ना स्तर र क्षमता अनुरूप एक अर्कालाई सहयोग पुऱ्याउँछन् । सबैको उचित कार्य सम्पादनको समुच्चयबाट उपन्यासले सार्थकता प्राप्त गर्दछ । यसप्रकार प्रमुख र सहायक पात्रका जस्तै गौण पात्रको पनि निश्चित कार्य भूमिका हुने गर्दछ । तिनले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहायक पात्रलाई सहयोग गरी आफ्नो भूमिका निर्वाह गर्दछन् । यस अनुरूप **सुम्निमा** उपन्यासलाई पनि पात्र विधानका पुरुष पात्रका भूमिका विश्लेषणको लैङ्गिक, कार्य भूमिका, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताका आधारमा विश्लेषण गरिएको छ ।

**(क) लिङ्गका आधारमा गौण पुरुष पात्र**

उपन्यासमा प्रयुक्त गौण पुरुष पात्रहरू लिङ्गका आधारमा स्त्री र पुरुष दुवै प्रकृतिका हुन्छन् । सुम्निमा उपन्यासको शोध विश्लेषणको सन्दर्भमा हेर्दा विभिन्न गौण पुरुष पात्रहरू पाइन्छन् । राजकुमारका सैनिक, अङ्ग रक्षक, किरातहरू, सोमदत्तको छोरो, आदि गौण पुरुष पात्र हुन् । तिनले आ-आफ्नो क्षेत्र र तहबाट

सहायक पात्रलाई सहयोग गरी उपन्यासलाई सार्थक तुल्याएका छन् । यसरी उपन्यासमा लैङ्गिक आधारमा गौण पात्रहरू पुरुष लिङ्गका छन् ।

**(ख) कार्य भूमिकाका आधारमा गौण पुरुष पात्र**

कार्य भूमिकाका दृष्टिले हेर्दा उपन्यासमा प्रयुक्त गौण पुरुष पात्रहरू भिन्न भिन्न प्रकृतिका पाइन्छन् । स्तर, क्षमता, क्षेत्र र तहको कार्य विनियोजन अनुरूप प्रमुख, सहायक र गौण स्तरका गौण पात्रहरूको भूमिका निर्धारण गरिन्छ । यस अनुरूप हेर्दा **सुम्निमा** उपन्यासमा प्रयुक्त गौण पुरुष पात्रहरूमध्ये राजकुमारको अङ्ग रक्षक, सिपाही, सैनिक आदि प्रमुख गौण पात्र हुन् भने भिल्ल युवक, किरात सहायक गौण पात्र हुन् । त्यसैगरी सोमदत्तको नाबालक छोरो, उपन्यासको गौण पुरुष पात्र हो । यसरी **सुम्निमा** उपन्यासमा कार्यका आधारमा प्रमुख, सहायक र गौण तीनै खालका गौण पुरुष पात्रको उपयोग पाइन्छ ।

**(ग) प्रवृत्तिका आधारमा गौण पुरुष पात्र**

प्रवृत्तिका आधारमा हेर्दा उपन्यासमा अनुकूल र प्रतिकूल गौण पुरुष पात्रहरू हुन्छन् । तिनले सत् वा असत् कार्य गरी सहायक पात्रलाई सहयोग पुऱ्याउँछन् । **सुम्निमा** उपन्यासमा प्रयुक्त सहायक पुरुष पात्रहरू अनुकूल प्रवृत्तिका छन् र तिनका कार्य पनि सत् प्रकृतिको छ । राजकुमारको अङ्गरक्षक, सैनिक, भिल्ल युवक आदि सबै सत् पात्रहरू हुन् । तिनले उपन्यासका सहायक पात्रलाई विभिन्न रूपबाट सहयोग गरेका छन् ।

**(घ) स्वभावका आधारमा गौण पुरुष पात्र**

उपन्यासमा प्रयुक्त गौण पुरुष पात्रहरू स्वभावका दृष्टिले गतिशलि र स्थिर प्रकृतिका हुन्छन् । तिनले भूमिका अनुरूप आफ्नो स्वभाव, चरित्र, बानी व्यवहार प्रकट गर्दछन् । एकैखाले स्वभाव आदिदेखि अन्त्यसम्म रहेको पात्र स्थिर प्रकृतिका हुन्छन् । तर बिचबिचमा स्वभाव र कार्य व्यवहारमा परिवर्तन ल्याउने पात्र गतिशील हुन् । यस आधारमा **सुम्निमा** उपन्यासमा प्रयुक्त गौण पुरुष पात्रहरू सैनिक,

राजकुमारको अङ्गरक्षक, सोमदत्तको छोरो आदि गतिहीन वा स्थिर स्वभावका पात्र हुन् भने भिल्ल युवक गतिशील स्वभावको गौण पुरुष पात्र हो । उसमा समय सापेक्ष विचार बदलिएको छ । यसरी **सुम्निमा** उपन्यासमा स्वभावका दृष्टिले गतिशील र गतिहीन दुवैखाले गौण पुरुष पात्रहरू रहेका छन् ।

### (ङ) जीवन चेतनाका आधारमा गौण पुरुष पात्र

उपन्यासमा प्रमुख र सहायक पात्रहरूमा जस्तै गौण पात्रहरूमा पनि आ-आफ्नै जीवनचेतना पाइन्छ । ती चेतना व्यक्तिगत र सामूहिक वा वर्गीय विचारबाट उत्पन्न भई सञ्चरण हुन्छ । यस अनुरूप **सुम्निमा** उपन्यासमा प्रयुक्त गौण पुरुष पात्रको जीवन चेतना वैयक्तिक र वर्गीय दुवैखाले रहेको छ । राजकुमारको सैनिक, किरातहरू आदिको जीवन चेतना वर्गीय छ भने अङ्ग रक्षक, भिल्ल युवक, सोमदत्तको छोरो आदिको वैयक्तिक चेतना छ । यसरी **सुम्निमा** उपन्यासमा वैयक्तिक र वर्गीय जीवन चेतना बोकेका गौण पुरुष पात्र छन् ।

### (च) आसन्नताका आधारमा गौण पुरुष पात्र

उपन्यासमा प्रयुक्त गौण पात्रहरू आसन्नताका दृष्टिले मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । मञ्चीय पात्र प्रत्यक्ष संवाद कथनमा सहभागी हुन्छ भने नेपथ्य पात्रले पर्दा पछाडि रहेर कार्य गर्दछन् । सुम्निमा उपन्यासमा प्रयुक्त भिल्ल युवक मञ्चीय गौण पात्र हो उसले आफ्नो विचार प्रत्यक्ष रूपमा व्यक्त गरेको छ । यद्यपि राजकुमारको अङ्ग रक्षक, सैनिकहरू, अन्य किराँत र भिल्लहरू सोमदत्तको छोरो नेपथ्य गौण पात्रहरू हुन् । यसरी सुम्निमा उपन्यासमा आसन्नताका आधारमा मञ्चीय र नेपथ्य दुवैथरी गौण पुरुष पात्रहरू रहेका छन् ।

### (छ) आबद्धताका आधारमा गौण पुरुष पात्र

गौण पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । तिनीहरूले समय र परिस्थिति अनुरूप पूर्ण वा आंशिक भूमिका निर्वाह गर्दछन् र आख्यानलाई उद्देश्यपूर्ण तुल्याउँछन् । **सुम्निमा** उपन्यासमा प्रयुक्त गौण पुरुष पात्रहरू आबद्धताका आधारमा

बद्ध र मुक्त दुवैखाले छन् । राजकुमारको अङ्ग रक्षक, भिल्ल युवक, आदि बद्ध गौण पुरुष पात्र हुन् भने सैनिक, सोमदत्तको छोरो तथा उपन्यासमा प्रयुक्त अन्य मुक्त गौण पुरुष पात्र हुन् । यसप्रकार **सुम्निमा** उपन्यासमा आबद्धताका आधारमा बद्ध र मुक्त दुई किसिमका गौण पुरुष पात्रको समुचित उपयोग भएको छ ।

### ४.४.५ निष्कर्ष

**सुम्निमा** मनोविज्ञानको सशक्त उद्घाटन गरिएको यौन मनोविश्लेषणात्मक उपन्यास कृति हो । मूलतः नारी चरित्रकेन्द्री यस उपन्यासमा पुरुष पात्रको मनोभाव/मानसिक विश्लेषणमा सहयोगी भूमिका निभाउने एउटी कुशल नारी पात्रको रूपमा सुम्निमा देखा परेकी छे । उसकै माध्यमबाट उपन्यासको प्रमुख पुरुष पात्र सोमदत्तलाई यौन मनोविश्लेषणको कोणबाट उद्देश्यमा पुऱ्याई सुम्निमाकै नामबाट उपन्यासको शीर्षकीकरण गरिएको छ ।

उपन्यासको पात्रविधानगत मान्यतामा आधारित रहेर शोध विश्लेषण गरिएको प्रस्तुत **सुम्निमा** उपन्यासका पुरुष पात्रहरूलाई प्रमुख, सहायक र गौण भूमिकाका आधारमा विभाजन गरी लिङ्ग, कार्य भूमिका, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका कोणबाट हेरिएको छ । तदनुरूप उपन्यासको नायक सोमदत्त प्रमुख पुरुष पात्र हो र उसकै सम्पूर्ण घटनावृत्तान्तमा उपन्यास उद्देश्यमा पुगेको छ । ऊ सम्पूर्ण पुरुष पात्रको यौन मानसिकता उद्घाटन गर्ने प्रतिनिधि पात्र हो । यसरी हेर्दा सोमदत्त उपन्यासको पुरुष लिङ्ग, प्रमुख कार्य भूमिका, अनुकूल प्रवृत्ति, गतिशील स्वभाव, वर्गीय जीवनचेतना, मञ्चीय आसन्नता तथा उपन्यासको उद्देश्यमा बाँधिएको बद्ध पुरुष पात्र हो । अतः ऊ उपन्यासमा अनिवार्य कार्य भूमिका बहन गर्ने सशक्त यौन मनोविश्लेषक चरित्र हो । त्यसैगरी सहायक पुरुष पात्रको कोणबाट हेर्दा **सुम्निमा** उपन्यासमा सोमदत्त, बिजुवा, राजकुमार, भिल्ल युवक आदि रहेका छन् । तिनले प्रमुख पुरुष पात्र सोमदत्तको मनोविश्लेषण एवम् कार्य भूमिकामा विभन्न सन्दर्भबाट सहयोग गरेका छन् । यस अनुरूप हेर्दा पुरुष लिङ्ग, सहायक कार्य भूमिका, अनुकूल प्रवृत्ति, गतिहीन र गतिशील (भिल्ल युवक), स्वभाव, वैयत्तिक (राजकुमार, भिल्ल युवक) र वर्गीय जीवन चेतना, मञ्चीय आसन्नता, मुक्त (वैयक्तिक पात्र) र बद्ध (

वर्गीय पात्र) आबद्धताका पुरुष पात्रहरूले समुचित कार्य भूमिका निर्वाह गरेका छन् । यिनैका माध्यमबाट उपन्यास गतिशील रूपमा उद्देश्यसम्म पुग्न सम्भव भएको छ । त्यसैगरी गौण पात्रको आधारमा हेर्दा कथानक विस्तारमा देखिएका प्रासङ्गिक पात्रहरू- राजकुमार, अङ्गरक्षक, सैनिक, पुरुष भिल्ल र पुरुष किरात समाज, सोमदत्तको नाबालक छोरो आदि रहेका छन् । यद्यपि तिनले उपन्यासको सहायक पात्रलाई सहयोग गरे पनि उनीहरूको भूमिका सामान्य वा गौण रूपमा नै सीमित रहेको छ । यस तवरबाट हेर्दा ती सबै पुरुष पात्र हुन् । कार्यका आधारमा प्रमुख, सहायक र गौण भूमिका, प्रवृत्तिका रूपमा अनुकूल, स्वभावका आधारमा गतिशील र गतिहीन, जीवन चेतना वैयक्तिक र वर्गीय, मञ्चीय र नेपथ्य आसन्नता तथा बद्ध र मुक्त आबद्धतामा रही तिनले आ-आफ्नो पुरुष पात्रीय भूमिका निभाएर कथानकलाई पृष्ठपोषण प्रदान गर्दै उद्देश्योन्मुख तुल्याएका छन् ।

यसप्रकार प्रस्तुत **सुम्निमा** उपन्यासमा प्रयुक्त प्रमुख, सहायक र गौण पात्रको रोचक यौन मनोविश्लेषणले उपन्यास प्रभावकारी, सार्थक र औचित्यमूलक बन्न पुगेको छ ।

## ४.५ मोदिआइन उपन्यासमा पुरुष पात्रको विश्लेषण

### ४.५.१ विषय प्रवेश

**मोदिआइन** (२०३६) विश्वेश्वरप्रसाद कोइरालाको चौथो प्रकाशित उपन्यास कृति हो । हिन्दू धर्मग्रन्थको मूल आदर्शलाई वर्णन गरी लेखिएको यस उपन्यासकी नायिका मोदिआइन नै हुन् । उनी उपन्यासभित्रकी उपकथाकी नायिका महाभारतकालीन कौरव पक्षीय सेनाकी प्रेमिका पत्नी हुन् । म पात्रले आफ्नो बालककालको एउटा सानो घटनाको रूपमा सम्झन पुगेको दृश्यचित्रबाट **मोदिआइन** उपन्यास संरचित हुन पुगेको छ । यसमा अरू साधारण नारी पुरुष पात्रहरूमा प्रत्यक्ष साथै अप्रत्यक्ष रूपमा थुप्रै महाभारतकालीन पात्रहरूका साथै मोदी, मिसिरजी, म (वि.पी.), एउटा बूढो, कुल्लीहरू, कर्मचारी, टिकट चेकर, ग्राहक, एउटा ठिटो, ठिटोकी दुलही, पसले, मोदीहरू, दुलही मोदी, बूढो यात्री, सहरका बाबूहरू (धनीमानी), मछुवारिन, तान्त्रिक पण्डित, गान्धारी, धृतराष्ट्र, दुर्योधन, युधिष्ठिर, दुःशासन, कृष्ण, अर्जुन आदि कौरव र पाण्डव पक्षका पात्र छन् ।

प्रस्तुत उपन्यासमा म पात्र र **मोदिआइन**को क्रियाकलाप र संवादबाट कथा अगाडि बढेको छ । उपन्यासकारको सहानुभूति उपकथाकी नायिका नारीमाथि केन्द्रित छ । समष्टिमा हेर्दा मानवत्व र ईश्वरत्वबिचको द्वन्द्व **मोदिआइन** हो । मूलतः महाभारतको कौरव-पाण्डवबिचको युद्धवर्णन र तिनले पारेको मानवीय संवेदनाको कारुणिक संवादपूर्ण कथानक वर्णनलाई उपन्यासको विषयवस्तुको रूपमा उठाइएको छ । प्रस्तुत शोध अध्ययनमा पुरुष पात्रको मात्र विश्लेषण गरिएको छ । यसक्रममा उपन्यासको पात्रविधानगत मान्यतानुरूप, लिङ्ग, कार्य भूमिका, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताका कोणबाट प्रमुख, सहायक र गौण पात्रको भूमिका विश्लेषण गरिएको छ ।

## ४.५.२ मोदिआइन उपन्यासमा प्रमुख पुरुष पात्र

प्रस्तुत उपन्यासको प्रमुख पुरुष पात्र म अर्थात् लेखक स्वयम् हुन् । महाभारतको कौरव र पाण्डवबिचको युद्धको घटनाको द्रष्टाको रूपमा म पात्रले केन्द्रीय भूमिका निर्वाह गरेको छ । उपन्यासकी नारी पात्र वा नायिका द्रोपदी (कौरव पत्नी) मोदिआइनसँगको वार्तालाप र म पात्रको एकालापीय संस्मरणात्मक शैलीको कथोपकथनमा यस उपन्यासको कथानक संरचित छ । उपन्यासमा प्रमुख भूमिका रहेको पुरुष म पात्रको विश्लेषण पात्रविधानगत आधारमा गरिएको छ ।

### (क) लिङ्गको आधारमा प्रमुख पुरुष पात्र

यस दृष्टिले हेर्दा म पात्र प्रमुख पुरुष पात्र हुन् । उनले महाभारतका युद्धका घटनाका प्रत्यक्ष वा परोक्ष वर्णन गरेका छन् । उपन्यासको आदिदेखि, मध्य र अन्त्यसम्म नै म पात्रकै सशक्त भूमिका रहेकोले म पात्र उपन्यासको केन्द्रीय वा प्रमुख पुरुष पात्र हो । उनकै चारित्रिक विश्लेषणमा कथानक उद्देश्यसम्म पुगेको छ ।

### (ख) कार्यको आधारमा प्रमुख पुरुष पात्र

कार्य भूमिकाको आधारमा हेर्दा म पात्र प्रमुख वा केन्द्रीय भूमिका नर्वाह गर्ने पात्र हो । उनले उपन्यासकी मुख्य नारी पात्र वा महाभारतकालीन युद्धका प्रत्यक्ष

द्रष्टा मोदिआइनसँगको संवादको माध्यमबाट उपन्यासको सारसम्म पुऱ्याएका छन् । मानवीय संवेदनाको अनुभूति बोकेको म पात्र आदि, मध्य र अन्त्यसम्म नै विभिन्न रूपमा उपन्यासमा देखिएका छन् । घटनाका प्रत्यक्षदर्शी मोदिआइनसँगको थुप्रै वार्तालाप र संवाद चित्रणले कथानक उद्देश्यपूर्ण बनेको हुँदा म पात्र कार्य भूमिकाका आधारमा प्रमुख पुरुष पात्र हुन् ।

**(ग) स्वभावका आधारमा प्रमुख पुरुष पात्र**

स्वभावका दृष्टिले हेर्दा म पात्र अर्थात् प्रमुख पात्र गतिशील वा स्थिर स्वभाव भएका पात्र हुन् । उनमा कथानक प्रारम्भदेखि उपन्यासको अन्त्यसम्म नै एकै खाले स्वभाव रहेको छ । यसरी म पात्रमा जिज्ञासु, स्वभावको निरन्तरता पाइएको हुँदा उनलाई उपन्यासको गतिहीन स्वभावको पात्र भन्न सकिन्छ ।

**(घ) प्रवृत्तिका आधारमा प्रमुख पुरुष पात्र**

प्रवृत्तिका दृष्टिले हेर्दा म पात्र अनुकूल प्रवृत्ति भएको पात्र हो । उनमा सत् वा आदर्श प्रवृत्ति पाइन्छ । सोझा, सरल र इमानदार आचारणको व्यवहार प्रदर्शन गरेको हुँदा उनलाई अनुकूल प्रवृत्ति भएको प्रमुख पुरुष पात्र मान्न सकिन्छ । उनले सत् व्यवहार प्रकट गरी आदिदेखि अन्त्यसम्म आफ्नो चारित्रिक भूमिका निर्वाह गरेका छन् ।

**(ङ) जीवन चेतनाका आधारमा प्रमुख पुरुष पात्र**

जीवन चेतनाको कोणबाट हेर्दा यस उपन्यासको प्रमुख पुरुष पात्र म वैयक्तिक जीवन चेतना बोकेको पात्र हो । अन्तर्मुखी प्रवृत्तिको चारित्रिक स्वभाव, व्यक्तिगत निजी विचार र धारणा आदि म पात्रमा पाइनुले जीवन चेतनाको आधारमा प्रमुख पुरुष पात्र वैयक्तिक जीवन चेतना बोकेको पात्र मान्न सकिन्छ ।

**(च) आसन्नताका आधारमा प्रमुख पुरुष पात्र**

यस कोणबाट हेर्दा प्रमुख पुरुष पात्र अर्थात् म पात्र मञ्चीय पात्र हो । उपन्यासको थालनी, (विस्तार) मध्य हुँदै अन्त्यसम्मै आई कथानक विकास, सङ्घर्ष

र ह्रासस्थितिसम्म उनको प्रत्यक्ष उपस्थिति, संवाद चित्रण तथा विविध पात्रहरू ( सहायक र गौण) सामु परिस्थितिजन्य भूमिका वहन गर्ने ज्वलन्त पात्र भएको हुँदा म पात्र आसन्नताका आधारमा मञ्चीय पात्र रहेको स्पष्ट हुन्छ ।

**(छ) आबद्धताका आधारमा प्रमुख पुरुष पात्र**

आबद्धताका आधारमा प्रमुख पुरुष पात्र म बद्ध पुरुष पात्र हो । उपन्यासको आदिदेखि अन्त्यसम्म विभिन्न कार्य भूमिकामा प्रत्यक्ष उपस्थित भई आफ्नो दायित्व वा कर्तव्य पूरा गरेबाट म बद्ध पात्र हो भन्न सकिन्छ । कथानक प्रस्तुतिको संस्मरणात्मक र संवादात्मक दुवै अवस्थामा प्रत्यक्ष वा परोक्ष भूमिका वहन गर्ने म पात्रको अभावमा कथानकमा अपूर्ण र उद्देश्यविहीनता देखिने हुँदा प्रमुख पात्रलाई बद्ध एवम् अनिवार्य पुरुष पात्र भन्न सकिन्छ ।

## ४.५.३ मोदिआइन उपन्यासमा सहायक पुरुष पात्र

**मोदिआइन** उपन्यास बहुसङ्ख्यक पुरुष पात्र भएको कृति हो । यसमा प्रयुक्त विविध पात्रमध्ये मिसिरजी म पात्रको प्रमुख सहायक पुरुष पात्र हो । उनले म पात्रको कार्य भूमिकामा विभिन्न रूपबाट सहयोग पुऱ्याएका छन् । दरभङ्गासम्म लैजाने, त्यहाँका महाभारतीय युद्धका घटनाको जानकारी गराउने तथा म पात्रलाई साथमै लिई नेपाल फर्कने मिसिरजीलाई एउटा सहायक असल सहयोगी, सहयात्री र जिम्मेवारपूर्ण अभिभावकका रूपमा लिन सकिन्छ । त्यसैगरी कुल्लीहरू एउटा बूढो, कर्मचारी, टिकट चेकर, ग्राहक, मोदीहरू जस्ता पात्रहहरूले उपन्यासको प्रमुख पात्र मलाई सहयोग पुऱ्याएका छन् । यहाँ पात्र विधानगत मान्यता अनुरूप ती पुरुष पात्रहरूको विश्लेषण गरिएको छ ।

**(क) लिङ्गका आधारमा सहायक पुरुष पात्र**

**मोदिआइन** उपन्यासमा प्रयुक्त सहायक पात्रहरूलाई लैङ्गिक दृष्टिले हेर्दा अधिकांश रूपमा पुरुष पात्रहरू नै रहेका छन् । पुरुषकेन्द्री प्राकृतिक तथा जैविक भूमिका बोकेका सहायक पात्रहरूले उपन्यासको प्रमुख वा म पात्रलाई विभिन्न रूपले सहयोग पुऱ्याएका छन् । मिसिरजी, एउटा बूढो, कर्मचारी, टिकट चेकर,

ग्राहक, पुरुष मोदीहरू आदि उपन्यासलाई गतिशील उद्देश्योन्मुख तुल्याउने सहायक पुरुष पात्रहरू हुन् ।

**(ख) कार्यका आधारमा सहायक पुरुष पात्र**

प्रस्तुत उपन्यासमा प्रयुक्त सहायक पुरुष पात्रहरूको कार्य भूमिकालाई हेर्दा प्रमुख, सहायक र गौण गरी तिन प्रकारका देखिन्छन् । यस अनुसार मिसिरजी, एउटा बूढो, कर्मचारी, टिकट चेकर, ग्राहक आदि सहयोगी सहायक पुरुष पात्र हुन् भने कुल्लीहरू, मोदीहरू सहयोगी गौण सहायक पुरुष पात्र हुन् । तिनले आवश्यकता अनुरूप आफ्नो जिम्मेवारी वहन गरी प्रमुख, सहायक र गौण भूमिकाको दायित्व पूरा गरी म पात्रलाई उपन्यासको उद्देश्यसम्म पुऱ्याएका छन् ।

**(ग) प्रवृत्तिका आधारमा सहायक पुरुष पात्र**

यस कोणबाट हेर्दा उपन्यासमा सत् प्रवृत्तिका सहायक पुरुष पात्र पाइन्छन् । मिससरजी जो काम विशेषको सिलसिलामा भारतको दरभङ्गा जाने क्रममा म पात्रको जिद्दीपूर्ण स्वभावको कारण उनलाई साथमै लगेर सँगै लिई फर्किएबाट उनी अनुकूल प्रवृत्तिका सहायक पात्र हुन् भन्न सकिन्छ । दरभङ्गा पुगेपछि मिसिरजीले म पात्रलाई मायालु र सहयोगी भावमा गरेको सम्बोधनको एक अंश उपन्यासमा यसरी चित्रण गरिएको छ - "बाबू, किन हडबडाएको अहिले बेर छ बस । भर्खर राजदरबार देखापऱ्यो । ऊ हेर (कोइराला, २०५० : ३) ।"

**(घ) स्वभावका आधारमा सहायक पुरुष पात्र**

यस आधारमा हेर्दा **मोदिआइन** उपन्यासमा गतिहीन स्वभावको सहायक पुरुष पात्रहरू रहेका छन् । जसमध्ये मिसिरजी केन्द्रीय सहायक पुरुष पात्र हुन् । उनले म पात्रलाई कथाको घटनास्थल अर्थात् दरभङ्गा तथा महाभारतको हस्तिनापुरसम्मको युद्धस्थानसम्म पुऱ्याई उपन्यासको कथानक आरम्भदेखि अन्त्यसम्म नै एकै भावमा सहयोग गरेको हुँदा गतिहीन वा स्थिर प्रमुख सहायक पुरुष पात्र रहेको स्पष्ट हुन्छ । यसले गर्दा म पात्रले कथानक कच्चा सामग्री जम्मा

गरी उपन्यासको मूर्त रूप प्रस्तुत गर्न सफल भएका छन् । यसरी एउटा जिम्मेवार अभिभावक तथा साथीको रूपमा उनले म पात्रलाई सहयोग गरेबाट उनलाई गतिहनि वा स्थिर सहायक पुरुष पात्र मान्न सकिन्छ ।

**(ङ) जीवन चेतनाका आधारमा सहायक पुरुष पात्र**

जीवन चेतनाका दृष्टिले हेर्दा उपन्यासमा वैयक्तिक र वर्गीय दुवै चेतनाका सहायक पुरुष पात्रहरू पाइन्छन् । मिसिरजी, बूढो यात्री, टिकट चेकर आदि वैयक्तिक विचार वा धारणा बोकेका सहायक पुरुष पात्र हुन् भने कर्मचारी, ग्राहक, कुल्लीहरू जस्ता पात्रहरू भने वर्गीय सहायक पुरुष पात्र हुन् । तिनले सामाजिक जीवनको सामूहिक विचारको प्रतिनिधित्व गरेका छन् ।

**(च) आसन्नताका आधारमा सहायक पुरुष पात्र**

यस आधारमा हेर्दा **मोदिआइन** उपन्यासमा मञ्चीय पुरुष पात्र रहेका छन् । उपन्यासको कथानक वर्णनको सन्दर्भमा देखिएका मिसिरजी, बूढो यात्री, टिकट चेकर, ग्राहक, कुल्लीहरू, मोदीहरू आदि सबै मञ्चमा उपस्थित भई आफ्नो कार्य सम्पादन गरेको हुँदा तिनलाई मञ्चीय पात्र मान्न सकिन्छ । यसरी उपन्यासमा प्रयुक्त सबै सहयोगी पुरुष पात्र मञ्चीय हुन् ।

**(छ) आबद्धताका आधारमा सहायक पुरुष पात्र**

आबद्धताका आधारमा हेर्दा यस उपन्यासमा बद्ध र मुक्त दुवै सहायक पुरुष पात्रहरूको उपस्थिति पाइन्छ । बद्ध पात्रहरू उपन्यासको कथानक प्रारम्भदेखि अन्त्यसम्मै आएका छन् भने मुक्त पात्रहरू बिचमै हराएका छन् । यसक्रममा मिसिरजी, बूढापाकाहरू, बूढो यात्री आदि बद्ध सहायक पुरुष पात्र हुन् । यसैगरी ग्राहक, टिकट चेकर, कुल्लीहरू, मोदीहरू आदि सहायक मुक्त पुरुष पात्र हुन् । ती उपन्यासमा स्वतन्त्र रहेका छन् । यसरी उपन्यासमा बद्ध र मुक्त दुवै खाले सहायक पुरुष पात्रको उपस्थिति रहेको छ ।

### ४.५.४ मोदिआइन उपन्यासमा गौण पुरुष पात्र

प्रस्तुत उपन्यासमा प्रमुख र सहायक पात्रको अतिरिक्त थुप्रै पुरुष पात्रको सहभागिता रहेको छ । यस अनुरूप हेर्दा मोदिआइनमा एउटा ठिटो, सहरका बाबूहरू (सेट वा धनाढ्य), तान्त्रिक पण्डित, धृतराष्ट्र, युधिष्ठिर, दुर्योधन, दुःशासन तथा कृष्ण र अर्जुन आदि गौण पुरुष पात्रहरू हुन् । तिनले प्रत्यक्ष वा परोक्ष रूपमा सहायक र प्रमुख पात्रलाई सहयोग गरी उपन्यासलाई उद्देश्यमा पुऱ्याएका छन् । यहाँ उपन्यासको पात्र विधानगत मान्यता अनुरूप लिङ्ग, कार्य भूमिका, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताका आधारमा गौण पुरुष पात्रहरूको विश्लेषण गरिएको छ :

**(क) लिङ्गका आधारमा गौण पुरुष पात्र**

मोदिआइन उपन्यासमा लिङ्गका आधारमा बहुसङ्ख्यक गौण पुरुष पात्रहरू रहेका छन् । यस दृष्टिले हेर्दा एउटा ठिटो, सहरका बाबूहरू, तान्त्रिक पण्डित, धृतराष्ट्र, युधिष्ठिर, दुर्योधन, दुःशासन तथा कृष्ण र अर्जुन आदि गौण पुरुष पात्रहरू हुन् । मुख्य रूपमा महाभारतकालीन कौरव र पाण्डवका युद्धवर्णनका क्रममा आएका पात्रहरू पनि मोदिआइनको स्मृतिको पात्र भएको हुँदा ती सबै गौण पुरुष पात्र अन्तर्गत पर्दछन् । यसरी सबै पात्रहरूले आफ्नो स्थानबाट सहायक पात्रलाई सहयोग गरी प्रमुख पात्रलाई उद्देश्य केन्द्रित तुल्याएका छन् ।

**(ख) कार्यका आधारमा गौण पुरुष पात्र**

कार्य भूमिकाका दृष्टिले हेर्दा **मोदिआइन** उपन्यासमा गौण पुरुष पात्रहरूको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ । जसमध्ये कौरव पक्ष र पाण्डव पक्ष उपन्यास वर्णनमा मात्र सीमित युद्धका पात्र भएकाले ती गौण अन्तर्गत गौण पुरुष पात्र रहेको मान्न सकिन्छ । त्यसैगरी सहरका बाबूहरू, तान्त्रिक पण्डित, सहायक गौण पुरुष पात्र हुन् भने एउटा ठिटो प्रमुख गौण पात्र हो । तिनले विभिन्न रूपमा आफ्नो कार्य गरी सहायक पात्रलाई सहयोग पुऱ्याई कथानकलाई रोचक, कौतूहलपूर्ण र प्रभावकारी तुल्याएका छन् ।

**(ग) प्रवृत्तिका आधारमा गौण पुरुष पात्र**

यस आधारमा हेर्दा मोदिआइन उपन्यासमा सत् असत् दुवै प्रकारका पात्रहरूको संयोजन पाइन्छ । एउटा ठिटो लगायतका पाण्डव पक्षहरू सत् वा आदर्श पुरुष पात्रका रूपमा भने कौरव पक्षका पात्रहरू असत् पक्षका रूपमा उभिएका छन् । यसरी हेर्दा युद्धका तिनै सत् असत् पात्रहरू नै मूलतः अनुकूल र प्रतिकूल प्रवृत्तिका पात्रहरू हुन् । यसप्रकार पाण्डव पक्ष अनुकूल र कौरव पक्ष प्रतिकूल पात्र बनेर आएका छन् । जहाँ न्याय र अन्याय, सत् र असत्, शान्ति र युद्ध आदिका बिच द्वन्द्व हुन पुगेको छ ।

**(घ) स्वभावका आधारमा गौण पुरुष पात्र**

स्वभावका दृष्टिले हेर्दा **मोदिआइन** उपन्यासमा गतिहीन वा स्थिर र गतिशलि वा परिवर्तनशील दुवै प्रकृतिका गौण पुरुष पात्रहरू रहेका छन् । यस अनुरूप एउटा ठिटो तथा समग्र पाण्डव पक्षहरू गतिहीन पुरुष पात्र हुन् । तिनमा आफ्नो सत्, धर्म, वचन, कर्तव्यनिष्ठता, त्याग आदिको पूर्णतः पालन रहेको छ । राज्यको भोग विलासमा मोह भएका कौरव पक्ष भने प्रारम्भमा मेलमिलापको भाव दर्शाए पनि परिस्थितिजन्य विभिन्न षड्यन्त्रको जाल रच्दै पाण्डव पक्षलाई राज्यविहीन तुल्याई वनवास पुऱ्याउन उद्यत रहेकाले तिनलाई गतिशील गौण पुरुष पात्र मान्न सकिन्छ । यसरी स्वधर्म र कर्तव्यमा अटल पाण्डव पक्षहरू गतिहीन स्वभावका पात्र हुन् भने मानव धर्म र कर्तव्य च्युत व्यभिचारी, धूर्त कौरव पक्ष गतिशील पुरुष पात्रका रूपमा देखिएका छन् ।

**(ङ) जीवन चेतनाका आधारमा गौण पुरुष पात्र**

यस दृष्टिले हेर्दा प्रस्तुत उपन्यासमा वैयक्तिक र वर्गीय दुवै प्रवृत्तिका जीवन चेतना बोकेका गौण पुरुष पात्रहरू रहेका छन् । तिनले व्यक्तिगत निजी जीवनदर्शन तथा सामूहिक चेतनाको अवलम्वन गरेका छन् । जसअनुसार एउटा ठिटोले वैयक्तिक जीवनदृष्टि बोकेको छ । तर कौरव पक्ष र पाण्डव पक्ष दुवैले सामूहिक जीवन चेतना अपनाएका छन् । यसरी हेर्दा कौरव पक्ष असत् मार्गमा हिँडी धूर्त,

स्वार्थी, हिंसा र व्यभिचारको मानवताविहीन राक्षसीपनको चेतना वा विचारबाट सञ्चालित छन् भने पाण्डव पक्ष सत्य, न्याय, धर्म, कर्तव्य र मानवता जस्ता दैविक चेतनाबाट प्रेरित छन् ।

**(च) आसन्नताका आधारमा गौण पुरुष पात्र**

प्रस्तुत उपन्यासमा आसन्नताका आधारमा मञ्चीय र नेपथ्य दुवै प्रकृतिका गौण पुरुष पात्रहरूको उपस्थिति रहेको छ । उपन्यासको कथानक घटना वर्णनको क्रममा प्रत्यक्ष उपस्थित पात्रहरू बूढो यात्री र एउटा ठिटो मञ्चीय पात्र हुन् । तिनले म पात्रको कथानक विस्तारमा स्वयम् वक्ताको रूपमा पत्यक्ष तवरले सहयोग पुऱ्याएका छन् । त्यसैगरी उपन्यासमा युद्धका घटनाका सहभागी पात्रहरू जो मोदिआइनको महाभारतीय युद्ध वर्णनका पात्र हुन् भने अप्रत्यक्ष वा स्मृति पटलका पात्रहरू भएको हुँदा तिनलाई नेपथ्य गौण पुरुष पात्र मान्न सकिन्छ ।

**(छ) आबद्धताका आधारमा गौण पुरुष पात्र**

**मोदिआइन** उपन्यासमा आबद्धताका आधारमा बद्ध र मुक्त दुवैखाले गौण पुरुष पात्रहरूको उपस्थिति रहेको पाइन्छ । यस उपन्यासको सन्दर्भमा भन्नुपर्दा म पात्रको यात्राको क्रममा उपस्थित एउटा ठिटो मुक्त गौण पुरुष हो । ऊ स्वतन्त्र छ जो उपन्यासको घटनाक्रममा बाँधिएको छैन । तर युद्धका क्रममा संलग्न कौरव पक्ष र पाण्डव पक्ष लगायतका अन्य प्रत्यक्षदर्शीहरू भने बद्ध पात्र हुन् । किनभने तिनको अभावमा उपन्यास अपूर्ण बन्न सक्दछ । यसरी उपन्यासमा प्रयुक्त बद्ध र मुक्त दुवै पात्रहरूको रोचक उपस्थितिले उपन्यासलाई कलात्मक र प्रभावोत्पादक स्थितिबाट उद्देश्यपूर्ण तुल्याएको छ ।

## ४.५.६ निष्कर्ष

**मोदिआइन** बहुचरित्रकेन्द्री महाभारतकालीन कौरव पाण्डवबिचको युद्धको घटना वर्णनमा आधारित मानवीय संवेदनायुक्त उपन्यास हो । यसमा मानवता र दानवताको दुवै

प्रतिनिधित्व गर्ने मानव जातिको स्वभावजन्य प्रवृत्तिको चित्रण गरिएको छ । विविध पात्रहरूको उपस्थिति र तिनको रोचक प्रभावकारिताले उपन्यासलाई जीवन्त तुल्याएको छ । उपन्यासकी प्रमुख नारी पात्र नायिका (द्रौपदी) मोदिआइनले स्वयम् उपन्यासको प्रत्यक्ष द्रष्टा बनेर घटनाको विस्तारित वर्णन गरेकी छिन् । यसरी नारी चरित्रप्रधान रूपमा प्रस्तुत उपन्यास सिर्जित छ । यद्यपि उपन्यासको शोध्य विषय पुरुष पात्र केन्द्रित भएको हुँदा प्रस्तुत सन्दर्भमा पुरुष पात्रको पात्र विधानगत मान्यतानुरूप लिङ्ग, कार्य भूमिका, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताका कोणबाट अध्ययन विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

यसप्रकार **मोदिआइन** उपन्यासमा लिङ्गको आधारमा हेर्दा सबै पुरुष पात्रहरूको कलात्मक उपस्थिति रहेको छ । तिनका कार्य भूमिकाका आधारमा प्रमुख, सहायक र गौण गरी तिन स्तरका पात्र समूहमा विभाजन गरिएको छ । जसअनुसार म पात्र वा उपन्यासकार उपन्यासको प्रमुख पुरुष पात्र, अनुकूल प्रवृत्ति, गतिहीन स्वभाव, वैयक्तिक जीवन चेतना, मञ्चीय आसन्नता र आबद्धताका दृष्टिले बद्ध पुरुष पात्र हुन् । उनकै केन्द्रीयतामा उपन्यासको कथानक उद्देश्यमा पुगेको छ । यसरी म पात्र उपन्यासको प्रमुख वा नायक चरित्र हो जसबाट सिङ्गो उपन्यास संरचना बनेको छ । सहायक पात्रका कोणबाट हेर्दा मिसिरजी प्रमुख सहायक पात्र हुन् । उनले उपन्यासको प्रारम्भदेखि घटना विस्तारको मध्य भाग हुँदै अन्त्य भागसम्मै म पात्रको सहयात्री, अभिभावक, जिम्मेवारपूर्ण प्रौढ व्यक्तिको रूपमा आफ्नो कार्य भूमिका निर्वाह गरी कथानकलाई उद्देश्य केन्द्रित तुल्याएका छन् । यसप्रकार मिसिरजी लिङ्गका आधारमा पुरुष, कार्यका दृष्टिले प्रमुख सहायक, अनकूल प्रवृत्ति, गतिहीन स्वभाव, वैयक्तिक जीवन चेतना, मञ्चीय तथा बद्ध पुरुष पात्र हुन् । उनले म पात्रलाई कथानक घटनास्थलसम्म पुऱ्याई उपन्यास सिर्जनामा महत्त्वपूर्ण सहयोग गरेका छन् । त्यसैगरी अन्य सहयोगी पात्रहरूमा टिकट चेकर, एउटा बूढो, ग्राहक, कुल्ली, मोदीहरू आदि पुरुष, सहायक, अनुकूल, गतिहीन, वैयक्तिक चेतना (मिसिरजी, बूढो यात्री), वर्गीय चेतना (कर्मचारी, ग्राहक, कुल्ली), मञ्चीय तथा बद्ध र मुक्त दुवै प्रवृत्तिका पात्रहरूका रोमाञ्चक उपस्थिति रहेको छ ।

गौण पात्रका कोणबाट हेर्दा उपन्यासमा थुप्रै पुरुष पात्रहरूको सहभागिता रहेको छ । एउटा ठिटो, सहरका बाबूहरू, तान्त्रिक पण्डित, ब्राह्मण, पुरोहित लगायत युद्धमा सहभागी

कौरव र पाण्डव पक्षका पात्रहरू तथा प्रत्यक्षदर्शी सबै गौण पात्रहरू हुन् । तिनीहरू पुरुष लिङ्ग, गौण भूमिका, अनुकूल र प्रतिकूल प्रवृत्ति, गतिहीन र गतिशील स्वभाव, वैयक्तिक र सामूहिक चेतना, मञ्चीय र नेपथ्य तथा बद्ध र मुक्त दुवै प्रकृतिका पात्रहरूको समुपस्थिति रहेको छ । तिनले सहायक पात्रलाई विभिन्न रूपमा सहयोग गरी उपन्यासको कथानकलाई प्रमुख पुरुष पात्र 'म' का कोणबाट उद्देश्यमा पुऱ्याउन प्रत्यक्ष वा अप्रत्यक्ष भूमिका निर्वाह गरेका छन् । यसप्रकार मोदिआइन उपन्यासमा प्रमुख, सहायक र गौण तिनै स्तरका पुरुष पात्रहरूको स्वभाविक उपस्थितिले उपन्यासलाई रोचक, प्रभावपरक, जीवन्त र मार्मिक तुल्याएको छ ।

## ४.६ हिटलर र यहुदी उपन्यासमा पुरुष पात्र

### ४.६.१ विषय परिचय

प्रस्तुत **हिटलर र यहुदी** (२०४०) विश्वेश्वरप्रसाद कोइरालाको पाँचौं प्रकाशित उपन्यास कृति हो । यहाँ ऐतिहासिक विषयवस्तुमा आधारित जर्मनीमा भएको मानव संहारपूर्ण युद्धको विभत्स घटनालाई कथावस्तुको रूपमा चयन गरिएको छ । मूलतः जर्मनीको तानाशाह हिटलरले सन् १९४४ मा साठी लाख मानिसको हत्या गरेको दुःखद विभत्स दृश्यको कारुणिक वर्णनमा यस उपन्यास संरचित छ । जातीय द्वन्द्व र त्यसले निम्त्याएको शोकाकूल अवस्थाबाट उत्पन्न प्रभावको सनसनीपूर्ण वर्णनमा उक्त उपन्यास आधारित छ । हिटलररूपी दानवीय विचारको अन्त्य गरी मानवताको सन्देश विश्वभरि सम्प्रेषण गर्नु यस उपन्यासको वैचारिक पक्ष वा जीवनदर्शन रहेको छ ।

**हिटलर र यहुदी** उपन्यासमा थुप्रै नारी, पुरुष पात्रको कलात्मक समुपस्थिति पाइन्छ । उपन्यासका प्रमुख नारी पात्रहरूमा लक्ष्मी, रेवा तथा सहायक पात्रहरूको रूपमा थियोडोरा, इल्जे आदि रहेका छन् । तिनीहरू वास्तवमा उपन्यासको मूल प्रसङ्ग सँग सम्बन्धित छन् । साथै अन्य नारीहरूमा मिस मार्गरेट, मिसेज मैकडोनाल्ड, स्वीडेनकी बूढिया, ग्रेटा आदि छन् । यसैगरी पुरुष पात्रहरूमा प्रमुख पात्र म हो जो उपन्यासको केन्द्रीय पात्र हो । त्यसरी नै नारायणन, सहायक पात्र बनेर आएका छन् । त्यस्तै अन्य पुरुष पात्रहरूमा बम्बईको ट्याक्सीवाल, होटल मालिक, रिसेप्सनिस्ट, वेलव्वाई, डेभिड (अन्तर्राष्ट्रिय यहुदी सङ्गठनको

प्रतिनिधि), यहुदी समुद्री यात्री, सुनार, अफिसर, मेनेजर, गोल्डवर्ग, याकुव, रेखाको लोग्ने, खोरण्डे (लियोनार्डो), सुनील भट्टचार्य, पत्रकार, जापानी ठिटो, एम.एन.बनार्जी, डा. एस.एन.देशाई, सिपाही, यात्रुहरू, इल्जेको बाबु, तरुण, हिटलर आदि थुप्रै पुरुष पात्रहरू रहेका छन् ।

उपन्यासको मूल प्रसङ्ग द्वितीय विश्वयुद्धले युरोपभरि छाडेको बर्बरतापूर्ण प्रभावको वर्णनमा आधारित छ । यसै युद्धका क्रममा हिटलरले साठी लाख यहुदीहरूलाई ग्यास च्याम्बरमा मारेको बीभत्सपूर्ण घटनाको जीवन्त कारुणिक दृष्टान्तको चित्रण कोइरालाले उपन्यासको प्रारम्भमा नै गरेका छन् । समग्रमा हेर्दा उपन्यासकारको सहानुभूतिका पात्र मूलभूत रूपमा हिटलर भट्टीमा पोलिएका साठी लाख यहुदी र साथै द्वितीय विश्वयुद्धले जीर्णजीर्ण बनाएर छाडेका इल्जे र थियोडोरा जस्ता मान्छेहरू देखिन्छन् । यसरी महाभारतको युद्ध मच्चाएर लाखौं मानिसको ज्यान लिन सक्ने गीतामहायुद्ध अनि साठी लाख यहुदीको निर्मम हत्याको कारणले हिन्दू मूल धर्मग्रन्थ मानिएको **श्रीमद्भगवद्गीता**को गरिमामाथि नै यस उपन्यासले प्रश्न चिह्न खडा गरेको छ ।

यसप्रकार विश्वयुद्धको घटनाबाट उत्पन्न कारुणिक अवस्था र त्यसले पारेको मानवीय संवेदनाको तीतो असऱ्युक्त परिणतिको सनसनीपूर्ण दृश्यचित्राङ्कित गर्ने उद्देश्यबाट यस उपन्यास रचित छ । तदनुरूप प्रस्तुत शोध विश्लेषणमा उपन्यासको पात्र विधानगत मान्यता अनुरूप **हिटलर र यहुदी** उपन्यासमा प्रयुक्त पुरुष पात्रहरूलाई लिङ्ग, कार्य भूमिका (प्रमुख, सहायक, गौण रूपमा), प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताका आधारमा यसप्रकार अध्ययन गरिएको छ :

## ४.६.२ हिटलर र यहुदी उपन्यासमा प्रमुख पुरुष पात्र

### (क) लिङ्गका आधारमा प्रमुख पुरुष पात्र

प्रस्तुत उपन्यासमा लिङ्गका आधारमा हेर्दा थुप्रै पुरुष पात्र रहेका पाइन्छन् । उपन्यासको प्रमुख, सहायक तथा गौण तिनै प्रकृतिका पात्रहरू वंशज वा प्राकृतिक रूपले पुरुषकेन्द्री पात्रहरू रहेका छन् । तिनले उपन्यासको विविध घटना सन्दर्भलाई आवश्यकतानुरूप विस्तार गरी उद्देश्यसम्म पुऱ्याएका छन् । **हिटलर र यहुदी**

उपन्यासमा मूलतः पुरुष पात्रकै बाहुल्यता रहेको देखिन्छ । यसरी हेर्दा लैङ्गिक दृष्टिले उपन्यासमा प्रयुक्त म पात्र प्रमुख पुरुष पात्र हुन् । उनकै केन्द्रीयतामा उपन्यास उद्देश्यमा पुगेको छ, जसमा सहायक र गौण पात्रहरू समेत आबद्ध छन् ।

**(ख) कार्यका आधारमा प्रमुख पुरुष पात्र**

कार्य भूमिकाका दृष्टिले **हिटलर र यहुदी** उपन्यासमा प्रमुख, सहायक र गौण तिनै प्रकृतिका पात्रहरू पाइन्छन् । जसमध्ये म पात्र उन्यासको प्रमुख कार्य भूमिका बहन गर्ने पुरुष पात्र हुन् । उपन्यासमा आदि, मध्य र अन्त्यसम्म आई म पात्रले औपन्यासिक कार्य गरी उपन्यासलाई उद्देश्यसम्म पुऱ्याएका छन् । विविध पात्रहरूसँगको सहयात्रा र सहकार्य, संवाद, एकालाप, पूर्वदीप्ति, आदि शैलीको स्वभाविक कथानक घटना वर्णनका रूपमा प्रमुख पात्र 'म' ले- "युरोपबाट एशिया अफ्रिकाका अरू देशबाट यहुदीहरू अवाञ्छित भएर धपिन गएका छन् भने कहाँ जाऊन् त उनीहरू ....। उनीहरूलाई पनि त एउटा थलो चाहियो (कोइराला, २०५७ : ५) ।" भन्ने युरोपेली महिला मिस मार्गरेटसँगको प्रश्नोत्तर संवाद प्रस्तुत गर्दै उपन्यासकार म पात्रले घटना वर्णनको थालनी गर्दै सङ्घर्ष विकास हुँदै अन्त्यसम्म पुऱ्याई आदिबाट अन्त्यसम्म विभिन्न रूपले कार्य सम्पादन गरी उद्देश्य वा कथासार अर्थात् केन्द्रीय विचारसम्म पुऱ्याएको हुँदा कार्य भूमिकाका आधारमा म पात्रको उपस्थिति महत्त्वपूर्ण र अनिवार्य रहेको छ ।

**(ग) प्रवृत्तिका आधारमा प्रमुख पुरुष पात्र**

यस कोणबाट हेर्दा **हिटलर र यहुदी** उपन्यासमा प्रयुक्त प्रमुख पुरुष पात्र अर्थात् म पात्र अनुकूल प्रवृत्तिको रहेको पाइन्छ । आवश्यकतानुरूप सहायक पात्रबाट सहयोग लिने र दिने आदत भएको म पात्र उपन्यासको सत् पात्र हुन् । उपन्यासको उद्देश्यनुरूप कार्य गर्ने असल, आदर्श, कर्तव्यनिष्ठ, लक्ष्य वा उद्देश्यकेन्द्री भावना एवम् विचार म पात्रमा पाइन्छ । यसरी म पात्र प्रवृत्तिका आधारमा अनुकूल वा उद्देश्यमूलक पुरुष पात्र हुन् ।

**(घ) स्वभावका आधारमा प्रमुख पुरुष पात्र**

प्रस्तुत उपन्यासको प्रमुख पात्र म स्वभावका आधारमा गतिहीन तथा स्थिर पुरुष पात्र हुन् । उनमा प्रारम्भदेखि अन्त्यसम्म नै एकै प्रकारको स्वभाव पाइन्छ । अन्तर्मुखी स्वभाव, मितव्ययीपन, जिज्ञासु, धैर्यशील, यौन र प्रेमप्रतिको आकर्षित सहयोगी र मिलनसारिता जस्ता गुणहरूले गर्दा प्रमुख पात्रलाई गतिहीन स्वभाव भएको प्रमुख पुरुष पात्र मान्न सकिन्छ ।

**(ङ) जीवन चेतनाका आधारमा प्रमुख पुरुष पात्र**

यस आधारमा हेर्दा उपन्यासमा वैयक्तिक र वर्गीय वा सामूहिक चेतना बोकेका प्रमुख पुरुष पात्र रहेका पाइन्छन् । तदनुरूप **हिटलर र यहुदी** उपन्यासको प्रमुख पात्र सामूहिक वा वर्गीय चेतना बोकेका पात्र हुन् । लाखौँको सङ्ख्यामा भएको नरसंहारको बीभत्स घटना र त्यसको प्रभावमा समग्र विश्व मानव समाजमा छाएको पीडा र विविध भौतिक तथा मानसिक असरको रूपमा मानवीय संवेदना जाहेर गरी मानवलाई शान्ति र अहिंसाको पाठ सिकाउने मानव समाजको प्रतिनिधि भूमिका निर्वाह गरेको हुँदा उनलाई वर्गीय जीवन चेतना वा विश्वदृष्टि बोकेको पात्र भन्न सकिन्छ ।

**(च) आसन्नताका आधारमा प्रमुख पुरुष पात्र**

आसन्नताका कोणबाट हेर्दा उपन्यासमा मञ्चीय र नेपथ्य दुवै खाले पात्रहरू पाइन्छन् । यस अनुरूप उपन्यासमा प्रयुक्त 'म' अर्थात् प्रमुख पात्र मञ्चीय पात्र हुन् । उनले उपन्यासका विविध कालखण्डका घटना क्रममा प्रत्यक्ष उपस्थित भई आफ्नो कार्य सम्पादन गरेका छन् । उनको अभावमा उपन्यास अपूर्ण बन्दछ । यसरी ज्वलन्त रूपमा कथानकमा आई विभिन्न सन्दर्भबाट उपन्यासमा सबैको विचार ग्रहण गर्ने म पात्र आसन्नताको दृष्टिले मञ्चीय पुरुष पात्र हुन् ।

**(छ) आबद्धताका आधारमा प्रमुख पुरुष पात्र**

उपन्यासमा बद्ध र मुक्त दुवै खाले पात्रहरू पाइन्छन् । तिनले उपन्यासलाई प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याउँछन् । प्रस्तुत उपन्यासको सन्दर्भमा प्रयुक्त

प्रमुख पात्र अर्थात् बद्ध पुरुष पात्र हुन् । उनले उपन्यासको आदि, मध्य र अन्त्य तिनै स्थानमा आई आफ्नो कार्य भूमिका निभाएका छन् । उनको अभावमा उपन्यास अपूर्ण र उद्देश्यविहीन बन्न पुग्ने हुँदा म पात्रलाई उपन्यासको बद्ध तथा अपरिहार्य पात्र मान्न सकिन्छ ।

## ४.६.३ हिटलर र यहुदी उपन्यासमा सहायक पुरुष पात्र

### (क) लिङ्गका आधारमा सहायक पुरुष पात्र

लिङ्गका आधारमा हेर्दा **हिटलर र यहुदी** उपन्यासमा थुप्रै पुरुष पात्रहरूको संयोजन रहेको पाइन्छ । यस अनुरूप ट्याक्सीवाल, होटल मालिक, रिसेप्सनिस्ट, बेलव्वाई, नारायणन, सुनील भट्टाचार्य, लियोनार्डो, वियरा, कर्मचारी, मेनेजर, अफिसर आदि रहेका छन् । यसप्रकार प्रस्तुत उपन्यासमा अधिक पुरुष पात्रहरू रहेका देखिन्छन् ।

### (ख) कार्यका आधारमा सहायक पुरुष पात्र

कार्यका कोणबाट हेर्दा **हिटलर र यहुदी** उपन्यासमा बम्बईको ट्याक्सीवाल जसले प्रमुख म पात्रलाई निश्चित गन्तव्यमा पुऱ्याउन सहयोग गरेको छ । त्यसैगरी होटलवाल, रिसेप्सनिस्ट, बेलव्वाईले गाँस र वासको प्रबन्ध मिलाइदिएका छन् । अफिसर, मेनेजर र कर्मचारीले जहाजको टिकट बुकिङमा सहयोग पुऱ्याएका छन् । नारायणन, रेवाको लोग्ने, पत्रकार तथा भट्टचार्यले म पात्रको यात्रामा साथ दिई विभिन्न रूपबाट सहयोग पुऱ्याएका छन् ।

### (ग) प्रवृत्तिका आधारमा सहायक पुरुष पात्र

प्रवृत्तिका कोणबाट हेर्दा प्रस्तुत उपन्यासमा प्रयुक्त सहायक पात्रहरू- मेनेजर, अफिसर, कर्मचारी, नारायणन, कर्मचारी, पत्रकार, होटल मालिक आदि सबै अनुकूल पात्र देखिन्छन् । प्रारम्भदेखि अन्त्यसम्म आएका विभिन्न पात्रहरूले सत् व्यवहार दर्साई म पात्रलाई सहयोग गरेबाट ती सबैलाई उपन्यासका अनुकूल पात्र मान्न सकिन्छ ।

### (घ) स्वभावका आधारमा सहायक पुरुष पात्र

यस कोणबाट हेर्दा **हिटलर र यहुदी** उपन्यासमा गतिहीन वा स्थिर प्रकृतिका पुरुष पात्रहरूको उपस्थिति रहेको पाइन्छ । नेपालमा म पात्रलाई विदेश जाने टिकट मिलाइदिने क्रममा सहयोग पुऱ्याउने अफिसर, मेनेजर, कर्मचारीदेखि लिएर बम्बईका होटलसम्म पुऱ्याइदिने टयाक्सीवाल, होटल मालिक र कामदारहरू तथा जहाजका सहयात्री, नारायणन, पत्रकार, रेवाको लोग्ने भट्टाचार्य आदि एकै खाले गतिहीन वा स्थिर स्वभावका पात्र हुन् । तिनमा प्रारम्भदेखि अन्त्यसम्म नै एकै स्वभाव रहेको देखिन्छ ।

### (ङ) जीवन चेतनाका आधारमा सहायक पुरुष पात्र

यस आधारमा हेर्दा **हिटलर र यहुदी** उपन्यासमा वैयक्तिक र सामूहिक वा वर्गीय दुवै प्रकारका जीवन चेतना बोकेका सहायक पुरुष पात्र रहेका देखिन्छन् । अफिसका कर्मचारी, मेनेजर तथा अफिसर सामूहिक जीवन चेतना बोकेका पुरुष पात्र हुन् । तिनले आफ्नो पेशा, कर्तव्य र अधिकारको उपयोग गरी सबै कर्मचारीले जस्तै आफ्नो दायित्व पूरा गरी म पात्रको विदेश यात्रा वा स्वास्थ्योपचारमा भिसा, टिकट, आर्थिक रूपबाट सहयोग गरेका छन् । त्यसैगरी जहाजका यात्रुहरू, पत्रकार, सुनिल भट्टचार्य, रेवाको लोग्ने, नारायणन तथा होटल मालिक र कामदारहरू वैयक्तिक जीवन चेतना बोकेका पुरुष पात्रहरू हुन् ।

### (च) आसन्नताका आधारमा सहायक पुरुष पात्र

आसन्नताका कोणबाट हेर्दा उपन्यासमा मञ्चीय र नेपथ्य दुवैथरी सहायक पुरुष पात्रहरूको उपस्थिति पाइन्छ । जसअनुसार प्रस्तुत उपन्यासको सहायक पुरुष पात्रहरू पनि मञ्चीय र नेपथ्य दुवै रूपमा उपस्थित रहेका छन् । उपन्यासकार अर्थात् लेखक म पात्रको कागजी प्रक्रियामा सहयोग पुऱ्याइदिने सिंहदरबार स्थित कार्यालय र परराष्ट्र मन्त्रालयका अफिसर, मेनेजर तथा कर्मचारीहरू उपन्यासका नेपथ्य सहायक पुरुष पात्र हुन् । तिनले उपन्यासमा अप्रत्यक्ष रूपमा अर्थात् पर्दा पछाडि रहेर म पात्रलाई सहयोग गरेका छन् । यद्यपि जहाजका यात्रुहरू- नारायणन, रेवाको लोग्ने, पत्रकार, भट्टचार्य, बम्बईको ट्याक्सीवाल, होटल मालिक र अन्य

कामदारहरू प्रत्यक्ष संवाद शृङ्खलामा आई आफ्नो भूमिका निभाएकाले ती आसन्नताका आधारमा सहायक मञ्चीय पुरुष पात्रहरू हुन् ।

**(छ) आबद्धताका आधारमा सहायक पुरुष पात्र**

यस आधारबाट हेर्दा हिटलर र यहुदी उपन्यासमा बद्ध प्रकृतिको सहायक पुरुष पात्रहरूको संयोजन रहेको देखिन्छ । जसमध्ये अफिसर, मेनेजर, कर्मचारी, डेभिड, लियोनार्डो, बम्बईको ट्याक्सीवाल, होटल मालिक, वियरा लगायतका जहाजी यात्रुहरू- पत्रकार, सुनिल भट्टाचार्य, रेवाको लोग्ने, नारायणन आदि सबै बद्ध सहायक पुरुष पात्रहरू हुन् । तिनीहरूलाई उपन्यासबाट झिक्दा उपन्यासको उद्देश्यमा बाधा पुग्ने हुँदा तिनलाई बद्ध पुरुष पात्र मान्न सकिन्छ । यसरी उपन्यासमा प्रयुक्त सबै पुरुष पात्रहरू बद्ध अर्थात् अनिवार्य रहेका छन् ।

## ४.६.४ हिटलर र यहुदी उपन्यासमा गौण पुरुष पात्र

उपन्यासमा मूलतः प्रमुख, सहायक र गौण तिनै खालका पात्रहरूको उपस्थिति रहेको हुन्छ । तिनको एक अर्काको परस्पर सहयोगमा उपन्यास उद्देश्यमा पुग्दछ । यसरी हेर्दा प्रस्तुत उपन्यासमा पनि गौण पुरुष पात्रहरूको समुपस्थिति देखिन्छ । लिङ्ग, कार्य भूमिका, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताका आधारमा ती गौण पुरुष पात्रहरूलाई यसप्रकार हेर्न सकिन्छ :

**(क) लिङ्गका आधारमा गौण पुरुष पात्र**

यस आधारबाट हेर्दा उपन्यासमा थुप्रै गौण पुरुष पात्र देखिन्छन् । तिनले सहायक पात्रलाई सहयोग गरी प्रमुख पात्रलाई औपन्यासिक उद्देश्यमा पुऱ्याएका छन् । **हिटलर र यहुदी** उपन्यासमा प्रयुक्त गौण पुरुष पात्रहरूमा- गोल्डवर्ग, याकुव, युवकहरू, एम. एन. बनार्जी, डा. एस. एन. देशाई, सिपाही, यात्रुहरू, मोटो युवक, इल्जेको बाबु, तरुण, हिन्दू, यहुदी लगायतका अन्य संस्मरणात्मक पात्रहरू रहेका छन् ।

**(ख) कार्य भूमिकाका आधारमा गौण पुरुष पात्र**

कार्यका आधारमा हेर्दा **हिटलर र यहुदी** उपन्यासमा प्रमुख, सहायक र गौण तिन स्तरका गौण पात्रहरूको उपस्थिति रहेको छ । जसमध्ये युवकहरू, मोटो युवक, यात्रुहरू, तरुण आदि प्रमुख गौण पुरुष पात्र हुन् भने हिन्दू, यहुदी, याकुव, इल्जेको बाबु सहायक गौण पात्र तथा सिपाही, सेना, हिटलर आदि गौण भूमिका निर्वाह गर्ने गौण पुरुष पात्रहरू हुन् ।

**(ग) प्रवृत्तिका आधारमा गौण पुरुष पात्र**

प्रवृत्तिका दृष्टिले हेर्दा यस उपन्यासमा अनुकूल र प्रतिकूल दुवै प्रवृत्तिका पुरुष पात्रहरूको उपस्थिति रहेको छ । अनुकूल गौण पात्रहरूले सहायक गौण पात्रहरूलाई सकारात्मक ढङ्गले सहयोग गरेका छन् भने प्रतिकूल गौण पात्रहरूले नकारात्मक रूपमा कार्य गरेका छन् । यसरी हेर्दा हिटलर, याकुव, सेना, थियोडोराको प्रेमी, रुडोल्फ आदि नकारात्मक वा प्रतिकूल पात्र हुन् भने इल्जेको बाबु, हिन्दू, यहुदी, सिपाही, युवकहरू, मोटो युवक आदि सकारात्मक वा अनुकूल प्रवृत्तिका गौण पुरुष पात्रहरू हुन् ।

**(घ) स्वभावका आधारमा गौण पुरुष पात्र**

स्वभावका दृष्टिले हेर्दा उपन्यासमा दुवैखाले पात्रहरू पाइन्छन् । हिटलर र यहुदी उपन्यासमा पनि गतिहीन र गतिशील दुई प्रकृतिका स्वभावजन्य पात्र रहेका छन् । रुडोल्फ, थियोडोराको भाइ, सिपाही, युवकहरू आदि गतिहीन वा स्थिर स्वभावका गौण पुरुष पात्र हुन् । यसैगरी युवकहरू, मोटो युवक, हिन्दू, यहुदी, इल्जेको बाबु, एस. एन. देशाई, सिपाही, एम. एन बनार्जी, तरुण आदि गतिविधि स्वभावका गौण पुरुष पात्रहरू हुन् ।

**(ङ) जीवन चेतनाका आधारमा गौण पुरुष पात्र**

जीवन चेतनाका आधारमा हेर्दा प्रस्तुत उपन्यासमा वैयक्तिक र वर्गीय दुवै चेतना बोकेका गौण पुरुष पात्रहरूको उपस्थिति रहेको छ । जसमध्ये रुडोल्फ (

थियोडोराको प्रेमी), थियोडोराको भाइ, मोटो युवक आदि व्यक्तिगत जीवन चेतना बोकेका पुरुष पात्र हुन् भने इल्जेको बाबु द्वन्द्व पीडित वर्गको प्रतिनिधि पात्र, युवकहरूको वर्गीय चेतना, सिपाहीको वर्गीय चेतना तथा हिन्दू र यहुदीहरूको जातीय वर्ग चेतना बोकेका गौण पुरुष पात्रहरूको सहभागिता रहेको छ ।

**(च) आसन्नताका आधारमा गौण पुरुष पात्र**

यस कोणबाट हेर्दा **हिटलर र यहुदी** उपन्यासमा मञ्चीय र नेपथ्य दुवैथरि पुरुष पात्रहरूको समुपस्थिति देखिन्छ । तिनीहरूमध्ये कतिले प्रत्यक्ष संवाद चित्रणका रूपमा उपस्थित भई कार्य गरेका छन् जो मञ्चीय पात्र हुन् । त्यसैगरी पर्दा पछाडि वा उपन्यासमा घटित घटना वर्णनको सन्दर्भमा आएका पात्रहरू नेपथ्य गौण पुरुष पात्रहरू हुन् । रुडोल्फ, थियोडोराको भाइ, यहुदी आदि नेपथ्य पुरुष पात्र हुन् भने मोटो युवक, युवकहरू, हिन्दू, सिपाही, इल्जेको बाबु, एस. एन. देशाई आदि मञ्चीय पुरुष पात्र हुन् ।

**(छ) आबद्धताका आधारमा गौण पुरुष पात्र**

यस आधारमा हेर्दा प्रस्तुत उपन्यासमा बद्ध र मुक्त दुवैथरि गौण पुरुष पात्रहरूको सहभागिता रहेको पाइन्छ । बद्ध पात्रहरू उपन्यासका अनिवार्य र मुक्त पात्रहरू स्वतन्त्र वा ऐच्छिक रहेका देखिन्छन् । तदनुरूप उपन्यासको घटनासँग जोडिएका पात्रहरू- इल्जेको बाबु, सिपाही, हिन्दू, यहुदी, रुडोल्फ, थियोडोराको भाइ आदि बद्ध गौण पुरुष पात्र हुन् भने एस. एन. देशाई, मोटो युवक, युवकहरू आदि मुक्त गौण पुरुष पात्र हुन् । यसरी उपन्यासमा बद्ध र मुक्त दुवै प्रकारका गौण पुरुष पात्रहरूको उपस्थिति रहेको छ ।

## ४.६.५ निष्कर्ष

**हिटलर र यहुदी** जातीय तथा वर्गीय द्वन्द्वमा आधारित घटनाबाट उत्पन्न जर्मनीको हिटलर तानाशाहकालीन युद्ध र त्यसबाट क्षतविक्षत लाखौँ मानिसको विभत्स संहारको

पुनःस्मृतिका रूपमा रचिएको कारुणिक, मानवीय संवेदनायुक्त भावजन्य उपन्यास कृति हो । ऐतिहासिक घटनामा आधारित यस उपन्यासको सम्पूर्ण विषयवस्तुको पृष्ठभूमि तथा मूल प्रसङ्ग नै हिटलर शासकले साठी लाख यहुदी नागरिकलाई ग्यास च्याम्बर भट्टीमा गरेको विभत्स हत्याबाट विकसित हुन पुगेको छ । प्रस्तुत उपन्यास त्यसबाट उत्पन्न मानवीय समस्या अनि विश्व प्रभाव स्वरूप मानवताको खोजी र दैवी अस्तित्वसम्बन्धी भएको चर्चा तथा **श्रीमद्भागवदगीता**माथि नै प्रश्न चिह्न खडा गरिएको मानवतावादी सन्देश प्रदान गर्ने दृष्टिले रचिएको छ ।

यसरी प्रस्तुत उपन्यासमा प्रयुक्त मूल पुरुष पात्रको रूपमा म पात्र अर्थात् लेखक स्वयं आएका छन् । उनी उपन्यासको नायक चरित्र हुन् र उनकै केन्द्रीयतामा उपन्यासले उद्देश्य चुमेको छ ।

यसप्रकार लिङ्गका आधारमा पुरुष, प्रमुख कार्य भूमिका, अनुकूल प्रवृत्ति, गतिहीन स्वभाव, वर्गीय जीवन चेतना, मञ्चीय तथा बद्ध प्रमुख पुरुष पात्रको सशक्त भूमिका निर्वाहका रूपमा म पात्रको उपस्थिति रहेको छ । त्यसैगरी उपन्यासको उद्देश्यनुरूप प्रमुख पात्रलाई सहयोग गर्न थुप्रै सहायक पुरुष पात्रको कलात्मक उपस्थिति देखिएको छ । यस अनुरूप ट्याक्सीवाल, होटलवाल र अन्य कामदारहरू, पत्रकार, नारायणन, सुनलि भट्टाचार्य, मेनेजर, अफिसर, कर्मचारी आदि उपन्यास वर्णनमा आएका छन् । यसरी ती लिङ्गका आधारमा पुरुष, कार्य भूमिकाका आधारमा सहायक, प्रवृत्तिमा अनुकूल, स्वभावमा गतिहीन, वा स्थिर, जीवन चेतनामा वैयक्तिक र वर्गीय, आसन्नतामा मञ्चीय र नेपथ्य दुवै तथा आबद्धताका अधारमा बद्ध सहायक पात्रहरू रहेका छन् । यसैगरी पुरुष पात्रका कोणबाट हेर्दा उपन्यासमा थुप्रै गौण पुरुष पात्रहरूको उपस्थिति रहेको छ । तिनले प्रत्यक्ष वा परोक्ष रूपमा सहायक पात्रलाई सहयोग गरी उपन्यासलाई उद्देश्यसम्म पुऱ्याउन म पात्रलाई सहयोग गरेका छन् । यस अनुरूप उपन्यासमा प्रयुक्त गोल्डवर्ग, याकुव, एम.उन. बनार्जी, डा. एस. एन. देशाई, इल्जेको बाबु, सिपाही, यात्रुहरू, युवकहरू, मोटो युवक, थियोडोराको प्रेमी र उसको भाइ, तरुण, हिन्दू, यहुदी आदि पुरुष पात्रहरूको संयोजन रहेको छ । ती लिङ्गका दृष्टिले पुरुष, कार्य भूमिकामा गौण, प्रवृत्तिमा अनुकूल र प्रतिकूल, स्वभावमा गतिहीन र गतिशील, जीवन चेतना वर्गीय र वैयक्तिक, आसन्नताका आधारमा मञ्चीय र नेपथ्य तथा आबद्धताका रूपमा बद्ध र मुक्त रहेका छन् । यसप्रकार प्रमुख,

सहायक र गौण पुरुष पात्रहरूको परस्पर सहयोग र तिनको कुशल संयोजनमा हिटलर र यहुदी उपन्यास शीर्षक र भावका आधारबाट सार्थकता चुमी पुरुष पात्रीय शोध विश्लेषणका दृष्टिले सफल, सार्थक र प्रभावकारी बन्न पुगेको छ ।

## ४.७ बाबु, आमा र छोरा उपन्यासमा पुरुष पात्रको विश्लेषण

### ४.७.१ विषय प्रवेश

**बाबु, आमा र छोरा** एउटा अनौठो संयोगपूर्ण घटनालाई विषयवस्तु बनाई रचिएको कोइरालाको अन्तिम यौन मनोविश्लेषणात्मक उपन्यास कृति हो । उपन्यासमा मुख्यतः बाबु, आमा र छोरा गरी तिन पात्रहरू छन् । उपन्यासको शीर्षक अनुरूप ती पात्रहरू बाबु बस्नेत, आमा, तथा छोरो शिवप्रसाद हुन् । बस्नेतको दोस्रो विवाहका रूपमा पछि भित्र्याइएकी कान्छी पत्नी उमा छोरो शिवप्रसादकै कलेजकी सहपाठी प्रेमिका र गन्धर्व विवाहद्वारा बनाइएकी दुलही हुन् ।

प्रस्तुत उपन्यास बहु पात्रहरूको संयोजनमा आधारित छ । नारी तथा पुरुष पात्रहरूको कलापूर्ण उपस्थितिमा संरचित यस उपन्यास अन्तर्गत पुरुष पात्रहरूको मात्र विश्लेषण गर्नु सम्बद्ध शोध विषय भएको हुँदा यहाँ तिनको मात्र विवरण र अध्ययन विश्लेषण गर्ने जमर्को गरिएको छ । उपन्यासमा प्रयुक्त पुरुष पात्रहरूमा बाबु बस्नेत, उमाको बाबु, दाजु, होस्टेलका माली, शिवप्रसाद, काठमाडौंको उमाको घरपेटीको कान्छो छोरो, डाक्टर कीर्तिमान, प्रोफेसर ज्ञवाली, उमाको भाइ, नोकर, छिमेकी पुरुष तथा अन्य पुरुष पात्रहरू आदि रहेका छन् । उपन्यास मूलतः यौन मनोविश्लेषणात्मक छ । पात्रहरूकै मुखबाट उनीहरू स्वयंका अनुभवको वृत्तान्त स्मृतिका रूपमा प्रस्तुत गरिएको हुँदा आफ्नै मनोविश्लेषण सम्बन्धित पात्रहरूले नै गरेका छन् । मूलतः प्रेम र यौन जीवनका जटिल परिस्थितिका कारण मानव मस्तिष्क र हृदयमा उठेका भावनाहरू तथा तिनको विश्लेषण उपन्यासको प्रमुख विषयवस्तु रहेको छ । यद्यपि सामाजिक स्थितिबाट उत्पन्न विसङ्गत परिणतिको मार सबै मुख्य पात्रहरूमाथि परेको छ ।

यसप्रकार उक्त उपन्यासलाई पात्र विधानको सैद्धान्तिक मान्यतानुरूप बाबु, आमा र छोरा उपन्यासमा प्रयुक्त विविध पुरुष पात्रले उपन्यास उद्देश्यमा पुगेको छ । यहाँ संलग्न

प्रमुख, सहायक र गौण पुरुष पात्रहरूलाई लिङ्ग, कार्य भूमिका, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताका आधारमा विश्लेषण गरी उपन्यासको सार वा निष्कर्षमा पुगिएको छ ।

## ४.७.२ बाबु, आमा र छोरा उपन्यासमा प्रमुख पुरुष पात्र

### (क) लिङ्गका आधारमा प्रमुख पुरुष पात्र

यस कोणबाट हेर्दा **बाबु, आमा र छोरा** उपन्यासमा बहुसङ्ख्यक पुरुष पात्रहरूको उपस्थिति रहेको छ । प्रमुख, सहायक र गौण पात्रहरूले उपन्यासलाई उद्देश्यमा पुऱ्याएका छन् । यस अनुरूप बाबु बस्नेत अर्थात् म पात्र उपन्यासको प्रमुख पुरुष पात्र हुन् । उनकै केन्द्रीयतामा उपन्यासले सार्थकता प्राप्त गरेको छ ।

### (ख) कार्यका आधारमा प्रमुख पुरुष पात्र

कार्यका दृष्टिले हेर्दा प्रस्तुत उपन्यासमा 'म' पात्र प्रमुख पुरुष पात्र हुन् । उनकी प्रथम पत्नीको मृत्युपछि बूढेसकालको सहाराको रूपमा भित्र्याइएकी कान्छी पत्नी उमासँगको प्रथम सम्बन्धपछि उनका मनमा खेलेका यौन मनोभावको तुलनात्मक वर्णनमा म पात्रको कथानक घटना क्रमको विकास भएको छ । साथै तिनै स्मृति, संवाद, एकालापबाट कथानक सङ्घर्ष र ह्रासमा पुगेको छ । सम्पूर्ण घटनाहरू म पात्रकै केन्द्रीय परिधिमा रहेको हुँदा उपन्यास म पात्रकै प्रेम र यौनको रमाइला क्षणको सन्दर्भबाट केन्द्रीय कथ्य वा विचार पक्षसम्म पुगेको छ । उपन्यासमा प्रमुख पुरुष पात्र म को केन्द्रीय भूमिका निर्देश गर्ने संस्मरणात्मक अभिव्यक्तिको एक अंश यसरी वर्णित छ- "प्रेम यथेष्ट हुँदो रहेनछ जीवनमा । मानव सम्बन्धलाई केवल प्रेमको भावनाले मात्र सहज र प्राकृतिक बनाउन सक्दो रहेनछ कि क्या हो । प्रेम नभएको सम्बन्धको मलाई जीवनमा अनुभव भएन । त्यसो हुनाले त्यस्तो प्रेम विहीन कुरामा म केही भन्न सक्दिनँ, तर यस कुराको त मलाई अनुभव भयो कि प्रेम यथेष्ट हुँदैन । प्रेमको अपर्याप्ततालाई म राम्ररी बुझ्न थालिरहेको छु । यसको खोक्रोपन । ४५ वर्षको उमेरको मेरो अनुभवको सार यही हो (कोइराला, २०५० : १) ।"

**(ग) प्रवृत्तिका आधारमा प्रमुख पुरुष पात्र**

प्रवृत्तिका कोणबाट हेर्दा यस उपन्यासमा प्रयुक्त प्रमुख पुरुष पात्र म अनुकूल प्रवृत्तिको पात्र हो । उनले उपन्यासको उद्देश्यनुरूप कार्य गरेका छन् । उपन्यासमा मूलतः प्रेम र यौनबाट ग्रस्त विसङ्गत सामाजिक जनजीवनको सचित्र उतारी सत्यता उद्घाटन गर्नु, मानव जीवनमा प्रेम, विवाह र यौनको आवश्यकता तथा महत्त्व दर्शाउनु जस्ता उद्देश्य वा विचार प्रस्तुत गर्नु म पात्रको प्रमुख एवम् केन्द्रीय कार्य भूमिका रहेको छ । उनको सत् र असत् प्रवृत्तिका कारण म पात्र उपन्यासमा अनुकूल प्रवृत्तिको प्रमुख पुरुष पात्र रहेको स्पष्ट हुन्छ ।

**घ) स्वभावका आधारमा प्रमुख पुरुष पात्र**

यस कोणबाट हेर्दा उपन्यासमा गतिहीन र गतिशील स्वभावका पात्रहरू रहेका देखिन्छन् । सन्दर्भमा प्रयुक्त प्रमुख पात्र स्वभावका आधारमा गतिहीन पात्र हुन् । उनमा प्रारम्भदेखि मध्य र अन्त्यसम्म नै एकै प्रकारको सरल, निश्छल, अन्तर्मुखी, एकालापीय, पूर्वदीप्ति शैलीको कथानक वर्णनमा युक्त स्वभाव रहेको छ ।

**(ङ) जीवन चेतनाका आधारमा प्रमुख पुरुष पात्र**

जीवन चेतनाका आधारमा हेर्दा म पात्र प्रस्तुत उपन्यासमा वर्गीय चेतना वा विचार बोकेका पुरुष पात्र हुन् । मानिस आफ्नो यौवनबाट ढल्किँदै गएपछि अर्ध वृद्धावस्थामा पुग्नु, श्रीमती बित्नु र बेसहारा भई दोस्रो पत्नी भित्र्याउन विवश हुनुपर्ने त्यस्ता पुरुष पात्रको सामूहिक प्रतिनिधित्व गरी साझा समस्यामूलक वैचारिक दृष्टिकोण म पात्रले बोकेको हुँदा उनलाई वर्गीय विचारको प्रमुख पुरुष पात्र मान्न सकिन्छ ।

**(च) आसन्नताका आधारमा प्रमुख पुरुष पात्र**

यस दृष्टिले हेर्दा प्रस्तुत उपन्यासमा प्रयुक्त प्रमुख पात्र मञ्चीय पात्र हो । प्रत्यक्ष रूपमा उपस्थित भई आफ्ना विचारहरू प्रकट गरेबाट यस कुराको पुष्टि हुन्छ । पूर्वदीप्ति शैलीको एकालापीय वर्णनको कथानक अभिव्यक्तिका माध्यमबाट म

पात्र स्वयंले गरेका विविध स्मृतिजन्य घटना वर्णनका तीतामीठा अनुभव, अनुभूतिहरूका सन्दर्भ र प्रसङ्गहरू कथानक वर्णनमा मञ्चीय पात्रका रूपमा प्रकटिएको छ ।

**(छ) आबद्धताका आधारमा प्रमुख पुरुष पात्र**

यस कोणबाट हेर्दा प्रस्तुत उपन्यासको प्रमुख पात्र अर्थात् म पात्र बद्ध पात्र हुन् । उपन्यासको घटना वर्णनको थालनीदेखि अन्त्यसम्म विविध सन्दर्भ र प्रसङ्गमा उपस्थित भई उपन्यासको उद्देश्यमा पुग्न निरन्तर आफ्नो महत्त्वपूर्ण कार्य भूमिका वहन गर्ने म पात्रको अभावमा उपन्यास अपूर्ण बन्दछ । यसरी उपन्यासमा अपरिहार्य उपस्थिति दर्शाउने म पात्र आबद्धताको रूपमा बद्ध, अनिवार्य, कथानक उद्देश्य बोकेको पात्र, कार्य भूमिकाका दृष्टिले सशक्त तथा यौन मनोविश्लेषणका रूपमा सफल पुरुष पात्रहरूको प्रतिनिधि पात्रका रूपमा उपन्यासमा उनको बद्ध भूमिका उल्लेख्य देखिएको छ ।

## ४.७.३ बाबु, आमा र छोरा उपन्यासमा सहायक पुरुष पात्र

प्रस्तुत उपन्यासमा विविध सहायक पुरुष पात्रहरू रहेका छन् । तिनले उपन्यासको प्रमुख म पात्रलाई आवश्यक र परिस्थितिजन्य सहयोग गरी उपन्यासलाई उद्देश्यमा पुऱ्याएका छन् । ती हुन् - म पात्रको छोरो शिवप्रसाद, उमाको बाबु, दाजु र भाइ आदि । तिनलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताका आधारमा यसप्रकार विश्लेषण गरिएको छ :

**(क) लिङ्गका आधारमा सहायक पुरुष पात्र**

लिङ्गका आधारमा हेर्दा यस उपन्यासमा थुप्रै पुरुष पात्रहरूको कलात्मक समुपस्थिति रहेको छ । म पात्रको छोरो शिवप्रसाद, उमाको बाबु, दाजु र भाइ आदि उपन्यासका सहायक पुरुष पात्र हुन् । शिवप्रसादले बाबुलाई विवाहको कपडा किनिदिनु र विवाहमा उपस्थिति जनाउनु, उमाको बाबु र दाजुले म पात्रको निम्ति वधूको व्यवस्था गरिदिनु जस्ता कार्यहरूबाट सहायक पुरुष पात्रको भूमिका सिद्ध हुन्छ ।

**(ख) कार्यका आधारमा सहायक पुरुष पात्र**

यस कोणबाट हेर्दा प्रस्तुत उपन्यासमा सहायक पुरुष पात्रहरूको सशक्त उपस्थिति रहेको छ । तदनुरूप शिवप्रसादले बाबुको बिहेको निम्ति उचित व्यवस्था गरिदिनु, उमाको बाबु र दाजुले म पात्रलाई उमासँग विवाहको वातावरण जुटाइदिनु, उमाको भाइले पनि सहयोग गर्नु, जस्ता कार्यका आधारमा ती सहायक पुरुष पात्र रहेको पुष्टि हुन्छ ।

**(ग) प्रवृत्तिका आधारमा सहायक पुरुष पात्र**

यस दृष्टिले हेर्दा प्रस्तुत उपन्यासमा अनुकूल सहायक पुरुष पात्रहरू रहेका देखिन्छन् । म पात्रको छोरो शिवप्रसाद, उमाका बाबु र दाजु, उमाको भाइ, छिमेकी पुरुष पात्रहरू, आदि सत् पात्रहरू हुन् । तिनले म पात्रको विवाह कार्यमा विभिन्न कोणबाट सहयोग गरेका छन् । यसरी उक्त उपन्यासका सहायक पुरुष पात्रहरूले अनुकूल प्रवृत्ति अबलम्बन गरी आफ्नो भूमिका निर्वाह गर्दै म पात्रलाई उद्देश्यसम्म पुग्न सहयोग पुऱ्याएका छन् ।

**(घ) स्वभावका आधारमा सहायक पुरुष पात्र**

प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रलाई स्वभावका दृष्टिले हेर्दा गतिहीन स्वभावको मान्न सकिन्छ । म पात्रको छोरो शिवप्रसाद र उमाको परिवारका पुरुष सदस्य तथा अन्य छिमेकी पुरुषहरू गतिहीन वा स्थिर प्रकृतिका स्वभावजन्य पात्र मान्न सकिन्छ । तिनीहरूले प्रारम्भदेखि अन्त्यसम्म अर्थात् विवाह पूर्वदेखि विवाह पश्चात् पनि म पात्रलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गरेका छन्, जसमा एकै खाले विचार, धारणा, सहयोगको भावना, सदाचार स्वभाव रहेको छ ।

**(ङ) जीवन चेतनाका आधारमा सहायक पुरुष पात्र**

यस उपन्यासका सहायक पुरुष पात्रलाई जीवन चेतनाका कोणबाट हेर्दा वर्गीय र वैयक्तिक गरी दुई रूपका देखिन्छन् । शिवप्रसाद नितान्त व्यक्तिगत चरित्र भएको तर बाबुको निम्ति कल्याणभाव चाहने वैयक्तिक जीवन चेतना बोकेको

सहायक पुरुष पात्र हो । बनारसमा अध्ययनको निम्ति जानु, कलेजकी सहपाठी साथीलाई प्रेम गरी छल गर्नु, तर बाबुको बिहेको सामग्री आफैँले व्यवस्था गरिदिनु जस्ता नितान्त निजी शैलीका कार्य व्यवहारबाट उनी व्यक्तिगत चेतना वा विचारको पात्र मान्न सकिन्छ । त्यसैगरी उमाको बाबु, दाजु र भाइ चाहिँ वर्गीय चरित्र वा चेतना बोकेका पुरुष पात्र हुन् । कुल घरानकी छोरीको इज्जत जोगाउन आफ्ना २०-२१ वर्षकी कन्या बृद्ध म पात्रलाई सुम्पनुले तिनलाई सामाजिक मर्यादा पालन गर्ने इज्जतदार वर्गको प्रतिनिधि पुरुष पात्र भन्न सकिन्छ ।

**(च) आसन्नताका आधारमा सहायक पुरुष पात्र**

आसन्नताको कोणबाट हेर्दा यस उपन्यासमा मञ्चीय पुरुष पात्रहरूको समुपस्थिति पाइन्छ । म पात्रको छोरो शिवप्रसाद, उमाको बाबु, दाजु र भाइ आदिले विवाहको निर्णय, वैवाहिक कार्य र तत्पश्चात् पनि विभिन्न रूपमा प्रत्यक्ष सहयोग गरेको सन्दर्भबाट हेर्दा ती सबै मञ्चीय सहायक पुरुष पात्र हुन् । तिनले परिस्थितिजन्य सहयोग गरी म पात्रलाई उद्देश्यमा पुऱ्याएका छन् ।

**(छ) आबद्धताका आधारमा सहायक पुरुष पात्र**

यस आधारबाट हेर्दा प्रस्तुत उपन्यासमा बद्ध सहायक पुरुष पात्रहरूको सशक्त भूमिका रहेको पाइन्छ । उपन्यासको आदिदेखि अन्त्यसम्मका घटना क्रममा बाँधिएका ती पात्रहरूमा- शिवप्रसाद, उमाको बाबु, दाजु र भाइ आदि रहेका छन् । तिनको अभावमा म पात्रको औपन्यासिक उद्देश्य अपूर्ण हुने भएकोले ती उपन्यासका बद्ध सहायक पुरुष हुन् । उपन्यासमा तिनको कार्य भूमिका बद्ध, अपरिहार्य र महत्त्वपूर्ण रहेको छ ।

## ४.७.४ बाबु, आमा र छोरा उपन्यासमा गौण पुरुष पात्र

प्रस्तुत उपन्यासमा प्रमुख र सहायक पुरुष पात्रका अतिरिक्त गौण पात्रको भूमिका पनि महत्त्वपूर्ण रहेको छ । यहाँ थुप्रै गौण पुरुष पात्रहरू संलग्न रहेका छन् । यस क्रममा आएका शिवप्रसादको कलेजस्थित होस्टेलको माली, म पात्रको घरपेटीको कान्छो छोरो,

डाक्टर कीर्तिमान, प्रोफेसर ज्ञवाली, नोकर आदि हुन् । तिनले सहायक पात्रलाई सहयोग गरी प्रमुख पात्रलाई उद्देश्यमा पुऱ्याएका छन् । उपन्यासको पात्र विधानगत मान्यतानुरूप प्रयुक्त गौण पुरुष पात्रलाई लिङ्ग, कार्य भूमिका, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताका आधारमा विश्लेषण गरिएको छ :

**(क) लिङ्गका आधारमा गौण पुरुष पात्र**

यस अनुरूप हेर्दा बाबु, आमा र छोरा उपन्यासमा विभिन्न गौण पुरुष पात्रहरू रहेका पाइन्छन् । उपन्यासमा आएका होस्टेलका माली, प्रोफेसर ज्ञवाली, डाक्टर कीर्तिमान, नोकर, घरपेटीको कान्छो छोरो आदि गौण पुरुष पात्र हुन् । तिनले विविध स्तरबाट सहायक पात्रहरूलाई सहयोग गरेका छन् ।

**(ख) कार्यका आधारमा गौण पुरुष पात्र**

कार्य भूमिकाका रूपमा हेर्दा यस उपन्यासमा प्रमुख, सहायक र गौण तिनै प्रकारका गौण पुरुष पात्रहरूको उपस्थिति रहेको देखिन्छ । उपन्यासको नोकर प्रमुख गौण पात्र हो भने डाक्टर कीर्तिमान, प्रोफेसर ज्ञवाली, होस्टेलको माली आदि सहायक गौण पुरुष पात्र हुन् । घरपेटीको कान्छो छोरो गौण पुरुष पात्र हो । जे होस् तिनले आ-आफ्नो स्थानबाट सहायक पात्रलाई सहयोग पुऱ्याएका छन् ।

**(ग) प्रवृत्तिका आधारमा गौण पुरुष पात्र**

यस कोणबाट हेर्दा प्रस्तुत उपन्यासमा प्रयुक्त गौण पुरुष पात्रहरू प्रवृत्तिका दृष्टिले अनुकूल प्रवृत्तिका पाइन्छन् । जसमध्ये नोकरले म पात्रलाई विविध रूपबाट सकारात्मक सहयोग गरेको छ । त्यसैगरी प्रोफेसर र डाक्टर उपन्यासका सहायक गौण पुरुष पात्र हुन् भने घरपेटीको कान्छो छोरो तथा उपन्यासमा चित्रित परोक्ष पुरुष दर्शक आदिमा पनि सत्, आदर्श भावको अनुकूल प्रवृत्ति रहेको देखिन्छ ।

**(घ) स्वभावका आधारमा गौण पुरुष पात्र**

यस आधारमा हेर्दा उपन्यासमा गतिशील र गतिहीन दुवैखाले स्वभावका गौण पुरुष पात्र देखिन्छन् । प्रस्तुत **बाबु, आमा र छोरा** उपन्यासका सन्दर्भमा प्रयुक्त पात्रहरू गतिशील वा स्थिर स्वभावका रहेका छन् । नोकर, घरपेटीको छोरो,

प्रोफेसर, डाक्टर आदि गतिहीन वा प्रारम्भदेखि अन्त्यसम्म एकै स्वभाव भएका पुरुष पात्रहरू हुन् ।

**(ङ) जीवन चेतनाका आधारमा गौण पुरुष पात्र**

यस कोणबाट हेर्दा उपन्यासमा वैयक्तिक र वर्गीय विचार भएका गौण पुरुष पात्रहरू रहेका पाइन्छन् । प्रस्तुत उपन्यासको सन्दर्भमा हेर्दा नोकर, घरपेटीको छोरो आदि व्यक्तिगत जीवन चेतना बोकेका पुरुष पात्र हुन् भने प्रोफेसर, डाक्टर आदि वर्गीय जीवन चेतना बोकेका गौण पुरुष पात्र हुन् ।

**(च) आसन्नताका आधारमा गौण पुरुष पात्र**

आसन्नताका आधारमा हेर्दा उपन्यासमा नेपथ्य र मञ्चीय दुवैथरि गौण पुरुष पात्रहरू रहेका हुन्छन् । तिनले उपन्यासमा विभिन्न स्थानमा आई सहायक पात्रलाई मद्दत गरेका छन् । मञ्चमा प्रत्यक्ष उपस्थित भई कार्य भूमिका निभाउने पात्रहरूमा नोकर, घरपेटीको कान्छो छोरो, प्रोफेसर, डाक्टर आदिको कलात्मक संयोजन रहन गएको छ ।

**(छ) आबद्धताका आधारमा गौण पुरुष पात्र**

यस आधारमा हेर्दा प्रस्तुत उपन्यासमा बद्ध गौण पुरुष पात्रहरू रहेका छन् । उपन्यासको विविध घटना सन्दर्भमा चित्रित नोकर, घरपेटीको कान्छो छोरो, प्रोफेसर, डाक्टर आदि बद्ध गौण पुरुष पात्रहरू हुन् । तिनलाई हटाउँदा उपन्यास अपूर्ण र अनौचित्यपूर्ण बन्न जाने हुँदा ती सबै बद्ध र अपरिहार्य गौण पुरुष पात्र हुन् । यसरी उपन्यासमा बद्ध गौण पुरुष पात्रहरूको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ ।

## ४.७.५ निष्कर्ष

**बाबु, आमा र छोरा** विश्वेश्वरप्रसाद कोइरालाको अन्तिम उपन्यास कृति हो । यौन मनोविज्ञानको सशक्त चित्रणमा आधारित यस उपन्यासमा प्रेम, विवाह र यौन मानव

जीवनको निम्ति अपरिहार्य पक्ष भएको कुरा अभिव्यक्त गरिएको छ । जीवनका विविध मोड र क्षणहरूमा सांयोगिक वा नियोजित रूपमा घटेका घटनाको सहज र स्वभाविक क्रियाको रूपमा यौन सम्बद्ध परिस्थिति उत्पन्न हुन पुग्दछन् । भोक्ताले प्रेम र यौनको दोष अनुभूत नगरेसम्म उसलाई यसको दोष नलाग्ने कुरा कोइरालाले उपन्यासमार्फत व्यक्त गरेका छन् । मूलतः मानव सञ्चालनको नीम्त प्रेम, विवाह र यौन अपरिहार्य कुरा हो जसबाट कुनै पनि मानव मुक्त हुन सक्दैन भन्ने विचार उपन्यासकारले व्यक्त गरेका छन् । यसै मूलभावमा प्रस्तुत उपन्यासको शीर्षक **बाबु, आमा र छोरा** संरचित छ । संयोग र परिस्थिति वा बाध्यताले प्रेम, विवाह र यौनले मान्यता पाउँदछ । भूल र अन्जानको प्रेम, विवाहलाई परिवार र समाजले पनि ग्रहण गर्नुपर्दछ भन्दै कोइरालाले यौनको सहज, स्वाभाविक र स्वतन्त्र अस्तित्व रहेको कुरा उपन्यासमा प्रयुक्त विविध पात्रहरूको माध्यमबाट प्रस्ट पारेका छन् ।

प्रस्तुत शोध विश्लेषणमा यौन मनोविज्ञानको रोचक र कलात्मक चित्रणमा पुरुष पात्रहरूले गहन र महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । उपन्यासको पात्र विधानगत मान्यतानुरूप लिङ्ग, कार्य प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताका आधारमा उपन्यासमा प्रयुक्त पात्रहरूलाई प्रमुख, सहायक र गौण गरी तिन स्तरमा विभाजन गरी उपन्यासको चारित्रिक विश्लेषण गरिएको छ । यसरी हेर्दा **बाबु, आमा र छोरा** उपन्यासमा म पात्र उपन्यासको आदिदेखि अन्त्यसम्म आफ्नो कार्य भूमिका बहन गर्ने पुरुष लैङ्गिक पात्र, प्रमुख पात्र, अनुकूल प्रवृत्ति, गतिहीन स्वभाव, वर्गीय चेतना, मञ्चीय तथा बद्ध पुरुष पात्र हुन् । उनकै केन्द्रीयतामा उपन्यास उद्देश्यमा पुगेको छ । यसरी नै उपन्यासमा थुप्रै पुरुष पात्रहरूको उपस्थिति रहेको छ । तिनले प्रमुख पात्रलाई विभिन्न रूपबाट सहयोग पुऱ्याई उपन्यासलाई उद्देश्योन्मुख तुल्याएका छन् । म पात्रको छोरो शिवप्रसाद, उमाको बाबु, दाजु र भाइ आदि उपन्यासमा सहायक पुरुष पात्रहरू हुन् । ती पुरुष लिङ्ग, सहायक कार्य, अनुकुल प्रवृत्ति, गतिशील (शिवप्रसाद) र गतिहीन (अन्य) स्वभाव, वैयक्तिक (शिवप्रसाद) तथा वर्गीय चेतना, मञ्चीय तथा बद्ध पुरुष पात्रहरू हुन् । उपन्यासमा तिनको महत्त्वपूर्ण भूमिका रहेको छ ।

यसैगरी गौण भूमिका प्रदान गर्ने पुरुष पात्रहरू पनि यस उपन्यासमा थुप्रै रहेका छन् । शिवप्रसादको कलेजको होस्टेलको माली, प्रोफेसर ज्ञवाली, डाक्टर कीर्तिमान, नोकर र

घरपेटीको कान्छो छोरो, छिमेकी पुरुष लगायत अन्य गौण भूमिका निर्वाह गर्ने पुरुष पात्रहरू हुन् । तिनले आआफ्नो स्थानबाट सहायक पात्रलाई सहयोग गरी प्रमुख पात्रलाई उद्देश्यसम्म पुऱ्याउन मद्दत गरेका छन् । ती पात्रहरू - पुरुष लिङ्ग, गौण कार्य भूमिका, अनुकूल प्रवृत्ति, गतिशील र गतिहीन स्वभाव, वैयक्तिक र वर्गीय जीवन चेतना, मञ्चीय तथा बद्ध पुरुष पात्रहरू रहेका छन् । यसप्रकार उपन्यासको पुरुष पात्रको मान्यता अनुरूप प्रमुख, सहायक र गौण पुरुष पात्रहरूको कार्य भूमिका सफल, सार्थक, प्रभावकारी, कलात्मक तथा आकर्षक बन्न पुगेको छ ।

# परिच्छेद : पाँच
# उपसंहार तथा निष्कर्ष

## ५.१ उपसंहार

**विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पुरुष पात्र** शीर्षकको यस शोधपत्रलाई व्यवस्थित रूप दिन यसलाई विभिन्न परिच्छेदहरूमा विभाजन गरिएको छ । प्रस्तुत शोधकार्यलाई जम्मा पाँचवटा परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ । पहिलो परिच्छेदमा शोध परिचय प्रस्तुत गरिएको छ । त्यस्तै दोस्रो परिच्छेदमा विश्वेश्वरप्रसाद कोइरालाको उपन्यास यात्राको चर्चा गरिएको छ । तेस्रो परिच्छेदमा उपन्यासको पात्र विधानगत सिद्धान्त प्रस्तुत गरिएको छ । चौथो परिच्छेदमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पुरुष पात्रको भूमिका विश्लेषण रहेको छ । त्यसैगरी पाँचौ परिच्छेद उपसंहार र निष्कर्षसँग सम्बन्धित छ ।

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय प्रस्तुत गरिएको छ । यस परिच्छेदको पहिलो शीर्षक विषय परिचय रहेको छ । यस अन्तर्गत प्रस्तुत शोधको परिचय दिने प्रयास गरिएको छ । दोस्रो शीर्षक समस्या कथन रहेको छ । यसमा समस्यालाई परिभाषित गरी प्रस्तुत अध्ययनका मुख्य समस्यालाई प्रश्नात्मक रूपमा प्रस्तुत गरिएको छ । तेस्रो शीर्षक उद्देश्यसँग सम्बन्धित छ । यसमा शोधको अध्ययन गर्नुको उद्देश्यलाई प्रस्तुत गरिएको छ । चौथो शीर्षकमा पूर्वकार्यको समीक्षा प्रस्तुत गरिएको छ । पात्र विधानसँग सम्बन्धित भएर प्रस्तुत अध्ययन पूर्व के कति कार्यहरू भएका छन्, के कति समस्याहरू समाधान गर्न बाँकी छन् भनी त्यस्ता कार्यहरूको विवरण प्रस्तुत गरिएको छ । पाँचौं शीर्षकमा अध्ययनको औचित्य र महत्त्वलाई प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययन गर्नुको औचित्य के हो र ज्ञानको परम्परामा प्रस्तुत अध्ययनले के महत्त्व राख्छ भनी यसको औचित्यता देखाइएको छ । त्यस्तै छैटौं शीर्षकमा प्रस्तुत शोधको सीमाङ्कन गरिएको छ । यस शोधका के कस्ता परिधिहरू छन्, के कस्ता सीमाहरू भित्र रहेर शोधकार्यलाई सम्पन्न गरिएको छ भनी यसमा उल्लेख गरिएको छ । सातौं शीर्षक अर्न्तगत प्रस्तुत शोध विश्लेषणका निम्ति सामग्री सङ्कलन, विश्लेषण, सैद्धान्तिक आधार जस्ता विधिहरू उल्लेख गरिएको छ । आठौं शीर्षकमा प्रस्तुत अध्ययनको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको उपन्यास यात्रा रहेको छ । यस अन्तर्गत विषय परिचय एवम् उनको सङ्क्षिप्त चिनारी, कोइरालाका उपन्यासको काल विभाजन र यस अनुरूप मानवमूलक, संस्कृतिमूलक र नारीमूलक गरी जम्मा तिन भागमा विभाजन गरिएको छ । साथै अन्त्यमा समष्टिगत निष्कर्ष प्रस्तुत गरिएको छ । त्यसैगरी तेस्रो परिच्छेदमा विधानको सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ । उपन्यासका पात्रहरूको विश्लेषण र यस अनुरूप पात्रहरूको भूमिकालाई लैङ्गिक, कार्य भूमिका, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताको आधारमा सैद्धान्तिक चर्चा गरिएको छ । साथै अन्त्यमा परिच्छेदगत निष्कर्ष दिइएको छ । प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पुरुष पात्रको भूमिका विश्लेषण गरिएको छ । यसका लागि उनका ६ वटा उपन्यासहरू **तीनघुम्ती, नरेन्द्र दाइ, सुम्निमा, मोदिआइन, हिटलर र यहुदी, बाबु, आमा र छोरा**को उपयोग गरिएको छ । यी छवटै उपन्यासमा प्रयुक्त पुरुष पात्रको भूमिका विश्लेषण गरिएको छ । प्रत्येक उपन्यासमा रहेका पुरुष पात्रको कार्य भूमिकालाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताका आधारमा शोध विश्लेषण गरिएको छ । लिङ्ग अन्तर्गत पुरुष र स्त्री लिङ्ग, कार्य अनुरूप प्रमुख, सहायक र गौण भूमिका, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका दृष्टिले गतिहीन र गतिशील, जीवन चेतनाका आधारमा वैयक्तिक र वर्गीय, आसन्नताका रूपमा मञ्चीय र नेपथ्य तथा आबद्धताका कोणबाट हेर्दा बद्ध र मुक्त आधारमा कोइरालाका छ वटै उपन्यासमा प्रयुक्त पुरुष पात्रहरूका कार्यव्यापार तथा तिनका चरित्र विश्लेषण गरिएको छ । यसका साथै घटना, चरित्र तथा परिवेशका बिचमा उपयुक्त सन्तुलन रही उपन्यासको विश्वसनीयता र प्रभावकारिता बढेको निष्कर्ष प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनको पाँचौं परिच्छेदमा समग्र शोधको उपसंहार र निष्कर्षलाई प्रस्तुत गरिएको छ । उपसंहार अन्तर्गत प्रत्येक परिच्छेदको सङ्क्षिप्त सार उल्लेख गरिएको छ । निष्कर्ष खण्ड अन्तर्गत प्रस्तुत अध्ययनको समग्र निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

विश्वेश्वरप्रसाद कोइराला साहित्य, राजनीति र दर्शनको समन्वयात्मक सन्तुलनलाई अँगालेर अगि बढेका नेपाली साहित्य र राजनीतिका प्रसिद्ध व्यक्तित्व हुन् । साहित्यलाई फुर्सदको समयको अभिव्यक्ति भन्ने कोइरालाले पारिवारिक पृष्ठभूमि उपयुक्त किसिमको

पाएका र त्यही समयदेखि नै उनमा राजनीतिक र साहित्यिक प्रभाव परेको पाइन्छ । उनको औपन्यासिक रचनाको मुख्य क्षण नै २०१७ सालको राजनीतिक परिवर्तन र त्यसपछि उनले भोग्नु परेको जेल जीवन हो । यही जेल जीवनका क्रममा उनका अधिकांश उपन्यासहरू लेखिएका हुन् । सानैदेखि चिन्तनशील कोइरालाको उक्त चिन्तनशीलताको प्रभाव साहित्यिक रचनामा परेको पाइन्छ । वि.सं. २०१७ सालपछि करिब आठ वर्षको कारावास सजायका क्रममा **तीनघुम्ती, नरेन्द्रदाइ, सुम्निमा, मोदिआइन, हिटलर र यहुदी र बाबु, आमा र छोरा** उपन्यास लेखेका छन् । उनका यी उपन्यासहरू सामाजिक र पौराणिक वा मिथकीय विषयमा आधारित भएर लेखिएका छन् । उनको सुम्निमा उपन्यास चाहिँ मिथक र संस्कृतिको संयोजन भएको उपन्यासका रूपमा लिइएको छ । यी छवटै उपन्यासहरूमा रहेको परिवेशलाई प्रस्तुत अध्ययनले अध्ययनको मुख्य विषय बनाइ सोही उद्देश्यको पूर्तिका लागि प्रस्तुत शोधपत्र केन्द्रित रहेको छ । जम्मा छ वटा उपन्यासमा विश्लेषित पुरुष पात्रहरूको भूमिकालाई निष्कर्षका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) **तीनघुम्ती** चरित्र प्रधान उपन्यास हो । त्यसैले यस उपन्यासमा पात्रको मानसिक अवस्था र मनोभावनामा जोड दिइएको छ । पीताम्बरको जीवन र उसको मानसिक अवस्थालाई उजिल्याउने प्रयासमा यो उपन्यास सम्पूर्ण रूपमा केन्द्रित भएकाले यसमा देश र कालको थोरै तथा वातावरण अनुकूल पुरुष पात्रहरूको चरित्र चित्रण गरिएको छ । साथै यसमा खलपात्रका रूपमा रमेशको स्वार्थपूर्ण यौन भूमिकाले उपन्यासलाई सङ्घर्ष र जटिलताको विभिन्न घुम्ती र मोडमा पुऱ्याएको छ । पात्रका चरित्र, मनोद्वन्द्व, हर्ष, विषद, आशक्ति, क्षोभ, ग्लानि, पश्चाताप, निस्पृहता जस्ता विभिन्न मनोभावहरूबाट तीनघुम्ती उपन्यासको पात्रहरूका चरित्र निर्मित भएको छ । यस उपन्यासमा प्रयुक्त पुरुष पात्रहरूले परम्परागत मान्यताभन्दा फरक रूपले औपन्यासिक उद्देश्यलाई पूरा गर्ने उद्देश्य लिएको पाइन्छ । मूलतः प्रेम र यौनको मनोविश्लेषणमा आधारित यस उपन्यासमा इन्द्रमायामाथि रमेशको बदनियतले गर्दा मूल पुरुष पात्र पीताम्बरको सुनौलो गृहस्थी डामाडोल हुन पुगेको तीतो यथार्थ तीनघुम्तीमा प्रस्तुत भएको छ । यस उपन्यासमा घटना घटेको ठाउँ, समयको सङ्केत गरिएको छ । पीताम्बरको जीवनका

निर्णयहरू र ती निर्णय गर्नुपूर्व र पश्चातापका अवस्थाबाट उत्पन्न परिस्थिति, मनोद्वन्द्व, वैचारिक उथलपुथल आदिको विवरण प्रस्तुत गरिएकाले यस उपन्यासमा पुरुष पात्रको कार्य भूमिका सशक्त रूपमा आएको निष्कर्ष प्रस्तुत गर्न सकिन्छ ।

(ख) **नरेन्द्रदाइ** उपन्यास चरित्र प्रधान उपन्यास हो । उपन्यासको केन्द्रीय पुरुष पात्र नरेन्द्रदाइ र सहायक पात्र सानोबाबू वा म पात्रको चारित्रिक कार्यव्यवहारको सापेक्षतामा घटित विविध घटनाहरूले कथाको उद्देश्य सार्थक तुल्याएको छ । मूलतः प्रेम र यौनको त्रिकोणात्मक सम्बन्ध कायम गर्ने नरेन्द्रदाइको जीवनलाई विवाहपूर्व, विवाहपछि र जीवनको अन्त्यावस्था गरी तिन कालखण्डमा भोगेका जीवन भोगाइका प्रेम, मिलन र बिछोडका म पात्रको बाल्यकालीन जीवनका केही अविस्मरणीय घटनाहरू मध्येको एक भनेर स्वीकार गरिएको छ । यो उपन्यासको परिवेशगत कार्यपीठिका लेखकको बाल्यकालको स्थानिक, कालिक र वातावरणीय प्रभावको झलक बनेर प्रस्तुत भएको छ । प्रस्तुत उपन्यासमा नेपालको पूर्वी तराईको भौगोलिक, सामाजिक, सांस्कृतिक अवस्थाको तत्कालीन समयको चित्रण गर्न प्रस्तुत उपन्यास सफल भएको छ । यसका साथै यस उपन्यासमा काठमाडौँ बनारस, वीरगन्ज आदि ठाउँहरूको चर्चा गरिएको छ । तराईको एउटा साधारण गाउँबाट थालिएको कथावस्तु विभिन्न ठाउँ हुँदै बनारसमा पुगेर टुङ्गिएको छ । आञ्चलिक प्रभावलाई समेटेर तयार गरिएको यस उपन्यासमा तराईको गाउँ, त्यहाँका विभिन्न ठाउँहरू, कोशी नदीको प्रभाव, विभिन्न जातजातिको बस्ती, विभिन्न वर्गमा विभाजित समाजमा व्यक्तिको चरित्रले पारेको प्रभाव, घटना घट्ने परिस्थिति आदिलाई समेटेर बाह्र वर्ष जतिको कालावधिलाई केन्द्रमा राखेर ती सबै घटनाबाट उत्पन्न पात्रहरूका चारित्रिक कार्यव्यवहार तथा तिनका मानसिक पक्षलाई समेटेर प्रस्तुत उपन्यासका पुरुष पात्रहरूका चारित्रिक कार्य भूमिका विश्लेषित छ ।

(ग) **सुम्निमा** उपन्यास सांस्कृतिक विषयवस्तुमा आधारित चरित्रकेन्द्री उपन्यास हो । उपन्यासमा  जाति, धर्म, वर्ण, संस्कृति, रीतिरिवाज, चालचलन आदि

अनुकूल चरित्रहरूको संयोजन गरिएको छ । यसमा आर्य र अनार्य दुई जातिको सांस्कृतिक विशेषता बोकेका पुरुष पात्रहरूका कार्य भूमिकाका आधारमा उपन्यासको उद्देश्यमा पुगिएको छ । सोमदत्त यस उपन्यासको प्रमुख पुरुष पात्र तथा बाबू सूर्यप्रसाद र किराती विजुवा तथा भिल्ल जातिको पुरुष पात्रहरूका जातीय संस्कृति र सो अनुरूपका प्रेम, विवाह र यौनका विविध रोचक प्रस्तुतिले उपन्यासको सारगत विचार अभिव्यक्त हुन पुगेको छ । चरित्रहरूका कार्य व्यवहारलाई कलात्मक रूपमा प्रस्तुत गर्न उपन्यासमा विभिन्न परिवेशको चित्रण गरिएको छ । प्रकृतिको शान्त र रमणीय परिवेशका रूपमा आएको पूर्वी नेपालको सप्तकोशी नदीको किनारमा अवस्थित प्राचीन चतराधाम क्षेत्रको वरपर एवम् उत्तरतर्फ अवस्थित अग्ला पहाड र वनजङ्गलले ढाकिएको स्थान आदि लगायत शान्त, स्निग्ध र प्रेमिल वातावरणले पात्रहरूमा उद्दीपकको भूमिका निर्वाह गरेको छ । यसमा जुन घटना घट्यो त्यस समयको अनुमान गर्दा एउटा ब्राह्मण पुत्र सोमदत्तले ब्रम्हचर्य र गृहस्थाश्रमको केही काल पूरा गरेको घटना करिब ४५ वर्षजति अड्कलन गर्न सकिन्छ । यस उपन्यासमा मूलतः धार्मिक, सामाजिक र सांस्कृतिक वातावरणलाई केन्द्रविन्दु मानेर उपन्यासको वातावरणीय परिवेश उपन्यासको घटना र पात्रको चरित्रबाट नै प्रतिविम्बित भएकाले यस उपन्यासलाई चरित्रप्रधान यौन मनोविश्लेषणात्मक उपन्यास मान्न सकिन्छ ।

(घ) **मोदिआइन** चरित्रप्रधान संस्मरणात्मक उपन्यास हो । उपन्यासमा लौकिक एवम् पौराणिक गरी दुई प्रकारको परिवेश प्राप्त गर्न सकिन्छ । लौकिक घटना र पात्रसँग लौकिक परिवेश एवम् पौराणिक जीवनसँग सम्बद्ध घटना र पात्रसँग पौराणिक परिवेश रहेका छन् । लौकिक परिवेश मानव सापेक्ष छ भने अलौकिक परिवेश मानव जीवन निरपेक्ष छ । म पात्रको केन्द्रियतामा उपन्यासको सम्पूर्ण घटनाहरू केन्द्रित रहेको छ । उपन्यासमा प्रयुक्त पुरुष पात्रहरूको भूमिकालाई मानव जीवन सापेक्ष वा यथार्थ परिवेश र मानवजीवन निरपेक्ष अयथार्थ वा मिथकीय परिवेशका रूपमा रहेको तथ्य प्रस्तुत गर्न सकिन्छ । मोदिआइन बहुचरित्रकेन्द्री महाभारतकालीन कौरव

पाण्डवबिचको युद्धको घटना वर्णनमा आधारित मानवीय संवेदनायुक्त उपन्यास हो । यसमा मानवता र दानवताको दुवै प्रतिनिधित्व गर्ने मानव जातिको स्वभावजन्य प्रवृत्तिको चित्रण गरिएको छ । विविध पात्रहरूको उपस्थिति र तिनको रोचक प्रभावकारिताले उपन्यासलाई जीवन्त तुल्याएको छ । उपन्यासकी प्रमुख नारी पात्र नायिका (द्रौपदी) मोदिआइनले स्वयम् उपन्यासको प्रत्यक्ष द्रष्टा बनेर घटनाको विस्तारित वर्णन गरेकी छिन् । यद्यपि उपन्यासको शोध्य विषय पुरुष पात्र केन्द्रित भएको हुँदा प्रस्तुत सन्दर्भमा पुरुष पात्रको पात्र विधानगत मान्यतानुरूप लिङ्ग, कार्य भूमिका, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताका कोणबाट अध्ययन विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

(ङ) **हिटलर र यहुदी** उपन्यासले अन्तर्राष्ट्रिय सामाजिक विषयवस्तुलाई ग्रहण गरेको छ । यसमा नेपालदेखि युरोपसम्मका स्थानिक परिवेशहरू प्रस्तुत गरिएको छ । ठाउँ र ती ठाउँसँग सम्बद्ध घटनालाई नै औपन्यासिक विषय बनाएर यसको कथावस्तु निर्माण गरिएको छ । यो उपन्यासको परिवेश यात्रावृतान्तमा आधारित छ । 'म' पात्रको यात्रासँग जोडिएको ठाउँ, घटना, पात्रको अनुभूति र त्यसको प्रतिक्रियाबाट यस उपन्यासको वातावरण तयार भएको छ । उपन्यासभित्रका घटना विवरणलाई हेर्दा यो उपन्यासले दुई महिनाजतिको कालावधिलाई समेटेको छ । खास गरी यस उपन्यासमा पात्रको मनोगत भावना, घटना दुर्घटनाबाट उत्पन्न विषाद, भय, त्रासदी, दु:ख, क्षोभ, घृणा, क्रोध आदिबाट वातावरण निर्माण भएको निष्कर्ष प्रस्तुत गर्न सकिन्छ । **हिटलर र यहुदी** जातीय तथा वर्गीय द्वन्द्वमा आधारित घटनाबाट उत्पन्न जर्मनीको हिटलर तानाशाहकालीन युद्ध र त्यसबाट क्षतविक्षत लाखौँ मानिसको वीभत्स संहारको पुन:स्मृतिका रूपमा रचिएको कारुणिक, मानवीय संवेदनायुक्त भावजन्य उपन्यास कृति हो । ऐतिहासिक घटनामा आधारित यस उपन्यासको सम्पूर्ण विषयवस्तुको पृष्ठभूमि तथा मूल प्रसङ्ग नै हिटलर शासकले साठी लाख यहुदी नागरिकलाई ग्यास च्याम्बर भट्टीमा गरेको विभत्स हत्याबाट विकसित हुन पुगेको छ । प्रस्तुत उपन्यास त्यसबाट उत्पन्न मानवीय समस्या अनि विश्व प्रभाव स्वरूप

मानवताको खोजी र दैवी अस्तित्व सम्बन्धी भएको चर्चा गर्दै मानवतावादी सन्देश प्रदान गर्ने दृष्टिले रचिएको छ । यसप्रकार प्रस्तुत उपन्यासमा प्रयुक्त मूल पुरुष पात्रको रूपमा म पात्र अर्थात् लेखक स्वयं आएका छन् । उनी उपन्यासको नायक चरित्र हुन् र उनकै केन्द्रीयतामा उपन्यासले उद्देश्य चुमेको छ ।

(च) **बाबु, आमा र छोरा** उपन्यास सामाजिक परिवेशमा निर्माण भएको छ । यो संस्मरणात्मक उपन्यास हो । यस उपन्यासका मुख्य पुरुष पात्र बाबु, सहायक पात्र छोरा शिवप्रसाद तथा उमाका बाबु, दाजु र भाइले संस्मरण गरेको विषय यहाँ प्रस्तुत छ । यस उपन्यासका पात्रहरूले व्यक्त गरेका धारणाहरूमा आन्तरिक भावगत प्रभावको आधिक्य रहेको हुँदा पात्रहरूका विविध प्रकृतिको चरित्र उपन्यासमा सशक्त भएर प्रस्तुत भएको छ । मूलतः उपन्यासमा प्रेम, विवाह र यौन मानव जीवनको अभिन्न आवश्यकता हो । यसको अभावमा जीवन निराशमय र दुःखदायी बन्दछ । प्रेम जीवनमा चाहेर मात्र हुँदैन, परिस्थिति र संयोगमा भएको प्रेम सम्बन्धमा हाडनातामा पनि कुनै दोष लाग्दैन भन्ने तीतो सामाजिक यथार्थता प्रकट गर्नु बाबु, आमा र छोरा उपन्यासको मूल वैचारिक पक्ष हो ।

प्रस्तुत उपन्यास मूलतः यौन मनोविश्लेषणात्मक छ । पात्रहरूकै मुखबाट उनीहरू स्वयंका अनुभवको वृत्तान्त स्मृतिका रूपमा प्रस्तुत गरिएको हुँदा आफ्नै मनोविश्लेषण सम्बन्धित पात्रहरूले नै गरेका छन् । मूलतः प्रेम र यौन जीवनका जटिल परिस्थितिका कारण मानव मस्तिष्क र हृदयमा उठेका भावनाहरू तथा तिनको विश्लेषण उपन्यासको प्रमुख विषयवस्तु रहेको छ । यद्यपि सामाजिक स्थितिबाट उत्पन्न विसङ्गत परिणतिको मार सबै मुख्य पात्रहरूमाथि परेको छ ।

यसप्रकार उक्त उपन्यासलाई पात्र विधानको सैद्धान्तिक मान्यतानुरूप बाबु, आमा र छोरा उपन्यासमा प्रयुक्त विविध पुरुष पात्रले उपन्यास उद्देश्यमा पुगेको छ । यहाँ संलग्न प्रमुख, सहायक र गौण पुरुष पात्रहरूका यौन मनोविश्लेषणका विविध  रोचक, प्रेमाकर्षक, संवेदनात्मक आदि पक्षहरूको कलात्मक एवम् विशिष्ट प्रस्तुतिका आधारमा विश्लेषण गरी उपन्यासको सार वा निष्कर्षमा पुगिएको छ ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, इन्दिरा (२०५७), **नरेन्द्रदाइ उपन्यासमा औपचारिक पात्र विधान**, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, पद्मकन्या बहुमुखी क्याम्पस, घण्टाघर : काठमाडौँ ।

अधिकारी, शिव (२०५०), **विश्वेश्वरप्रसाद कोइराला : विचार र व्यक्तित्व,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

अब्राम्स, एम.एच. (सन् २०००), **ग्लोसरी अफ लिटरसी टर्म्स**, दिल्ली : प्रिज्म बुक्स प्रा. लि. ।

आप्टे, वामन शिवराम (सन् १९६९), **संस्कृत-हिन्दी कोश**, दोस्रो संस्क., दिल्ली : मोतीलाल बनारसीदास पब्लिसर्स प्रा.लि. ।

आचार्य, जयराज (२०३५), "विश्वेश्वरसँग लिएको मौखिक अन्तर्वार्ताको सारांश", **प्रगति**, पृ. १-५ ।

उपाध्याय, केशवप्रसाद (२०२७), *तीनघुम्तीको परिक्रमा,* **प्रगति**, पूर्णाङ्क १८, पृ. १३-१८ ।

कोइराला, खेमनाथ (२०६२), *साहित्यकार विश्वेश्वरप्रसाद कोइराला,* **सम्प्रेषण,** अङ्क १५, पृ. १० ।

कोइराला, जीवनचन्द्र (सम्पा.) (२०५३), **विश्वेश्वरप्रसाद कोइराला समालोचना र विचारमा,** काठमाडौं : वि.पी. अनुसन्धान तथा सेवा केन्द्र ।

———— (सम्पा.) (२०५३), *उपन्यासकार कोइरालाका उपन्यासमा अस्तित्ववाद,* **विश्वेश्वरप्रसाद कोइराला समालोचना र विचारमा**, काठमाडौं : वि.पी. अनुसन्धान तथा सेवा केन्द्र ।

कोइराला, मनीषा (सम्पा.) (२०५८), **वि.पी. कोइरालाका छरिएका सामग्री,** काठमाडौं : मनीषा कोइराला ।

कोइराला, विश्वेश्वरप्रसाद (२०५०), **मोदिआइन,** ते.सं., ललितपुर : साझा प्रकाशन ।

———— (२०५०), **बाबु आमा र छोरा,** दो.सं., ललितपुर : साझा प्रकाशन ।

———— (२०५१), **सुम्निमा,** चौ.सं. ललितपुर : साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०५७), **हिटलर र यहुदी.** पाँ.सं., ललितपुर : साझा प्रकाशन ।

———————— (२०५८), **तीनघुम्ती,** सा.सं., ललितपुर : साझा प्रकाशन ।

———————— (२०६१), **नरेन्द्र दाइ,** छै.सं., ललितपुर : साझा प्रकाशन ।

खनाल, राजेन्द्र (२०६६), *पहेँलो गुलाफ कथामा लैङ्गिक चेतना,* **सम्प्रेषण-६**, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गिरी, प्रदीप (ई १९८४), **विश्वेश्वरप्रसाद कोइराला एक मूल्याङ्कन,** काठमाडौँ : समता अध्ययन केन्द्र ।

घर्ती, दुर्गाबहादुर (२०६७), **नेपाली मनोविश्लेषणात्मक उपन्यासमा पात्रविधान**, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

चापागाइँ, नरेन्द्र र दधिराज सुवेदी (२०६१), **विश्वेश्वरप्रसाद कोइरालाका साहित्यको समग्र अध्ययन,** विराटनगर : प्रतिभा पुरस्कार प्रतिष्ठान ।

चालिसे, नारायण (२०६९), **पूर्वीय दार्शनिक मान्यतामा कोइरालाका उपन्यास,** दाङ : वि.पी. चिन्तन केन्द्र ।

ढकाल, भूपति 'कमल' (२०५६), **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा विचार पक्ष,** पोखरा : जय नेपाल प्रकाशन ।

———————— (२०५८), **विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासको विश्लेषण**, काठमाडौं : वि.पी. प्रकाशन ।

दाहाल, कृष्णप्रसाद (२०६०), **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा द्वन्द्वविधान,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

दाहाल, दुर्गाप्रसाद (२०६१), **नरेन्द्र दाइ उपन्यासको शैली वैज्ञानिक अध्ययन,** काठमाडौं : सुनकोशी प्रकाशन ।

धराबासी, कृष्ण (२०४०), **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू**, काठमाडौँ : प्रकाशन ।

नेपाल, घनश्याम (२०४४), **आख्यानका कुरा,** सिलगढी : नेपाली साहित्य प्रचार समिति ।

न्यौपाने. टङ्कप्रसाद (२०३८), **साहित्यको रूपरेखा**, काठमाडौँ : साझा प्रकाशन ।

पराजुली, हरि (२०४०), *मलाई जति परेसानी परे पनि पराजयको अनुभव कहिल्यै भएन,* **बरगाछी**, (वि.पि.सँगको अन्तर्वार्ता), अङ्क ८, पृ. ३४-४० ।

पाण्डे, ज्ञानु (२०६०), **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद,** काठमाडौं : नेपाल आख्यान समाज ।

प्रधान, कृष्णचन्द्र सिंह (२०३७), **नेपाली उपन्यास र उपन्यासकारहरू**, ललितपुर : साझा प्रकाशन ।

———— (२०६१), **नेपाली उपन्यास र उपन्यासकार,** चौ.सं., काठमाडौं : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०), **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि**, दार्जिलिङ्ग : दीपा प्रकाशन ।

———— (२०५८), **उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला,** काठमाडौं : आदि प्रकाशन ।

बराल, ऋषिराज (२०४८), **प्रगतिवादी नेपाली उपन्यासका मूल प्रवृत्ति**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, कीर्तिपुर : मानविकी तथा सामाजिकशास्त्र सङ्काय ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** दो.सं., ललितपुर : साझा प्रकाशन ।

भट्टराई, ध्रुव (२०५५), *नेपाली नरेन्द्रदाइ उपन्यासको केन्द्रीय विषयवस्तु,* **वाङ्मय समालोचना,** सं. शैलेन्दुप्रकाश नेपाल, काठमाडौं : देवकोटा वाङ्मय प्रतिष्ठान, पृ. १२५ ।

भण्डारी, पारसमणि र अन्य (२०६६), **नेपाली गद्य र नाटक**, भोटाहिटी : विद्यार्थी पुस्तक भण्डार ।

राई, इन्द्रबहादुर (२०३१), **नेपाली उपन्यासका आधारहरू,** दार्जिलिङ : नेपाली साहित्य परिषद् ।

शर्मा, तारानाथ (२०५६), **नेपाली साहित्यको इतिहास**, काठमाडौं : अक्षर प्रकाशन ।

शर्मा, मोहनराज (२०५५), **समकालीन समालोचना : सिद्धान्त र प्रयोग**, काठमाडौं : ने.रा.प्र.प्र. ।

———————— (२०५६), **नेपाली साहित्यको इतिहास**, ललितपुर : साझा प्रकाशन ।

शर्मा, विष्णुकुमारी (२०४९), **नारी मनोविज्ञान तथा अस्तित्ववादको सन्दर्भमा विश्वेश्वरप्रसाद कोइरालाको साहित्य**, वाराणसी : सयपत्री प्रकाशन ।

शर्मा, शारदा (२०४९), **उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका नारीपात्र तथा तिनको दृष्टिकोण र आकाङ्क्षा**, अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

———————— (२०५३), **विश्वेश्वरप्रसाद कोइरालाका नारी पात्र,** काठमाडौं : रुमु प्रकाशन ।

श्रेष्ठ, तिलमाया (२०६७), **तीनघुम्ती उपन्यासको लैङ्गिक अध्ययन**, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

सापकोटा, कृष्णप्रसाद (२०७१), *तीनघुम्ती उपन्यासको सांस्कृतिक अध्ययन,* **रजस्थल,** विश्वेश्वरप्रसाद कोइराला विशेषाङ्क, पूर्णाङ्क १५, पृ. ५५-६० ।

सुवेदी, दधिराज (२०४०), *विश्वेश्वरप्रसाद कोइराला स्मृतिग्रन्थ,* **बरगाछी**, पूर्णाङ्क ८, पृ. १६-१७ ।

सुवेदी, राजेन्द्र (२०६४), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** दो.सं., वाराणसी : भूमिका प्रकाशन ।